
# लेखापरीक्षण प्रतिवेदन

# मिक्लाजुङ गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मिक्लाजुङ गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/77

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर।

**कैफियतसहितको राय**

हामीले **मिक्लाजुङ गाउँपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड ४० लाख ८७ हजार, एकिकृत स्वास्थ्य सुधार कार्यक्रमको रु. १८ लाख समेत गरी रु.१० करोड ५८ लाख ८७ हजार समावेश गरेको छैन।

२. गाउँ पालिकाको रु. १ अर्व २५ करोड २० लाख, ९६ हजार लेखापरीक्षण गरिएकोमा रू.६ करोड २६ लाख ८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.४ लाखको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.३७ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ९८ लाख ३६ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७४ लाख ९ हजार र पेस्की बाँकी रु.१२ लाख ३ हजार रहेको छ। गत वर्षसम्म रु.३६ करोड ७१ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४२ करोड ६७ लाख ६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **मिक्लाजुङ गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँ पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **मिक्लाजुङ गाउँपालि**का व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १११ | १६० | ६,२६,०८,०९६ | ० | १० | ३,९९,७१० | ० | १११ | १५० | ६,२२,०८,३८४ | ३७,६०,५४२ | २,७४,०८,८१६ | २,९८,३६,०२८ | ० | ० | ५,७२,४४,८४४ | १२,०३,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाँचथर | ३६,७१,१३,००० | ० | २६,१५,६३४ | ३६,४४,९७,३६६ | 0 | ६,२२,०८,३८४ | ४२,६७,०५,७५० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४९ | वढि भुक्तानी | २,१९,३६५ |
| २ | २०७९/८० | ३९.१ | प्रशासनिक भवन निर्माण | २३,८९,२२४ |
| ३ | २०७९/८० | ५४ | पारिश्रमिक आयकर | ३,०४५ |
| ४ | २०७९/८० | ५३ | थप बीमा | ४,००० |
| ५ | २०८०/८१ | ११४ | पोशाक भत्ताः | १०,००० |
| ६ | २०८०/८१ | ५८ | तालिम खर्चः | १९,२१० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ७६ | जिन्सी दाखिलाः | ३,३४,५०० |
| ८ | २०८०/८१ | ३० | यातायात खर्च बढी भुक्तानीः | ३६,००० |
| जम्मा | | | | ३०,१५,३४४ |

# (८०१०२५०५३०० - मिक्लाजुङ गाउँपालिका, पाँचथर )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीयतहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न २०७३ मा मिक्लाजुङ्ग गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो। १ नं. प्रदेशको पाँचथर जिल्लामा रहेको मिक्लाजुङ्ग गाउँपालिकाको क्षेत्रफल १६६.६१ वर्गकिलोमिटर, जनसंख्या २१३२८ र वडा संख्या ८ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।२१ देखि २०८१ ।०५।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१,२५,२०,९६,१७७.३८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.**१,३०,४११.४१** असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा फर्ता रकम मिति २०८१।०५।२१ र २०८१।०५।०२ कृषि विकास बैक लि. मा दाखिला भएको छ। | ५५०३९.४१ |
| २ | पारिश्रमिक कर कृषि विकास बैक लि | १०३४७ |
| ३ | दैनिक भ्रमण भत्ता बढी भुक्तानी असुल भई दाखिला | १८४२५ |
| ४ | पारिश्रमिक कर | १०००० |
| ५ | सुमन यड्या सहित विभिन्न पाँच जनाको बैठक भत्ता बापतको बढी भुक्तानि रकम असुल गरी बैक दाखिला | ३६,६०० |
| | **जम्मा** | **१,३०,४११.४१** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,४०,८६,८१२।-, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१८,००,०००।-, समेत गरी रु.१०,५८,८६,८१२।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणस पूर्ण नहुँदा पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले (म.ले.प.फा.नं २७०-०१) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | म.ले.प.फा. नं २७०-०१

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८९,००५,७६३.९५ | ० | ८९,००५,७६३.९५ | ८०,६२७,७९८.३८ | ० | ८०,६२७,७९८.३८ |
| १३००० | अनुदान | | ४१७,०४४,९३१.४५ | ० | ४१७,०४४,९३१.४५ | ५०९,६३४,५५६.०० | ० | ५०९,६३४,५५६.०० |
| १४००० | अन्य राजस्व | | २,३९३,३१८.४२ | ० | २,३९३,३१८.४२ | २,९४६,८७१.७७ | ० | २,९४६,८७१.७७ |
| १५००० | विविध प्राप्ति | | ३९०,५१०.०० | ० | ३९०,५१०.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ५०८,८३४,५२३.८२ | | ५०८,८३४,५२३.८२ | ५९३,२०९,२२६.१५ | | ५९३,२०९,२२६.१५ |
| ३ | चालु | | ३७४,३९१,४२२.७९ | ० | ३७४,३९१,४२२.७९ | ३५२,९५६,६१६.४६ | ० | ३५२,९५६,६१६.४६ |
| २१००० | पारिश्रमिक / सुविधा | | २४१,४५०,९२५.७३ | ० | २४१,४५०,९२५.७३ | ११६,३२८,२०९.२६ | ० | ११६,३२८,२०९.२६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १११,२२९,७२४.९६ | ० | १११,२२९,७२४.९६ | ९७,७२९,१९६.५० | ० | ९७,७२९,१९६.५० |
| २५००० | सहायता (Subsidy) | | ९२०,२९०.०० | ० | ९२०,२९०.०० | ११५,३७७,०६०.३० | ० | ११५,३७७,०६०.३० |
| २६००० | अनुदान | | ० | ० | ० | १७,२९८,०१०.५० | ० | १७,२९८,०१०.५० |
| २७००० | सामाजिक सुरक्षा | | ९१९,९३८.०० | ० | ९१९,९३८.०० | ३,८२०,५८२.०० | ० | ३,८२०,५८२.०० |
| २८००० | अन्य खर्च | | १९,८७०,५४४.१० | ० | १९,८७०,५४४.१० | २,४०३,५५७.९० | ० | २,४०३,५५७.९० |
| ४ | पूंजीगत | | १५३,४४५,४८३.५३ | ० | १५३,४४५,४८३.५३ | २४२,४१४,९५४.०० | ० | २४२,४१४,९५४.०० |
| ३१११० | भवन तथा संरचना | | ८,९६५,६२१.०० | ० | ८,९६५,६२१.०० | १३,०८३,६७८.०० | ० | १३,०८३,६७८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २,८६८,९४२.०० | ० | २,८६८,९४२.०० | ५,८९९,३८४.०० | ० | ५,८९९,३८४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १०,५५३,५०६.०० | ० | १०,५५३,५०६.०० | १८,९१९,१९२.०० | ० | १८,९१९,१९२.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १३०,७५९,९१४.५३ | ० | १३०,७५९,९१४.५३ | २०३,५४९,२००.०० | ० | २०३,५४९,२००.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | २९७,५००.०० | ० | २९७,५००.०० | ९६३,५००.०० | ० | ९६३,५००.०० |
| ख) | कुल जम्मा | | ५२७,८३६,९०६.३२ | | ५२७,८३६,९०६.३२ | ५९५,३७१,५७०.४६ | | ५९५,३७१,५७०.४६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भुक्तानी | | | | | | | |
| ग) | बचत /कमी (ग = क-ख ) | | -१९,००२,३८२.५० | | -१९,००२,३८२.५० | -२,१६२,३४४.३१ | | -२,१६२,३४४.३१ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | -३,६५१,१२३.१८ | | -३,६५१,१२३.१८ | १०,२३०,०२८.४० | | १०,२३०,०२८.४० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -४०३,६८५.०० | | -४०३,६८५.०० | -४०,८८६.०० | | -४०,८८६.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -२२,६५३,५०५.६८ | | -२२,६५३,५०५.६८ | ८,०६७,६८४.०९ | | ८,०६७,६८४.०९ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४९,२४०,८६३.५० | | ४९,२४०,८६३.५० | ४१,१७३,१७९.४१ | | ४१,१७३,१७९.४१ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २६,५८७,३५७.८२ | | २६,५८७,३५७.८२ | ४९,२४०,८६३.५० | | ४९,२४०,८६३.५० |

२.१ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसार रु.२,६५,८७,३५७।८२ र दायित्व बाँकी रु.४,०३,६८५।– समेत श्रेस्ता अनुसार रु.२,६९,९१,०४२।८२ र बैङ्क मौज्दात अनुसार रु.२,६९,९१,०४२।८२ देखिएतापनि पनि विविध खर्च खाता तर्फ रु. १५,३२,००।- श्रेस्ता भन्दा बैक घटी देखिएको र स्थानीय तह विविध कोष खातामा श्रेस्ता भन्दा रु.१,५३,२००।- बैंक बढी देखिएको छ । पालिकाले सबै खाताको हिसाब मिलान गर्ने गरी म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | श्रेस्ताअनुसार | वैङ्क अनुसार फरक | फरक |
|---|---|---|---|
| विविध खर्च खाता | ६८१९०९.७९ | ५२८७०९.७९ | -१५३२०० |
| स्थानीय तह धरौटी खाता | १६३०११६९.१८ | १६३०११६९.१८ | ० |
| स्थानीय तह सञ्चित कोष खाता | ९६४९९४५.८५ | ९६४९९४५.८५ | ० |
| स्थानीय तह विविध कोष खाता | ३४८८७७. | ५०२०७७. | १५३२०० |
| स्थानीय तह आकस्मिक कोष खाता | ६८८०. | ६८८०. | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २२६१. | २२६१. | ० |
| जम्मा | २६९९१०४२.८२ | २६९९१०४२.८२ | ० |

२.२ **फरक जिम्मेवारीः**– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । पालिकाले आफ्नो कारोबारको जिम्मेवारी गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ४,९२,४४,६७०।५० मौज्दात रहेकोमा म. ले. प. फारम नं. २७०-०१ बमोजिम रु.४,९२,४०,८६३।५जिम्मेवारी सारेकोले रु ३,८०७ घटी जिम्मेवारी सारेको देखियो। उक्त घटी जिम्मेवारी सम्बन्धमा हिसाब मिलान गरी प्रमाण पेश गर्नुपर्ने रु...

| सि. न ( १ ) | लेखापरीक्षण प्रतिवेदन अनुसार | वित्तीय प्रतिवेदन अनुसार २७०- ०१ देखिएको जिम्मेबारी ( ३ ) | वित्तीय प्रतिवेदन अनुसार २७०- ०१ अनुसार सारेको जिम्मेबारी ( ४ ) | लेखापरीक्षण प्रतिवेदनको तुलनामा फरक जिम्मेबारी |
|---|---|---|---|---|
| | -२ | | | जिम्मेबारी ( ५ = २ - ४ ) |
| गत वर्षको जिम्मेवारी | ४, ९२ , ४४ , ६७०।५० | ४,९२, ४०, ८६३।५० | ४,९२, ४०, ८६३।५० | ३,८०७ ( घटी जिम्मेबारी ) |

| प्रमाण पेश नगरेको | ३,८०७ |
|---|---|

२.३ **भुक्तानी दायित्व**- पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २०७) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.४,०३,६८५.०० देखिएको छ। पालिकाले विनियोजन तथा कोषतर्फ कट्टा गरी दाखिला गर्न वाँकी रहेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु..

| क्र.सं. | संकेत | शीर्षक | बजेट | डेबिट | क्रेडिट | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | २०१३ | धरौटी कट्टी | ० | १९,४३,६०१.०० | २०,७१,४०१.०० | (१,२७,८००.००) |
| २ | २०५२ | वेरुजु | ० | ४,९६,५६५.०० | ६,३५,१६५.०० | (१,३८,६००.००) |
| ३ | ११९२३ | अग्रिम कर, प्रा.लि - 11123 | ० | १५,६३,६४७.०० | १६,०१,९८७.०० | -३८३४० |
| ४ | ३३३१४ | मू. अ. कर - परामर्श तथा ठेक्का - 33314 | ० | १५,७८,१२८.०० | १६,७७,०७३.०० | -९८९४५ |
| जम्मा | | | | | | (४,०३,६८५.००) |

| प्रमाण पेश नगरेको | ४,०३,६८५ |
|---|---|

३ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष देहाय बमोजिमका अनुदानमा देहाय बमोजिमको निकासा प्राप्त गरेकोमा खर्च नभई वाँकी रहेको रकम सोही वर्षमा फिर्ता गरेको देखिन्छ । पालिकाले अनुदान रकमको अधिकतम उपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २९५५१६९७५ | २६५६८९७२७।५ | २९८२७२४७।५ | ० |
| | समपुरक | २०००००००० | १८२५३६२१ | १७४६३७९ | ० |
| | विशेष | १३१००००० | १३०७६६२७ | २३३७३ | |
| प्रदेश सकार | शसर्त | १५६४५००० | १३५५९९८५ | २०८५०१५ | ० |
| | समपुरक | १०००००००० | ७६१९९७१ | २३८००२९ | ० |
| जम्मा | | ३५४२६१९७५ | ३१८१९९९३१।५ | ३६०६२०४३।७ | ० |

४ **आन्तरिक नियन्त्रण प्रणालीः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

४.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही वेहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अधावधिक गर्नुपर्ने सो गरेको पाईएन,

• गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तथा मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम वार्षिक खरिद योजना तयार गरेको भएतापनी खरिदको गुरु योजना तयार गरेको देखिएन,

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,

• सञ्चालित योजनाको फरफारक गर्दा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण तयार गरी सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो,

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण शुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्नेमा लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविधि खर्च गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गरेको छैन,

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,

• म.ले.प.फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक भएको देखिएन,

• म.ले.प.फारम ८०१ बेरुजु लगत तथा ८०२ अनुसार बेरुजुको प्रतिवेदन तयार गरेको पाईएन,

• सम्पुर्ण योजनाको नापी किताव रनिङ्ग विल अनुसार छुट्टाछुट्टै राखेको अद्यावधिक नापी किताव तयार गरेको देखिएन,

• उपभोक्ता समिति मार्फत संचालित अधिकांश योजनाको नापी किताव तथा कार्य स्वीकार प्रतिवेदनमा उपभोक्ता समितिको सही र छाप लगाएको देखिएन,

• अधिकांश सामाग्री खरिदको सार्वजनिक खरिद नियमावलीको नियम ११५ बमोजिमको निरीक्षण तथा परीक्षण गरेको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने बेहोरा गत विगत वर्षमा समेत औँल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ **आन्तरिक लेखापरीक्षणः**स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०८०।८१ आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। पालिकामा आन्तरिक लेखापरीक्षकका लागि सहायक पाँचौ स्तरको १ दरवन्दी रहेको देखिएको तर पदपूर्ति नभएकोले प्रदेश लोक सेवा आयोगमा माग गरी कानुनमा भएको व्यवस्था बमोजिम नै आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ।

४.३ **बेरुजु लगतः** पालिकाले बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरीएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको म.ले.प. फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ।

- म. ले. प. फारम ८०१ – बेरुजु लगत राखेको देखिएन ।
- म. ले. प. फारम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।
- म. ले. प. फारम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन ।

म. ले. प. फाराम अद्यावधिक नहुँदा वेरुजुको वास्तविक अवस्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

४.४ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको देखिएन।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

४.५ **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय

समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको राजस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक संस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरी सम्झौता गरेको देखियो। यसबाट पालिकाको आन्तरिक आय लेखाङ्कनका सम्बन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले संकलन केन्द्रबाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत नगरपालिकाको पहुँच हुनेगरी सुधार गर्नुपर्दछ ।
- सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरीटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित वेहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्बन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।
- प्रणाली फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने असल अभ्यास रहेको छ । पालिकाले यस सम्बन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकायलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको जानकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

४.६ **धरौटी अभिलेख** : पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटीको अभिलेख कार्य सम्पन्न भएपछि फिर्ता गर्नुपर्दछ । पालिकाले गत विगत देखि सुत्र प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिएको धरौटीको अभिलेख अद्यावधिक भएपनि सुत्र सफ्टवेयर लागु हुनुभन्दा अघिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटी वास्तविक अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तीय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन । धरौटीको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५ **खरिद अभिलेख:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नुपर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरुसिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी ग◌ोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड ३१ लाख ८० हजार पूँजीगत खर्चवाट खरिद तथा

निर्माण कार्य गरेको छ। तर पालिकाले खरिद नियमावली बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

७ **सेवाप्रवाह विवरण:**

पालिकाले सेवा प्रवाहलाई तुस्त दुरुस्त र सेवा ग्राहिमैत्री बनाउनुपर्दछ। यस वर्ष पालिकाबाट ८०५ जन्मदर्ता र मृत्युदर्ता, ४२६ वटा नाता प्रमाणित, ७२७ नगरीकता सिफारिस दर्ता, २३६ वटा घरवाटो सिफारिस र २३६२ अन्य सिफारिस भएको विवरण प्राप्त भएको छ । पालिकाबाट प्रदान गरीने सेवा प्रवाहलाई विद्युतीय माध्यमबाट समेत प्रवाह गरी थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

८ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले कार्य दक्षता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाले यो वर्ष पूँजीगततर्फ रु.१८ करोड १३ लाख विनियोजन गरेकोमा रु.१५करोड ३१ लाख अर्थात ८४.४४ प्रतिशत खर्च गरेको देखियो। स्वीकृत कार्यक्रममध्ये संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त विनियोजित विभिन्न कार्यक्रमहरु पूर्ण रुपले कार्यान्वियन हुन नसकी बजेट फ्रिज भएको छ । अनुसूचीमा उल्लेख भए बमोजिमविभिन्न योजना तथा कार्यक्रमहरुमा शून्य प्रगति रहेको छ । कार्यालयले कार्य योजना तयार गरी बजेटको प्रभावकारी कार्यान्वियनमा जोड दिनुपर्दछ ।

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | लक्ष | इकाई | विनियोजन | खर्च |
|---|---|---|---|---|
| चौतारेनी कुलो सिचाइ योजना | ४ | पटक | ३३४५२० | ० |
| धुँवा खोला सिंचाइ योजना | ४ | पटक | ६८९१६ | ० |
| ठुलो कुलो सिँचाई आयोजना सराङडाँडा | ४ | पटक | ९५२०२० | ० |
| वडा कार्यालय भवन निर्माण(वडा नं. २ र ४) | ४ | पटक | ८००००० | ० |
| प्रशासकिय आवासिय भवन | ४ | पटक | २७०००००० | ० |
| फाल्गुनन्द पार्क निर्माण निरन्तरता | ४ | पटक | ५००००० | ० |
| दुर्गा मा वि शौचालय मर्मत | ४ | पटक | १, ०० , ०००.०० | ० |

९ **बजेट तथा कार्यक्रमः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

९.१ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट कार्यान्वियन बर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख

प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७८०।०३।१० गते रु. ५७ करोड १० लाख ९० हजार ४ सय बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेकोछ ।

९.४ **रकमान्तर** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २० मा ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पुँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शीर्षकगत रुपमा एकमुष्ट रु.६,२९,९८,०००।. रकमान्तर गरेको छ । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

९.५ **त्रैमासिक खर्च**: आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

| बजेट शीर्षक | कुल खर्च | त्रैमासिक खर्च ( रकम रु . हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजीगत खर्च | १५३४४५ | ८४५ | १७११७ | ३२३५३ | १०३१३० | ६१६२२ |
| खर्च प्रतिशत | १०० | ०.५५ | ११.१५ | २१.०८ | ६७.२ | ४०.१५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु १५ करोड ३४ लाख ४५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा ०.५५ प्रतिशत, दोश्रो त्रैमासिकमा ११.१५ प्रतिशत, तेश्रो त्रैमासिकमा २१.०८ प्रतिशत र चौथो त्रैमासिकमा ६७.२० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ४०.१५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि. नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२०३७३१२० | १०३४५२०९९ | १९.५९ |
| २ | सामाजिक विकास | ३२१५११४४० | २८९८१७९३८ | ५४.९ |
| ३ | पूर्वाधार विकास | ६०६१७१८४ | ५०७७११३२.१८ | ९.६१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २७६१००० | २६९९००० | ०.५१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९१३१४५०७.२ | ८१०९६७३६.३४ | १५.३६ |
| कुल जम्मा | | ५९६५७७२५१.२ | ५२७८३६७३६.३४ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५४.९० प्रतिशत पूवाधार विकासमा ९.६१ प्रतिशत, आर्थिक विकासमा १९.५९ प्रतिशत त्यस्तै सबै भन्दा कम सेवा प्रवाह र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ०.५१ प्रतिशत रहेको छ। सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

९.७ **योजना प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १०७ | ४५ | ३१ | १६ | २३ | २२२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २२२ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ८२.४३ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनुपर्दछ ।

## १० सम्पत्ति उपयोग र संरक्षणः

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

१०.१ **सम्पत्ति संरक्षण** : गरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन। साविक गा.वि.स. बाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिन्छ ।

१०.२ **मर्मत संभार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ । पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन । सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नुपर्दछ ।

१०.३ **जिन्सी अभिलेखिकरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको

देखिएन। अभिलेखको अभावमा खरिद भएका तथा हस्तान्तरण भई आएको सम्पत्ति र सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन। अभिलेख प्रणालिमा सुधार गर्दै तत्काल जिन्सी निरिक्षण गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

११ **कानुन र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म वटा ९ ऐन, ३ वटा नियमावली, २६ वटा कार्यविधि १ निर्देशिका गरी जम्मा ३९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानुन निर्माण गरीलागु गर्नुपर्दछ ।

१२ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष दर्ता भएको ९ मध्ये ६ वटा फर्स्योट भई ३ वटा फर्स्योट गर्न बाँकी देखिन्छ । पालिकाले तोकिएको समयमै उजुरी फर्स्योट गरी प्रभावकारी न्याय सम्पादमा ध्यान दिनुपर्दछ ।

१३ **राजस्व व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

१३.१ **राजस्व लक्ष्य असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| राजस्व संकेत | विवरण | लक्ष्य | असुली |
|---|---|---|---|
| ११३१३ | सम्पती कर | ६, ३३ , ०००.०० | १८४१५० |
| ११३१४ | भुमिकर/मालपोत | ११, ०० , ०००.०० | १५७०९७२.६१ |
| ११३१७ | वहाल कर | ३, ५० , ०००.०० | ५१९००८.९ |
| ११३१८ | वहाल विटौरी कर | ० | २२७२०० |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ४०८१५६ |
| ११६९१ | अन्य कर | ० | ६७५६१३.३१ |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ६, ३७ , ०००.०० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ४, ०० , ०००.०० | ५३०० |
| १४२२१ | न्यायिक दस्तूर | ५,०००.०० | २०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | १२२००० |
| १४२२४ | परीक्षा शुल्क | ६००० | १४९५० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३००००० | ४४००० |
| १४२४२ | नक्सापास दस्तुर | ५००००० | ७१३१४.९६ |
| १४२४३ | सिफारिश दस्तुर | ५५०००० | ११५६५०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | ३६९३०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ७०००० | १५५१५० |
| १४२४९ | अन्य दस्तुर | १५०००० | २७९५३५.८३ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १३०४५१.२५ |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | २६००० |
| १४५२९ | अन्य राजस्व | ० | ३६०० |
| १४६११ | व्यवसाय कर | १००००० | ७५७० |
| १५१११ | बेरूजू | ५०००० | ३९०५१० |
| | जम्मा | ५०५१००० | ६३६१४८२.८६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१३.२ **आन्तरिक आयः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५७४२३३४९६ | ६३६१४८२.८६ | १.११ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट(संघीय वित्तीय सामानिकरण र राजस्व बाँडफाँड) भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.११ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३.३ **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शीर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प. फा. नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

१३.४ **स्थानीय तहरूको विभाज्य कोष**– प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाँड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैन। जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुँदा बिभाज्यकोषको बारेमा यकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषमा राजस्व जम्मा गरी ऐनमा भएको व्यवस्था अनुरुप रकम बाँडफाँड गर्नुपर्दछ ।

१३.५ **राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला गरेको देखिएन । पालिकाले नियमानुसार समयमै राजस्व दाखिला गर्ने/गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१३.६ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउनेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नुपर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नु पर्दछ ।

**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन न्यून रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले

महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

**राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानुनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार समितिको कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

**विज्ञापन करः** प्रदेश आर्थिक ऐन, २०८० को दफा दफा १० मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रि गरिएको बिज्ञापनमा स्थानिय तहले निर्धारण गरे बमोजिम पालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर यकिन गरी असुल गर्नुपर्दछ ।

## १४ कर्मचारी करारः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४६ जना कर्मचारीहरु करारमा राखि रु.१६३४४७६५.०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक पदमा२५ जना करार नियुक्ति गरी वर्षभरि रु. १,०१,०७,१३५।०० खर्च लेखेको छ। पालिकाले स्थाई पदपूर्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## १५ तलवी प्रतिवेदनः

निजामति सेवा ऐन २०४९ को दफा (७) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी रु १,५१,९२,२१२।- भुक्तानी भएको छ।यसरी तलबी प्रतिवेदन पारित नगरि तलब भत्ता भुक्तानी गर्दा तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

## १६ कर्मचारी कल्याण कोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ प्रचलनमा आए पनि हालसम्म पनि पालिकामा कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गर्नुपर्नेमा सो नगरी एकमुष्ट रुपमा रु.२०,००,०००.०० ट्रान्सफर गरेको देखिन्छ। पालिकाले कानुन अनुसार उपदानकोष तयार गरी दीर्घकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नुपर्दछ।

१७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले कार्यविधि नै बनाई गाउँकार्यपालिकाको निर्णयको आधारमा विभिन्न १६२ विपन्न तथा असहाय ब्यक्तिहरु, रोग पडितहरु तथा आर्थिक रुपले विपन्नलाई आर्थिक सहायतामा रु ३०,७८,०००।- खर्च लेखेको छ। यसरी पालिकालाई दीर्घकालिनरुपमा भार पर्ने यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१८ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फरु. १४०८९४५.०० खर्च गरेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नु पर्नेमा सो गरेको देखिएन । जस्ले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नुका साथै खाना/खाजा खर्चको प्रयोजन खुल्ने गरी खर्च लेख्नु पर्दछ।

१९ **अनुगमन तथा भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष दैनिक भ्रमण भत्ता र अनुगमन तथा मूल्याङ्कन कार्यमा रु. ३३,६६,१०४.०० खर्च गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका बेहोराहरु देहायमा उल्लेख छ ।

- विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन,
- अधिकांश भ्रमण खर्चमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन। भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन। उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट वेहोरा देखिने गरी अभिलेख राखेको छैन। यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मूल्याङ्कन गर्न सक्ने देखिएन। साथै भ्रमणबाट निर्धारित उद्देश्य प्राप्त भए नभएको, खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन। पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ,
- अधिकांश भ्रमण स्पष्ट प्रयोजन तथा उद्देश्य बेगर रहेको तथा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन,
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,
- स्पष्ट प्रयोजन बेगर पालिका अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

२० **सवारी मर्मत खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले सवारी साधन मर्मतमा र मेशिनरी औजार मर्मतमा यस वर्ष रु.४६,१६,४४१.०० (कन्टेन्जेन्सीबाहेक) खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र मर्मत आवेदन म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ अद्यावधिक गरेको छैन। सबै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन। यसवाट यस्ता साधन

विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मूल्य लेखाङ्कन गर्न समस्या हुने देखिएकोले । अभिलेख अद्यावधिक गर्दै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२१ **इन्धन खर्चः**

कोशि प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्थाछ। पालिकाले यो बर्ष इन्धनमा जम्मा रु.१९,५५,०६३।– (कन्टेन्जेन्सी खर्च बाहेक) खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२२ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ३०,३६,५८४.०० खर्च गरेको छ । यस्तो खर्च लेख्दा कार्यादेश दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट वा पालिकाको वेव साईट मार्फत सूचना प्रकाशन गरी यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२३ **विज्ञापन वोर्ड कोष खाता कट्टीः**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

२४ **बैठक भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकालेयस कर्मचारी बैठक भत्तामा रु ५७८९८०।- र पदाधिकारी बैठक भत्ता पदाधिकारी पारिश्रमिक बाट समेत खर्च गरेको छ। पालिकाले विशेष कामको लागि बैठक बसी बैठक भत्ता खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

२५ **मसलन्द तथा कार्यालय सामग्री खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शीषर्कमा यस वर्ष रु. ५५,२०,५७४.०० खर्च गरेको छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ट विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही गर्नेतर्फ पालिकाले अविलम्बन ध्यान दिन जरुरी देखिन्छ। पटक पटक टुक्रा गरी खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ।

२६ **ब्याक्होलोडर संचालन खर्च र आम्दानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने जिम्मेवार व्यक्तिले खर्चको उच्च प्रतिफल प्राप्त हुनेगरी मितव्ययी ढंगले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकामा रहेको ब्याक्हो लोडर, ट्याक्टर मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु. १७,४८,०४२।०० खर्च गरेकोमा उक्त मेसिन भाडामा लगाएबापत पालिकाद्धारा संचालित योजनामा समेत यसको प्रयोग भई के कति रकम बचत भयो सोको अभिलेख समेत राखेको पाईएन। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरी प्रयोग गर्नुपर्दछ।

| साधन | ईन्धन | मर्मत | चालक | जम्मा रकम | आम्दानी |
|---|---|---|---|---|---|
| ब्याकहो लोडर | ३१९२०० | ३६७५८९ | ४००००० | १०८६७८९ | अभिलेख नराखेको |
| ट्र्याकटर | १५६४५० | १७३७०३ | ३३११०० | ६६१२५३ | अभिलेख नराखेको |
| जम्मा | | | | १७४८०४२ | |

२७ **गा पा अध्यक्षको यातायात सुविधाः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनूसुची १(क) अनुसार कार्यालयबाट सवारी सुविधा नपाएको अवस्थामा अनूसुची १ बमोजिमको यातायात सुविधा मासिक रुपमा उपलब्ध गराउने उल्लेख छ। गाउँपालिका अध्यक्ष अमरराज माखिमले वर्ष भरी पालिकाबाट १११६.५ लिटर ईन्धन र सवारी मर्मत बापत रु. २,२९,५००।- भुक्तानी लिएको देखिएतापनि पालिकाबाट मासिक रुपमा रु. १०,०००।- का दरले ६ महिनाको यातायात बापत रु. ६०,०००।– भुक्तानी भएकोले यातायात वापत दोहोरो भुक्तानी भएको रु. ६०,०००।- असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

२८ **पदाधिकारी भ्रमणः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ मा पदाधिकारीहरुले सरकारी कामको सिलसिलामा आफ्नो पालिकाको भुगोल बाहिर जानु पर्ने भएमा अनूसुची १(क) अनुसार दैनिक भ्रमण भत्ता पाउने उल्लेख छ । पालिकाले गो. भौ. नं. मिति ४३-२०८१।३।१८ बाट पालिकाको भुगोलभित्र शिक्षा क्षेत्रको अनुगमन गरेको भनि निम्न पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी दिएको छ। यसरी ऐन विपरित आफु निर्वाचित भएको क्षेत्रमा अनुगमन गरी भुक्तानी लिएको भ्रमण भत्ता असुल गर्नुपर्दछ।

| सि. नं. | नाम | भ्रमण स्थान | भ्रमण मिति | रकम |
|---|---|---|---|---|
| १ | अमरराज माखिम<br>अध्यक्ष | वडा नं १ देखि ८ सम्म | २०८०।१२।७। देखी १५ सम्म | १०००० |
| २ | अविसन लावती | वडा नं १ देखि ८ सम्म | २०८०।१२।७। देखी १५ सम्म | १०००० |
| | जम्मा | | | २०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

२९ **आवास खर्चः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार पादाधिकारीहरुलाई मासिक रुपमा अनुसूचि १(क) मा उल्लेख भए अनुसार सुविधा पाउने उल्लेख छ । जस अनुसार पदाधिकारीलाई घर भाडा बापत भुक्तानी दिन मिल्ने देखिदैन । तर पालिकाले गाउँपालिका उपाध्यक्ष सन्त कुमार शेर्माको अवासको लागि मिति २०८० माघ १ देखी लागु हुनेगरि अर्धवार्षिक रु. ३६,०००।०० घर भाडामा खर्च लेखेकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

३० **यातायात खर्च बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **बढी भुक्तानीः**

कोशि प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनूसुची १(क) अनुसार वडा अध्यक्षलाई यातायात खर्च वापत मासिक रु. ४०००।- भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले वडा नं. २ का वडा अध्यक्ष महेन्द्र थापालाई श्रावण, भाद्र र असोजको महिनाको यातायात छुट भएको भनि कार्तिक, मंसिर र पौष महिनाको पदाधिकारी सुविधा भुक्तानी गर्दा मासिक रु. ४,०००।- का दरले ६ महिनाको जम्मा रु. २४,०००।- भुक्तानी गर्नुपर्नेमा रु. ७२,०००।- भुक्तानी भएकोले रु. ४८,०००।- बढी भुक्तानी भएको छ। यसरी अनूसुचीमा तोकिएको भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,००० |

३२ **निश्चित संस्थाको लागि बजेट व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। पालिकाले निम्न संस्थाको नाममा बजेट विनियोजन गरी भुक्तानी दिएको छ। यसरी आफ्नो कार्य क्षेत्रभित्र नपर्ने अन्य संस्थाको नाममा बजेट विनियोजन गरी भुक्तानी दिनु मनासिव देखिएन ।

| भौ. नं. मिति | प्रयोजन | संस्था | खर्च रकम |
|---|---|---|---|
| ३१३-०८०।८।१० | विपद् संकटा सन्नता क्षमता विश्लेषण गोष्ठी | नेपाल रेडक्रस सोसाईटी फिदीम | १५०००० |
| ५७७-८०१।२।३१ | सूचना प्रकाशन | रवी मेडीया प्रा. लि . | २००००० |
| २६२-०८०।९।२२ | सूचना प्रकाशन | रवी मेडीया प्रा. लि . | ३००००० |

३३ **गैर सरकारी संस्थाबाट कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी सांस्था बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ ।त्यसैगरी सार्वजनिक खर्च नियमावली, २०६४ को नियम ९९ मा सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका

कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैर सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैर सरकारी संस्था मार्फत गराएको । गै.स.स. ले गरेको निम्नानुसारको काममा मितव्ययिता नभएको, तालिम संचालनको नर्म्स पालना नभएको, आफ्नो मूल्य अभिबृद्धि विजक जारी नगरेको जस्ता बेहोराहरु देखिएका छन्। गैर सरकारी संस्थाबाट काम गराउदा खरिद प्रक्रिया पुरा गरी मात्र कार्य गर्नुपर्ने देखिन्छ ।

| गौ न मिति | कार्यक्रम | सस्थाको नाम | रकम |
|---|---|---|---|
| ५३२-०८१।२।५ | आदिबासी जनजाती कार्यक्रम | आदिबासी जनजाती महासंघ | १००००० |
| ५०१-०८१।१।१२ | आदिबासी जनजाती कार्यक्रम | आदिबासी जनजाती महासंघ | २५०००० |
| ६४१-०८१।३।१७ | आदिबासी जनजाती कार्यक्रम | आदिबासी जनजाती महासंघ | ५०००० |
| ५४५-०८१।२।२२ | आदिबासी जनजाती कार्यक्रम | किरात राई यायोक्सा गाँउ कार्यसमिति रवि | ७०००० |
| ५९५-०८१।३।८ | सास्कृति विकास | बालन संगिनि सिलोक सास्कृतिक कार्यक्रम | ५०००० |
| ६७५-०८१।३।१९ | वातावरण संरक्षण सुन्तुलाको विरुवा खरिद | वातावरण संरक्षण समिति | १००००० |
| २५-०८०।११।२४ विविध कोष तर्फ | आपाङ्गता रोकथाम कार्यक्रम | मिक्लाजुङ आपाङ्गता समुह | १५०००० |
| | जम्मा | | ६२०००० |

३४ **विद्युत जडानः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेहख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न आवश्यक विल भरपाई तथा संलग्न कागजात अनुसारको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले बुद्धपार्कमा विद्युत जडानकालागि गो. भौ. नं. ४४८ मिति २०८०।११।२२ बाट विद्युतजन्य सामाग्री खरिद गरी रु. १,१९,२८८।- भुक्तानी दिएकोमा खरिद भएको उक्त सामाग्री जडान भएको प्रविधिक नापजाँच प्रतिवेदन पेश गरेको नदेखिएकोले सोको प्रमाण तथा पुष्ट्याई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१९,२८८ |

३५ **फरक व्यक्तिलाई भुक्तानीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृत गाउँकार्यपालिकाको सचिवको रुपमा काम गर्ने उल्लख छ। गाउँकार्यपालिकाको बैठकको भत्ता भुक्तानी गर्दा बैठकको कार्यपालिका समेत सचिवलाई मात्र बैठक भत्ता भुक्तानी गर्नुपर्नेमा सोका अतिरिक्त प्रशासनका विभुषण न्यौपानेलाई समेत बैठक भत्ता भुक्तानी दिएकोले कर बाहेक रु. ५९५०।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९५० |

३६ **घर भाडाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेहख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न आवश्यक विल भरपाई तथा संलग्न कागजात अनुसारको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने उल्लेख छ।पालिकाले गो. भौ. नं. ३४० मिति २०८०।८।१४ बाट रवी किरण कृषि बहुउद्देशिय सहकारी संस्था लि. लाई मिति २०८०।४।१ देखि मंसिर महिनासम्मको घर भाडा बापत रु. ५५,६००।- भुक्तानी दिएकोमा उक्त घर भाडा के प्रयोजनकालागि भुक्तानी गरेको हो सो खुलेको देखिएन। उक्त खर्चको प्रमाण तथा पुष्ट्याई पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,६०० |

३७ **भुक्तानीमा करः**

आयकर ऐन, २०५८ को दफ ८८ अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको रकम भुक्तानीमा १५ % कर कट्टी गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले सभा संचालनको लागि विभुषण न्यौपानेलाई पेश्की दिएकोमा निजले पेश गरेको फाँटवारी परीक्षण गर्दा २०

भन्दा बढीको खरिद कार्य मुल्य अभिबृद्धि करमा दर्ता भएको फर्मसंग गर्नुपर्नेमा एउटै मितिको प्यान विलमा २० हजार विभिन्न टुक्रे विल जारी गर्दा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा गरेको देखिएन। निजले यूनिक होटेलबाट सभाकालागि खाजा खरिद गर्दा मुल्य अभिबृद्धि कर छल्ने उद्देश्यले एउटै मितिको २० हजारको विभिन्न टुक्रे विल पेश गरेको छ। तर्सथ उक्त भुक्तानीमा १५ प्रतिशत कर बापतको रकम युनिक होटलबाट असुल गर्नुपर्ने रु.

| भौ. नं . मिति | विल संख्या र मिति | रकम | कर रु |
|---|---|---|---|
| ६५१-०८१।३।१७ | ४ वटा विल २०८१।३।१४ | ६८१४० | १०२२१ |
| ६३६-०८०।३।१६ | १५ वटा विल २०८०।१०।१४ | २८०००० | ४२००० |
| | जम्मा | | ५२,२२१ |

| असुल गर्नुपर्ने | ५२,२२१ |
|---|---|

३८ **पालो पहराः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। साथै सामान्य प्रशासन मन्त्रालय मिति २०६६।१२।१६ परिपत्र अनुसार पालो पहरामा खट्ने कर्मचारीलाई दैनिक रु ७५ को दरले भुक्तानी गर्नु पर्नेमा पालिकाले सो नगरी गाउँपालिकाबाट निर्णय गरी प्रदिप राईलाई मासिक रु ६,०००।०० भुक्तानी गरेको छ। यसरी भुक्तानी दिंदा मासिक रु ३७५०।०० ले १२ महिनाको रु ४५,०००।०० बढी भुक्तानी भएको छ। यसरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४५,००० |
|---|---|

३९ **अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले पूर्वाधार विकास, जनताको जीवनस्तर उकास्ने कार्यक्रम तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने कार्यक्रममा खर्च गर्नु पर्नेमा गो. भौ. नं. मिति ६४३-२०८१।३।१७ बाट नाफाको उद्देश्यले संचालन हुने मिलिजुली दुद्य या दुग्ध उत्पादन संकलन तथा बिक्री केन्द्रलाई रु. १,००,०००।- अनुदान दिएको छ। यसरी नाफा कामाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान दिएको रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,००,००० |
|---|---|

४० **वडा कार्यालयवाट खरिदः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीयतहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा यस बर्ष वडा कार्यालयहरुको कार्य सञ्चालन र व्यवस्थापनतर्फ वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाइ जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो ।साथै सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोके अनुसार लागत अनुमान तयार नगर्ने, तोकिए अनुसार कोटेशन नलिएको प्रतिस्पर्धात्मक मूल्यमा खरिद नगरी सोझै खरिद गर्ने जस्ता कार्य गरेको पाईयो। बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी मूल जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकिकृत जिन्सी अभिलेख तयार भएको देखिएन। पालिकाले बार्षिक खरिद योजना अनुसार लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक मूल्यमा खरिद कारबाही गर्ने तथा एकिकृत जिन्सी आम्दानी तयार गर्नेतर्फ ध्यान दिनु पर्दछ। यसका केही उदाहरणहरुः

| भौ. नं. मिति | खरिद विवरण | खरिदमा संलग्न व्यक्ति | रकम |
|---|---|---|---|
| ४१२-०८१।३।३१ | सोलारु ईन्भटर खरिद | वडा नं ७ का वडा सचिव सृजना पोख्रेल | ५०००० |
| ३७७-०८१।३।२४ | कम्प्युटर प्रिन्टर लगायत कार्यालय सामाग्री | वडा नं° ४ वडा सचिव विमला न्यौपाने | ९६५३० |
| ३२९-०८१।३।२० | कार्यालय सामाग्रि | वडा नं° ८ को वडा सचिव केशब कुमार पंडित | १९७००५ |
| २६६-०८१।३।३ | पाईप खरिद | वडा नं° ८ को वडा | ४८८६२७ |
| ९४-०८०।१०। | डेक्सटप कम्पुटर लगायत | वडा सचिव उत्तम दहाल वडा नं° ३ | २४०००० |
| २२६-०८१।२।११ | तारजाली खरिद | वडा नं° ८ को वडा सचिव केशब कुमार पंडित | ५०००० |

४१ **शीर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नु पर्दछ। सोही नियमको उप नियम २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्नु हुदैन भनि उल्लेख छ। पालिकाले निम्न अनुसार शीर्षक फरकपारी खर्च गरेको छ। यसरी शीर्षक फरक पारी गरेको खर्च रकम नियमसम्मत नदेखिएको रु.

| **भौ. नं. मिति** | **विनियोजन शीर्षक** | **खर्च शीर्षक** | **रकम** |
|---|---|---|---|
| ८८-०८०।७।१ | २७२१२ उदार राहत तथा पुनस्थापना खर्च प्रकोप व्यवस्थापन कोष | २२४१३ करार सेवा शुल्क मेडिकल अधिकृत असोज सम्म | १९४९४८ |
| ३७६-०८०।९।२४ | २११११ कर्मचारी पारिश्रमिक | २२४१३आई.टी तलब पौष | ४५०३९ |
| २९७-०८०।७।२३ | २११११ कर्मचारी पारिश्रमिक | २२४१३ करार सेवा शुल्क डिगेश्वर आङ्देम्बे कार्तिक | २२००० |
| ४५४-०८०।११।२३ | २११११ कर्मचारी पारिश्रमिक | २२४१३ करार सेवा शुल्क | ७४५७२ |
| ४५१-०८०।११।२२ | पदाधिकारी पारिश्रमिकबाट २१११२ | पदाधिकारी बैठक भत्ता | १३३००० |
| ६२३-०८१।३।१६ | २२५२२ आपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यम्रम | दलितहरुलाई काँसको थाल वितरण | ८७००९ |
|  | २११११ कर्मचारी पारिश्रमिक | २२४१३ करार सेवा शुल्क ४ जना अनमी सी बी आर | ११४४४० |
| ३७१-०८०।९।२३ | २१११२ पारिश्रमिक पदाधिकारी | २११११कर्मचारी पारिश्रमिक | ६७४४० |
|  | **जम्मा** |  | ७३८४४८ |

| | |
|---|---|
| अनियमित भएको | ७,३८,४४८ |

४२ **समय पालना र नियमितताः**

कोशि प्रदेशमा प्रदेश स्थानीय सरकारी सेवा गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धी ऐन, २०८० को परिच्छेद ९ मा कर्मचारीले कार्यालय समयमा नियमित रुपले कार्यालयमा रही तोकिएको कार्य गर्नुपर्नेछ र सकेसम्म पहिले विदाको स्वीकृति नलिई कार्यालय वा काम गर्न खटाईएको स्थानमा अनुपस्थित हुनु हुदैन भनि उल्लेख छ। पालिकामा ई हाजिरी जडान रहेको छ । कर्मचारीहरुको हाजिर परीक्षण गर्दा अधिकांश कर्मचारीले कार्यालयमा ढिला उपस्थित हुने र आएको मात्र हाजिर गरेको तर कार्यालय समय पछि गएको हाजिर

गरेको देखिएन।यसले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिएकोले कार्यालयले यसतर्फ तत्काल सुधार गर्नुपर्ने देखिन्छ।

४३ **बाल पोषणः**

पालिकाले शिशु पोषण खर्च कार्यविधि २०७५ जारी गरेको छ। जस अनुसार शिशुको जन्म हुदा मासिक रु.५०० का दरले १ वर्ष सम्मका रकम एकमुष्ट पोषण खर्च उपलब्ध गराउने उल्लेख छ। पालिकाले सोही अनुसार यस वर्षसबै वडामा २४५ जना बालबाललिकाहरुलाई रु. १४,५९,०००।- खर्च लेखेको छ। यसरी कार्यविधि नै बनाई पालिकालाई दीर्घकालिनव्ययभर पर्नेगरी योजना ल्याएकोमा पालिकाको न्यून आन्तरिक आयको अवस्थाले धान्न नसक्ने आवस्था रहेको देखिन्छ। तर्सथ पालिकाले आन्तरिक आयमा बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४४ **हाजिर प्रमाणितः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेहख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न आवश्यक विल भरपाई तथा संलग्न कागजात अनुसारको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले ईलेक्ट्रिसियन हर्क बहादुर तामाङलाई वडा तथा पालिकाभित्र ईलेक्ट्रिसिटीको कार्य गर्नकोलागि बार्षिक रु. ३,००,०००।– भुक्तानी गर्नेगरी सम्झौता गरेको र गो. भौ. नं. ७०७ मिति २०८१।३।२४ बाट रु. ३,००,०००।– भुक्तानी गरेकोमा निजले पालिका तथा वडामा गरेको कामको कुनै अभिलेख रहेको नदेखिनुको साथै कार्यालयमा दैनिक उपस्थिति भई हाजिर समेत नगरेकोले निजले काम गरेको अभिलेख खुल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

४५ **छात्रवृति**

कुनै पनि कार्यक्रम संचालन गर्दा निश्चित कार्यविधि तथा मापदण्ड अनुसार गर्नुपर्दछ।पालिकाले कार्यविधि नबनाइ प्रविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने कार्यकोलागि निम्न विद्यार्थीको नाममा निम्न क्यापसलाई रु. ,४,००,०००.०० अनुदान दिएकोमा सोको सूचना प्रकाशन, छनौटको आधार लेखा परीक्षणमा पेश भएन । जसले गर्दा प्रतिस्पर्धि तथा पारदर्शिता कायम भएको हो भनि यकिन गर्न सकिएन। पालिकाले सीमित व्यक्तिको लाभ भन्दा पनि सम्पूर्ण सम्भावित लाभग्राहीको सहभागिता गराई स्वच्छता कायम हुनेगरी प्रतिस्पर्धि हुनेगरी कार्यक्रम गर्नुपर्दछ।

| भौ नं मित | विद्यार्थीको नाम | अध्ययनको विषय | क्याम्पस | रकम |
|---|---|---|---|---|
| ५४५-०८१।२।२२ | साया राई वडा नं . ४ | बाली विज्ञान | नरबहादुर कर्माचार्या स्मृति प्रतिष्ठान, विर्तामोड | १००००० |
| ,, | सन्धया राई वडा नं . ४ | वन विज्ञान | नरबहादुर कर्माचार्या स्मृति प्रतिष्ठान, विर्तामोड | १००००० |
| ५९३-०८०।३।३ | एन्जिला राई वडा नं . ४ | सिभिल ईन्जिनियरिङ्ग | पुष्प धिरेन्द्र स्मृति प्रतिष्ठान | १००००० |
| ,, | मेरिना राई वडा नं . ४ | सिभिल ईन्जिनियरिङ्ग | पुष्प धिरेन्द्र स्मृति प्रतिष्ठान | १००००० |
| | जम्मा | | | ४००००० |

४६ **अनुगमनः**

प्रदेश सरकारको खर्चको मापदण्ड र मित्तव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा ५(६) अनुगमन खटाउदा बढीमा ३ जनाको टोली खटाउनु पर्दछ। त्यस्तै उपदफा ७ मा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले योजना तथा कायक्रमको अनुगमन गर्दा उक्त निर्दर्शिका पालना गरेको देखिएन। पालिकाले निर्देशिकाको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४७ **जीवन निर्वाह भत्ता**

पालिकाले असहाय अविवाहीत महिलालाई जीवन निर्वाह भभत्ता वितरण कार्यविधि, २०७९ जारी गरेको छ । जस अनुसार अविवाहित एकल महिलाहरुलाई मासिक रु. १,५००।- का दरले जीवन निर्वाह भत्ता दिनुपर्ने उल्लेख छ। पालिकाले बनाएको कार्यविधि अनुसार यस वर्षसबै वडामा ६८ जना अविवाहित एकल महिलाहरुलाई जीवन निर्वाह भत्ता भनि मासिक रु.१,५००।- का दरले

रु.१४,५९,०००।- खर्च लेखेको छ। यसरी कार्यविधि नै बनाई पालिकालाई दीर्घकालिनव्ययभर पर्नेगरी योजना ल्याएकोमा पालिकाको न्यून आन्तरिक आयको अवस्थाले धान्न नसक्ने आवस्था रहेको देखिन्छ। तर्सथ पालिकाले आन्तरिक आयमा बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ। साथै सम्बन्धित लाभग्राहीको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

४८ **खेलकुद कार्यक्रमः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । साथै १ लाख भन्दा बढी लागत अनुमान भएको खरिद कार्य दर भाउपत्र माग गरी सबै भन्दा कम दर भाउपत्र पेश गर्ने फर्मसंग खरिद गर्नुपर्ने उल्लेख छ। ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न मेला समिति मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई अनुदान दिई खेलाहरु तथा मेला संचालन गर्ने कार्य भएको देखिएको साथै खरिद ऐन अनुसार आर्थिक प्रस्ताव माग नगरि सिमित व्यक्तिलाई भुक्तानी भएको देखिन्छ। पालिकाले विधिपूर्वक खेलकुद कार्यक्रमहरु संचालन गर्नुपर्दछ। केही उदाहरणहरू

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४३३-०८०।११।१६ | खेलकुद सहायता | पाँचथर फुटबल क्लब युवा क्लाव | ५०००० |
| ४५१-०८०।११।२२ | खेलकुद सहायता | तरुण दल | ५०००० |
| ६७३-०८१।३।१९ | खेलकुद सहायता | त्रिबेणी युवा क्लाव | ५०००० |
| ४०१-०८०।१०।१८ | खेलकुद आयोजना कार्यक्रम | खेलकुद कार्यक्रम उ स वडा नं. ६ | २००००० |
| ३३२-०८०।८।२९ | पालिका स्तरिय खेलकुद कार्यक्रम | पालिका स्तरिय खेलकुद विकास समिति | ६००००० |
| ४०९-०८०।१०।२२ | खेलकुद आयोजना कार्यक्रम | खेलकुद विकास कार्यक्रम योजना वडा नं. २ | २००००० |
| ४११-०८०।१०।११ | पालिका स्तरिय खेलकुद कार्यक्रम | मिक्लाजुङ विकास समिति | ६५०००० |
| ४१९-०८०।११।१० | खेलकुद आयोजना कार्यक्रम | खेलकुद विकास कार्यक्रम वडा नं. २ | २००००० |
| ४४३-०८०।११।१८ | खेलकुद आयोजना कार्यक्रम | खेलकुद कार्यक्रम उ स वडा नं. १ | २५०००० |
| ५७२-०८१।२।३० | खेलकुद आयोजना कार्यक्र | मिक्लाजुङ खेलकुद विकास समिति | ५३२६१० |
| ५८५-०८१।२।३२ | यूवा खेलकुद मिक्लाजुङ | मिक्लाजुङ वडा नं ४ खेलकुद समिति | १५०००० |
| ५९५-०८१।३।४ | खेलकुद आयोजना कार्यक्रम | खेलकुद विकास कार्यक्रम वडा नं ८ | २००००० |
| ६१५-०८१।३।११ | खेलकुद आयोजना कार्यक्रम | वडा नं ३ खेलकुद कार्यक्रम | २००००० |
| ६७७-०८१।३।१९ | खेलकुद आयोजना कार्यक्रम | खेलकुद कार्यक्रम संचालन वडा नं ७ | १५०००० |
| | जम्मा | | ३४८२६१० |

४९ **ईन्टरनेट विस्तारः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ मा १ लाख भन्दा बढी लागत अनुमान भएका खरिद कार्य ३ वटा फर्मसंग आर्थिक प्रस्ताव माग गरी सबैभन्दा कमको आर्थिक प्रस्ताव पेश गर्ने फर्मसंग सम्झौता गरी खरिद गर्न सकिने उल्लेख छ। पालिकाले वडा नं. १ मा वाईफाई विस्तार गरी कनेक्ट

अल्फा सर्भिसलाई गो. भौ. नं. ७२६ मिति २०८१।३।२४ बाट रु. १,५०,०००।- भुक्तानी दिएकोमा ३ वटा फर्मसंग आर्थिक प्रस्ताव माग गरेको देखिएन। साथै वाईफाई विस्तार तथा घर घर सम्म ईन्टरनेट तार विछ्याउने कार्य ईन्टरनेट सेवा प्रदायक कै भएकोले पालिकाले सो बापत खर्च गर्नु उचित देखिदैन। यसरी ऐन विपरित खर्च गरेको रकम नियम सम्मत्त नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

५० **व्यक्तिको नाममा भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हल ई एफ टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्नेमा सो नगरी कर्मचारीको तथा वडा सचिवको नाममा भुक्तानी गरेको हुँदा उक्त रकमको सहि सदुपयोग भए नभएको यकिन हुन नसकेको हुँदा कार्यालयले उक्त रकम सम्बन्धितले पाए।नपाएको सुनिश्चित गर्नुपर्दछ। साथै यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ। यसका केही उदाहरणहरुः

| गो भौ नं मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ३०८-०८०।८।८ | बाल पोषण भत्ता ९ जनाको | सरस्वती राई | ५४००० |
| ३२२-०८०।८।१५ | ईन्धन, मर्मत , विविध संचार | सरस्वती राई | १७३५१० |
| ३२४-०८०।८।१५ | वडा संचालन खर्च | केशव कुमार पंडित | १७९३०६ |
| ३२७-०८०।८।२६ | वडा सचालन खर्च | कृष्णा दाहाल | १८७८४२ |
| ३३६-०८०।९।४ | वडा व्यवस्थापन खर्च | सोविन्द्र प्रसाद आङदेम्बे | २०७१९० |
| ३३८-०८०।९।४ | ईन्धन, मर्मत , विविध संचार भ्रमण | विमला न्यौपाने | १८९७४४ |
| ३५४-०८०।९।१९ | सवारी मर्मत | दिपक बर्देवा | १८५८३९ |
| २९५-०८०।७।२२ | कर्मचारी बैठक भत्ता ९ जनाको | कमल मंग्राती | ७३९१० |
| ३५९-०८०।९।२० | ईन्धन, मर्मत , विविध संचार | उतम दाहाल | १८७८२६ |
| ३९५-०८०।१०।१४ | जेष्ठनागरिक सम्मान कार्यक्रम | उतम दाहाल | ८०००० |
| ४२१-०८०।११।१० | ईन्धन, मर्मत , विविध संचार भ्रमण | सरस्वती राई | १७१०६७ |
| ६०२-०८१।३।६ | ईन्धन, मर्मत , विविध संचार भ्रमण | सोविन्द्र प्रसाद आङदेम्बे | ३३४९१० |
| ७२८-०८१।३।२४ | आपाङ्ग तथा विधार्थि सहयोग कार्यक्र र वडा व्यवस्थापन | सोविन्द्र प्रासाद आङदेम्बे | ५२०००० |
| ३७७-०८१।३।२४ | कम्प्युटर प्रिन्टर लगायत कार्यालय सामाग्री | वडा नं० ४ वडा सचिव विमला न्यौपाने | ९६५३० |
| ३२९-०८१।३।२० | कार्यालय सामाग्रि | वडा नं. ८ को वडा सचिव केशब कुमार पंडित | १९७००५ |
| २६६-०८१।३।३ | पाईप खरिद | वडा नं. ८ को वडा | ४८८६२७ |
| ९४-०८०।१०। | डेक्सटप कम्पुटर लगायत | वडा सचिव उत्तम दहाल वडा नं. ३ | २४०००० |
| २२६-०८१।२।११ | तारजाली खरिद | वडा नं. ८ को वडा सचिव केशब कुमार पंडित | ५०००० |

५१ **अन्य कार्यालयको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि बजेटमा

व्यवस्था गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट बजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ नं. मिति | शीर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ४३३-०८०।११।१६ | सवारी मर्मत | ईलाका प्रहरी कार्यालय रवि | २९९९९२ |
| ५६२-०८१।२।२४ | मेसिनेरी उपकरण मर्मत | कोष तथा लेखानियन्त्रक कार्यालय फिदिम | ४८१०० |
| | जम्मा | | ३४८०९२ |

५२ **मर्मतः**

सार्वजनिक खरिद नियमावली, २०६४ मा एक लाख भन्दा बढी लागत अनुमान भएको खरिद कार्य कार्यालयको मौजुदा सूचिमा रहेको ३ वटा फर्मसंग कोटेशन माग गरी सबै भन्दा कम आर्थिक प्रस्ताव पेश गरेको फर्मबाट खरिद गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न भौ. नं. मितिबाट सवारी मर्मत गरी भुक्तानी दिंदा नियमावलीको पालना नगरी सिधै खरिद गरेको साथै मर्मत आदेश श्रेष्ता साथ संलग्न गरेको देखिएन। यसरी नियम विपरित गरेको खरिद कार्य नियमसम्मत नदेखिएको रु.

| भौ नं मिति | विवरण | साप्लायर्स | रकम |
|---|---|---|---|
| ५६४-०८१।२।२४ | सवारी मर्मत | पाथिभारा अटो वर्कसप | २०१००० |
| ३८५-०८०।९।२६ | सवारी मर्मत | पाथिभारा अटो वर्कसप | ३५९१०० |
| | जम्मा | | ५६०१०० |

| | |
|---|---|
| अनियमित भएको | ५,६०,१०० |

५३ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ। यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्।

| गो भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| ३९५-०८०।१०।१४ | जेष्ठनागरिकलाई ज्याकेट तथा टोपी वितरण | ८०००० |
| ५०३-०८१।१।१४ | जनजाती भेषभुषा अनुसार बाजा खरिद गरी समुदायलाई वितरण | १०००० |
| ६१९-०८१।३।१२ | आदिबासि जनजातीलाई परमपरागत बाजा खरिद तथा वितरण | ५०००० |
| ६२३-०८१।३।१४ | दलितहरुलाई कासको थाल वितरण | २५०००० |
| ७२८-०८१।३।२४ | वडा नं १ मा विधार्थिहरुलाई व्याग वितरण | १४०००० |
| ७२८-०८१।३।२४ | वडा नं १ मा आपाङ्गहरुलाई स्वीटर वितरण | ८०००० |
| | जम्मा | ६,१०,००० |

५४ **फिल्ड भत्ताः**

कोशि प्रदेशको प्रदेश स्थानीय सरकारी सेवा गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धी ऐन, २०८० को परिच्छेद ६ मा तलब भत्ता तथा अन्य सुविधा सम्बन्धि व्यवस्थामा समेत फिल्ड भत्ता पाउने सम्बन्धी ब्यवस्था गरेको नदेखिएको तर पालिकाले गाउँ सभाबाट निर्णय गरी निम्न गो. भौ. नं. मितिबाट प्राविधिक कर्मचारीहरुलाई बर्ष भरी रु.४,७४,०००।- भुक्तानी गरेको छ । पालिकाले निश्चित मापदण्ड तथा कार्यविधि बनाई मात्र फिल्ड भत्ता उपलब्ध गराउनु पर्दछ ।

| भौ. नं. मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ३८६।०८०।१०।९ | ८ जना प्रविधिकलाई फिल्ड भत्ता | ८ जना प्रविधिकलाई | ३१२००० |
| ३९०।०८०।१०।११ | ३ जना प्रविधिकलाई फिल्ड भत्ता | ३ जना प्रविधिकलाई | १२०००० |
| ४८०।०८०।१२।११ | १ जनाको फिल्ड भत्ता साउन देखि पुष | प्रदिप आङ्देम्बे | ४२००० |
| | जम्मा | | ४७४००० |

५५ **पदाधिकारी सुविधाः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार यस आर्थिक वर्षमा पदाधिकारीहरुलाई यातायात सुविधा रु.६,०६,०००।-, टेलिफोन तथा मोवाइल रु.३,४८,०००।-, पत्रपत्रिका तथा इन्टरनेट रु. २,७०,०००।-, अतिथि सत्कार रु.५,९१,०००।-, खाजा खर्च रु.५,०१,०००।-, अनुगमन खर्च रु. ३,८४,०००।-, खानेपानी तथा बिजुली रु. १,७७,०००।- र सरसफाई तथा मर्मत खर्च रु.१,१४,०००।- गरी जम्मा रु. ३०,३९,०००।- र गाउँपालिका अध्यक्ष रु. १,१५,०००।- र उपाध्यक्षको रु. ५०,०००।- पादाधिकारी पारिश्रमिक पेश्की फर्स्यौट भई कूल रु. ३२,०४,०००।- भुक्तानी भएको छ। सोही ऐनको अनुसूची १(क) मा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले अनुगमन प्रतिवेदन नराखी खर्च लेखेकोले अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

५६ **पदाधिकारी पेश्कीः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारी सुविधाको पेश्की उपलब्ध गराउने व्यवस्था देखिदैन। पालिकाले पदाधिकारी सुविधा बापत गाउँपालिका अध्यक्षलाई रु. १,१५,०००।- र उपाध्यक्षलाई रु. ५००००।– पेश्की उपलब्ध गराई गो. भौ. नं. मिति ४७०-०८१।३।३१ बाट पदाधिकारी सुविधाको अनुसूची(१क) अनुसारको भुक्तानी हुनु पर्ने रकमको तेरिज नबनाई एकमुष्ट रुपमा पेश्की फर्स्यौट गरेको देखियो। जसले गर्दा कुन शीर्षकमा कति हो भनि यकिन गर्न सकिएन। तर्सथ पालिकाले पदाधिकारीलाई पेश्की दिने कार्यमा नियन्त्रण गर्दै गाउँपालिका अध्यक्षलाई पालिकाबाट ईन्धन र मर्मत बापतको रकम भुक्तानी भएकोले उक्त पेश्की मध्ये यातायात वापतको रकम यकिन गरी असुल गर्नुपर्ने र सो पेश्की रकम कुन कुन शीर्षकमा फर्स्यौट भएको हो सोको तेरिज समेत बनाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६५,००० |

५७ **पदाधिकारी संचार, यातायात र अनुगमनः**

कोशी प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) मा पदाधिकारीलाई अनुगमन, संचार तथा यातायात वापतको सुविधा मासिक रुपमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले सोही ऐन अनुरुप पदाधिकारी सुविधा मासिक रुपमा भुक्तानी गरेतापनि विभिन्न कार्यक्रममा अनुगमन गरेको भनि निम्न पदाधिकारीलाई थप अनुगमन, संचार तथा यातायात भत्ता वापत रु.१९४३४८।- भुक्तानी गरेको छ। यसरी ऐनमा व्यवस्था भएको भन्दा दोहोरो भुक्तानी गरेको रकम सम्बन्धितसंग असुल गर्नुपर्ने रु.

| भौ. नं . मिति | पदाधिकारीको नाम | कार्यक्रम | कर बाहेक जम्मा रु. |
|---|---|---|---|
| ४०७-०८०।१०।२१ | ९८१६९७५७६० अमरराज माखिम | संचार खर्च | १०००० |
| ४२५-०८०।११।१४ | पूर्ण कुमार आम्बोहाङ | ईन्धन खर्च | १७१३० |
| ४५०-०८१।२।६ | रामेश्वर वाजी | ईन्धन खर्च | १८३१८ |
| ४२५-०८०।११।१४ | पूर्ण कुमार आम्बोहाङ | संचार | ४००० |
| ५२५-०८१।१।३१ | हेमचन्द्र रेग्मी | ईन्धन १८० लि | ३२४०० |
| ६४५-०८१।३।१७ | हेमचन्द्र रेग्मी | संचार खर्च | २००० |
| ६४५-०८१।३।१७ | हेमचन्द्र रेग्मी | ईन्धन | १८०० |
| ५२५-०८१।१।३१ | हेमचन्द्र रेग्मी | संचार खर्च | १५०० |
| ५४२-०८१।२।८ | पूर्ण कुमार आम्बोहाङ | ईन्धन खर्च | १२००० |
| ६८८-०८१।३।२१ | धनेन्द्र राज आङदाम्बे | अनुगमन | १७०० |
| ६८८-०८१।३।२१ | महेन्द्र प्रकाश थापा | अनुगमन | १७०० |
| ६८८-०८१।३।२१ | जीवनहाङ फियाक | अनुगमन | १७०० |
| ६८८-०८१।३।२१ | राम कुमार राई | अनुगमन | २५५० |
| ६८८-०८१।३।२१ | पूर्ण कुमार आम्बोहाङ | अनुगमन | २५५० |
| ६८८-०८१।३।२१ | हेमचन्द्र रेग्मी | अनुगमन | २५५० |
| ६८८-०८१।३।२१ | रामेश्वर वाजी | अनुगमन | २५५० |
| ६८८-०८१।३।२१ | अबिशन लावती | अनुगमन | ३४८५० |
| ६८८-०८१।३।२१ | कौशिला तामाङ | अनुगमन | ३४८५० |
| ४९०-०८१।३।१३ | अमरराज माखिन(संघीय सशर्त) | अनुगमन | १०२०० |
|  | जम्मा |  | १९४३४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९४,३४८ |

५८ **तालिम खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न आवश्यक विल भरपाई तथा संलग्न कागजात अनुसारको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले निम्न कर्मचारीहरुलाई व्यक्तिगत रुपले तालिममा सहभागि भई तालिम गरेकोमा तालिम शुल्क र दैनिक भ्रमणमा रु ५३,९२८।- खर्च लेखेको छ। यसरी कार्यालयले औपचारिक रुपमा सरकारी भ्रमण भनी नखटाएको कार्यक्रम गोष्ठि सेमिनारमा कार्यालयलाई हुने उपलब्धि को विश्लेशण बेगर व्यक्तिगत रुपमा सहभागि हुँदा व्यक्तिगत रुपले खर्च गर्नुपर्नेमा पालिकाबाट भुक्तानी गरेकोले उक्त रकम सम्बन्धितिसंग असुल हुनुपर्दछ।

| भौ. नं. मिति | नाम | तालिम | तालिम दिने संस्था | खर्चको प्रकार | रकम |
|---|---|---|---|---|---|
| २४-०८०।६।२० | विभुषण न्यौपाने | व्यवस्थापकीय आयाम तथा स्थानीय सरकार संचालन | सेन्पटर फर इनोभेटिभ गभर्नेन्स प्रक्टिसेस काठमाण्डौ | तालिम सेवा शुल्क | २८२५० |
| २४-०८०।६।२० | विभुषण न्यौपाने | व्यवस्थापकिय आयाम तथा स्थानीय सरकार संचालन | सेन्पटर फर इनोभेटिभ गभर्नेन्स प्रक्टिसेस काठमाण्डौ | दैनिक भ्रमण खर्च | २५६७८ |
| | जम्मा | | | | ५३९२८ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **९,६०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **९,६०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,९२८ |

५९ **तालिमः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनूसुची १(क) अनुसार कार्यालयबाट सवारी सुविधा नपाएको अवस्थामा अनूसुची १ बमोजिमको यातायात सुविधा मासिक रुपमा उपलब्ध गराउने उल्लेख छ। पालिकाले गो. भौ. नं. ६३९ मिति२०८१।३।१६ बाट जनप्रतिनिधिहरुको क्षमता विकास तालिम संचालन गरेकोमा उक्त तालिममा खाना/खाजा तथा अवासको सुविधा समेत रहेको तथा जनप्रतिनिधिहरुले पदाधिकारी सुविधा सम्बन्धि ऐन बमोजिम मासिक रुपमा यातायात बुझेतापनि उक्त तालिममा सहभागि भए बापत पुनः यातायात खर्च भुक्तानी दिन नमिल्ने भएकोले जनप्रतिनिधिहरुले बुझेको निम्न बमोजिमको यातायात भत्ता असुल गर्नुपर्ने रु.

| सि. नं . | पदाधिकारीको नाम | पद | यातायात भत्ता रु |
|---|---|---|---|
| १ | अमरराज माखिम | अध्यक्ष | १००० |
| २ | सन्त कुमार शेर्मा | उपाध्यक्ष | १००० |
| ३ | धनेनद्रराज आङदेम्बे | वडा अध्यक्ष | १००० |
| ४ | महेन्द्र थापा | वडा अध्यक्ष | १००० |
| ५ | जिवनहाङ फियाङ | वडा अध्यक्ष | १००० |
| ६ | रामकुमार राई | वडा अध्यक्ष | १००० |
| ७ | अबिशन लावती | वडा अध्यक्ष | १००० |
| ८ | पुर्ण कुमार आम्बोहाङ | वडा अध्यक्ष | १००० |
| ९ | हेमचन्द्र रेग्मी | वडा अध्यक्ष | १००० |
| १० | रामेश्वर वाजी | वडा अध्यक्ष | १००० |
| ११ | सृजना राई | कार्यपालिका सदस्य | १००० |
| १२ | कैशिला तामाङ | कार्यपालिका सदस्य | १००० |
| १३ | सोमशेर राई | कार्यपालिका सदस्य | १००० |
| १४ | भुमिका सिंजाली मगर | कार्यपालिका सदस्य | १००० |
| १५ | पूर्ण कुमार आङदेम्बे | वडा सदस्य | १००० |
| १६ | विमला खड्का | वडा सदस्य | १००० |
| १७ | धनराज राई | वडा सदस्य | १००० |
| १८ | जस नरायण आङदेम्बे | वडा सदस्य | १००० |
| १९ | सुप्रिया घिमिरे | वडा सदस्य | १००० |
| २० | छत्र बहादुर फियाक | वडा सदस्य | १००० |
| २१ | कृष्णा माया दर्जि | वडा सदस्य | १००० |
| २२ | मुना लुहागुन | वडा सदस्य | १००० |
| २३ | दिपेन्द्र राई | वडा सदस्य | १००० |
| २४ | मनिला राई | वडा सदस्य | १००० |
| २५ | राजेन्द्र राई | वडा सदस्य | १००० |
| २६ | भिममाया वि क | वडा सदस्य | १००० |
| २७ | मेघराज लावती | वडा सदस्य | १००० |
| २८ | हस्तविर राई | वडा सदस्य | १००० |
| २९ | मोहन कुमार राई | वडा सदस्य | १००० |
| ३० | सविता नेपाली | वडा सदस्य | १००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | ज्ञान बहादुर राई | वडा सदस्य | १००० |
| ३२ | सविना बाराल | वडा सदस्य | १००० |
| ३३ | जानकी कुमारी पोख्रेल | वडा सदस्य | १००० |
| ३४ | नोविन गौतम | वडा सदस्य | १००० |
| ३५ | सन्त बहादुर कुरुम्बाङ | वडा सदस्य | १००० |
| | जम्मा | | ३५००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,००० |

६० **प्रशिक्षक भत्ताः**

कोशि प्रदेश खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा ६ मा कार्यपत्र वापत रु. १,२०० र कक्षा लिएबापत रु. ८०० समेत १ सेसनको रु. २,००० भुक्तानी हुनुपर्ने उल्लेख छ। पालिकाले गरेको निम्न तालिममा प्रदेश निर्देशिकाले तोकेको भन्दा बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धितसंग असुल गर्नुपर्ने रु

| भौ. नं मिति | तालिम | संचालक | प्रशिक्षक | सेसन संख्या | बढी दर | कर बाहेक रु. |
|---|---|---|---|---|---|---|
| ६७९-०८१।३।२० | न्यायिक सचेतना ३ दिने | संजिवनी लिम्बु आङदेम्बे | छवि बास्कोटा | ६ | ५०० | २५५० |
| | | | युधिष्टिर राज आमगाई | ९ | ५०० | ३८२५ |
| नोटः एक प्रशिक्षकले एक दिनमा २ वटा सेसन भन्दा बढी लिन नपाउने ३ दिनमा ९ वटा सेसन लिएको | | | युधिष्टिर राज आमगाई | ३ वटा बढी सेसन लिएको | २५०० | ६३७५ |
| | वडा नं. ७ मा | | युधिष्टिर राज आमगाई | ४ | २००० | १७०० |
| | | | युधिष्टिर राज आमगाई | २ वटा बढी सेसन लिएको | २५०० | ४२५० |
| ७२६-०८१।३।२४ | महिला क्षमता अभिबृद्धि ५ दिने | सोविन्द्र आङदेम्बे | चन्द्र कुमार आङदेम्बे | १० | ८०० | ६८०० |
| खाजा प्रति दिन ३०० भुक्तानी दिनुपर्नेमा ९०० ले ५ दिनको भुक्तानी | | | | ५ दिन | ६०० | ३००० |
| ३१३-०८१।३।१६ | फलफुल नर्सरी व्यवस्थापन | सुविन्द्र तामाङ | बरुण पन्थी | १२ सेसन बढी लिएको | १४०० | १४२८० |
| १ दिनमा २ सेसनको दरले ६ दिनमा १२ सेसन हुनुपर्नेमा २४ सेसन लिएको | | | | | | |
| | जम्मा | | | | | ४२७८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,७८० |

६१ **भूमि आयोग सम्बन्धि खर्चः**

कुनै पनि कार्यमा खर्च गर्दा त्यसको लागत लाभ तथा प्रगतिको विश्लेषण गरी स्रोत साधनको उचतम उपयोग हुने गरी खर्च गर्नु पर्दछ। भूमि आयोगले कार्य गरिरहेको भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबास समस्या समधानका लागि पालिकाले यस वर्ष बजेट विनियोजन गरी रु. २,८६,३१५।- खर्च गरेको छ। पालिकाले डाटा संकलन तथा ईन्द्रि, सर्वेक्षक, अमिनहरुको तलब भत्ता, सो सम्बन्धि अन्य विविध खर्च लगायत कार्यको लागि खर्च गरेकोमा भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबास समस्या समधान

सम्बन्धि हालसम्म के कति प्रगति भयो, कति जग्गा नापी भयो, कति जना सुकुम्बासीहरुलाई जग्गा धनि पुर्जा वितरण गरियो सोको याथार्थ विवरण सहित प्रगति प्रतिवेदन पेश गरेको छैन। साथै सो कार्यको अनुगमन प्रतिवेदन समेत पेश भएको नदेखिएकोले खर्चको विवरण सहितको प्रगति प्रतिवेदन पेश हुनुपर्दछ ।

६२ **शिक्षा तर्फः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छनः

६२.१ **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ५७ | २५९ | २५९ | २२ | ३९१८ |

६२.२ **शिक्षक विद्यार्थी अनुपातः** पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाभित्र ५७ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा २८८ जना शिक्षकको दरबन्दी रहेको छ। जसमध्ये २८० जना स्थायी र ८ जना करारमा पदपूर्ति गरेको तथा उक्त विद्यालयहरूमा ३९१८ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेकोमा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:१५रहेको छ ।पालिकाले शिक्षक विद्यार्थीको अनुपात मिलान हुने गरी शिक्षकको दरबन्दी मिलान गरी आवश्यकताअनुसार पदपूर्तिको लागि शिक्षक सेवा आयोगसँग माग गर्ने र बढी दरवन्दी भएमा समायोजन गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६२.३ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु. २२,००,३६५। ÷विद्यालयहरुलाई निकासा दिएको छ। पालिकाले विद्यार्थीले समयमा पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई अनुगमन गरेको पाइएन । साथै पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार जेष्ठ महिनाभित्रमा शिक्षा तथा मानव स्रोत केन्द्रमा बुझाएको पाइएन । अत: पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकाले व्यवस्था गरेअनुरुप अनुगमन र वितरण प्रतिवेदन तयार गरिनुपर्दछ ।

६२.४ **दिवा खाजाः** कार्याक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक बर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसकोलागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ। साथै सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र स्थानीय तहले अनुगमनमा

जाँदा अनुगमन निरीक्षणमा खटिएका व्यक्तिले उक्त पुस्तिकामा राय सुझाब उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ५५ सामुदायिक विद्यालयमा अध्ययनरत वालविकास देखि कक्षा ५ सम्मका जम्मा २१८२ जना विद्यार्थीका लागि दिवा खाजा बापत रु ५२,६२,०७६।÷ अनुदान निकासा भएकोमा पालिकाले समय समयमा सामुदायिक विद्यालयमा अनुगमन गरी सुझाव दिएको पाइएन । यसवाट सामुदायिक विद्यालयले विद्यार्थीहरुलाई गुणस्तरीय दिवा खाजा खुवाएको छ भनि विश्वस्त हुन सकिएन । पालिकाले प्रत्येक विद्यालयमा दिवा खाजाको अनुगमन गरी विद्यालयलाई सुझाव दिनुपर्दछ ।अत: आगामी दिनमा पुस्तिकाको पालना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ ।

६२.५ **स्यानिटरी प्याडः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा आपूर्ती पश्चातको परीक्षण (Post Delivery Inspection) गर्नुपर्ने व्यवस्था छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११३५ जना रहेका छन। पालिकाले सुमंगला सप्लायर्सबाट १५००३ थान स्यानिटरी प्याड रु ११,९९,९६०।÷ (मू अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा मिति २०८१।०२।२९ मा बजेट फ्रिज हुन नदिने मनसायले वर्षान्तमा उक्त प्याड खरिद गरी पालिकाको भण्डारमा मौज्दातमा राखेको देखिन्छ । यसरी खरिद गरिएका स्यानिटरी प्याडको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) बमोजिम गुणस्तर र स्पेशिफिकेसन परीक्षण गरी समितिले नियम ११५(६) बमोजिम प्रतिवेदन पेश गरेको समेत देखिदैन ।त्यसैले स्यानिटरी प्याडहरु गुणस्तरयुक्त छ । भनि यकिन हुन सकिदैन ।पालिकाले भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ र उक्त प्याड खरिदको आपूर्ती पश्चातको परीक्षण (PDI) प्रतिवेदन पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,९९,९६० |

६२.६ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ क्रियाकलाप नं २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण र आर्थिक लेखा परीक्षण बापत माध्यमिक तहका विद्यालयलाई बार्षिक रु १५,०००। र आधारभूत विद्यालयलाई बार्षिक रु १०,०००।- अनुदाfन दिने व्यवस्था छ । साथै विद्यालयले आर्थिक लेखा परीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सो को प्रतिवेदन स्थानीय तहमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले पालिका भित्रका ११ माध्यमिक र ४६ आधारभूत विद्यालयलाई आर्थिक बर्ष २०८०।८१ मा रु ६,२५,०००।- अनुदान निकासा गरेको पाइयो । समयमा नै समाजिक परीक्षण र आर्थिक परीक्षण नगराउनु यसको कारण हो ।यसवाट पालिकाले यस आर्थिक वर्षमा निकासा गरेको अनुदानको विद्यालयले आम्दानी जनाएको विषयमा यकिन हुन सकिएन । सामुदायिक विद्यालयले पालिकाको अन्तिम लेखापरीक्षण हुनु भन्दा पहिले नै आर्थिक लेखापरीक्षण गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

६२.७ **इन्टरनेट विलः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ क्रियाकलाप नं २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत प्रत्येक विद्यालयलाई बार्षिक रु १२०००।- का दरले इन्टरनेट शुल्क बापत अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुले इन्टरनेट शुल्क निकासा लिइ पालिकामा शुल्क तिरेको विल विजक बुझाएको पाइएन । यसबाट सामुदायिक विद्यालयले इन्टरनेट जडान गरे नगरेको यकिन हुन सकिएन ।यसवाट तोकिएको उद्वेश्य प्राप्ति भएको सम्बन्धमा विश्वस्त हुन सकिदैन । अत: विद्यालयले शुल्क भुक्तानीको विल/प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सिनं | गो भौनं र मिति | विद्यालयको नाम | करम |
|---|---|---|---|
| १ | २५२।२०८०।०९।२० | खान्द्रोङ माध्यमिक विद्यालय | १२,००० |
| २ | २५२।२०८०।०९।२० | कुरुम्वा माध्यमिक विद्यालय | १२,००० |
| ३ | २५२।२०८०।०९।२० | सृजङ्घा आधारभूत विद्यालय | १२,००० |
| ४ | २५२।२०८०।०९।२० | जनज्योति आधारभूत विद्यालय | १२,००० |
| ५ | २५२।२०८०।०९।२० | सरस्वती आधारभूत विद्यालय | १२,००० |
| ६ | २५२।२०८०।०९।२० | जालपा आधारभूत विद्यालय | १२,००० |
| ७ | २५२।२०८०।०९।२० | पञ्चेश्वरी आधारभूत विद्यालय | १२,००० |
| | | जम्मा | ८४,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,००० |

६२.८ **व्यावहारिक अभ्यास खर्चः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।८१ क्रियाकलाप नं २.७.१३.५० अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान अन्तर्गत प्राविधिक धार संचालन गरेका (९-१२) का विद्यालयलाई प्रतिविद्यर्थी वार्षिक रु १५०००। का दरले अनुदान दिनसक्ने साथै प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका,२०७३ बमोजिम कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यवहरिक अभ्यास गराउनुपर्ने उल्लेख छ ।त्यसरी प्राप्त रकम विद्यालयले विद्यार्थीलाई निर्वाह खर्च बापत प्रति महिना १ हजारका दरले सम्वन्धित विद्यार्थीको खातामा जम्मागर्नुपर्ने उल्लेख छ । चन्द्रेश्वर मा. वि. खानोद्रोङले कक्षा १० मा अध्यनरत १८ जना विद्यार्थीको प्रति विद्यार्थी १५०००।- का दरले जम्मा रु २,७०,०००।०० निकासा लिएकोमा व्यहारिक अभ्यासमा संलग्न १८ जना विद्यार्थीको मासिक रु १००० का दरले ३ महिनाको रकम रु ५४,०००।-बैंकमा दाखिला गरेको प्रमाण पेश भएको देखिएन । उक्त प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,००० |

६२.९ **स्थानीय भत्ताः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता भुक्तानी गर्दा राष्ट्रिय किताबखाना (शिक्षा) बाट तलवी प्रतिवेदन पारित गराई भुक्तानी गर्नुपर्दछ। गुप्तेश्वर मा.वि. याङवरकमा स्थायी दरबन्दी भई काजमा मिक्लाजुङ गाउँपालिका शिक्षा शाखा प्रमुख भइ कामकाज गरी बसेका श्री तिर्थराज मिश्रले तलवी प्रतिवेदनमा उल्लेख नभएको स्थानीय भत्ता प्रति महिना रु १७३०।- का दरले जम्मा रु २०,७३०।- स्थानीय भत्ता भुक्तानी भएको पाइएकोले यसरी बढी भुक्तानी रकम सम्वन्धितबाट असूल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,७६० |

६२.१० **सामुदायिक सिकाई केन्द्र अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २,७,१३,११ शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत विभिन्न मापदण्डहरुमा बाषिर्क साधारण सभा भएको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको, साधारण सभाबाट बजेट र कार्यक्रम पारित गरेका सामुदायिक सिकाई केन्द्रलाई बार्षिक रु २,५०,०००।÷अनुदान निकासा गर्ने सक्ने उल्लेख छ ।पालिकाले आर्थिक बर्ष २०८०।८१ मा निम्न बमोजिमका समुदायिक सिकाई केन्द्रलाई निकासा दिएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म उक्त मापदण्ड पुरा गरेको देखिएन । यसको मुख्य कारण समयमा साधारण सभा नहुनु हो भनि कार्यालयवाट जानकारी प्राप्त भएको छ ।यसवाट सामुदायिक सिकाई केन्द्रमा मापदण्ड पालना भई आर्थिक अनुशासन कायम भएको छ भन्न विश्वसनीय आधार देखिएन ।अत: मापदण्ड पुरा गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सिनं | भौनं र मिति | सिकाइ केन्द्रको नाम | रकम |
|---|---|---|---|
| १ | ५९८÷२०८१।०३।२४ | एघार दोबाटो सामुदायिक सिकाइ केन्द्र | २,५०,००० |
| २ | ६०६÷२०८१।०३।२४ | रवि सामुदायिक सिकाइ केन्द्र | २,५०,००० |
| | | जम्मा | ५,००,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

६२.११ **कार्यसंचालनमा आधारीत प्रोत्साहन अनुदानः** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान बमोजिम देहाय विद्यालयहरुलाइ आर्थिक बर्ष २०८०।८१ मा अनुदान निकासा गरेको छ ।पालिकाले समय समयमा अनुगमन गरी अनुगमन प्रतिवेदन शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र पठाउनुपर्ने उल्लेख छ । पालिकाले अनुदान रकमको अनुगमन गरेको प्रमाण पेश नभएको । यसवाट उक्त सामाग्रिहरुको उपयोग भए नभएको यकिन हुन सकिएन ।उक्त पुस्तिकाको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| सिन | भौनं र मिति | विद्यालयको नाम | कामको प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | ५७९।२०८१।०३।२३ | दुर्गा मावि रवि | विज्ञान प्रयोगशाला | ६४७०२७ |
| २ | ५८३।२०८१।०३।२३ | चन्द्रोदय मावि दसमिडाँडा | सूचना प्रविधि | ६४९५४७ |
| ३ | ५८१।२०८१।०३।२३ | कुरुम्वा मा वि | सूचना प्रविधि | ६४९५४७ |
| ४ | ५८५।२०८१।०३।२३ | दुर्गा मावि साराङडाँडा | सूचना प्रविधि | ६४९५४७ |
| ५ | ५७७।२०८१।०३।२३ | शहिद शुक्रराज आ वि | विज्ञान प्रयोगशाला | ३२३५०९ |
| | | जम्मा | | २९, १९ , १७७ |

६३ **एकिकृत पाठ्यक्रम तालिमः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.३०२ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास अन्तरगत एकिकृत पाठ्यक्रम सम्वन्धी कस्टमाइज्ड तालिम प्रदान गर्न एकीकृत पाठ्यक्रमसम्बन्धी प्रशिक्षक प्रशिक्षणमा सहभागि तथा शिक्षा विकास तथा समन्वय इकाइबाट तालिम प्राप्त गरी विज्ञ प्रशिक्षकबाट तालिम संचालन गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं मिति ४४१÷२०८१।२।२३ बाट सहभागिको यातायात खर्च, खाजा खर्च र प्रशिक्षक भत्ता खर्च गरेको दखिन्छ ।तालिम प्रदान गर्ने देहायका व्यक्तिहरुलाई प्रशिक्षण भत्ता बापत रु ३०,६००।÷भुक्तानी गरेकोमा प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाणपत्र पेश गरेको देखिदैन यसबाट परीक्षण र सिकाईको लक्ष्य पुरा भएको विश्सनीय आधार देखिदैन । अत: प्रशिक्षक प्रशिक्षण तालिम प्रमाणपत्र वा तोकिए बमोजिम बिज्ञ प्रशिक्षक भएको आधार र पुष्ट्याई पेश गर्नुपर्ने रु.

| **सिनं** | **भौनं मिति** | **नाम** | **सेसन** | **रकम** | **कर कट्टी** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| १ | ४४१÷२०८१।२।२३ | रामचन्द्र प्रसाद गुप्ता | ७ | ७००० | १०५० | ५९५० |
| २ | ४४१÷२०८१।२।२३ | दिल बहादुर गुरुङ | ७ | ७००० | १०५० | ५९५० |
| ३ | ४४१÷२०८१।२।२३ | दिपक आचार्य | ८ | ८००० | १२०० | ६८०० |
| ४ | ४४१÷२०८१।२।२३ | टेक बहादुर कटुवाल | ७ | ७००० | १०५० | ५९५० |
| ५ | ४४१÷२०८१।२।२३ | प्रम प्रकाश साह | ७ | ७००० | १०५० | ५९५० |
| | | **जम्मा** | | **३६०००** | **५४००** | **३०६००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,६०० |

६४ **दोहोरो भुक्तानीः**

सिंहदेवी माध्यमिक विद्यालयका शिक्षक विजय कुमार यादवलको मिति २०८०।१०।१९ मा श्री माध्यमिक विद्यालय बखरीभाठ जलेश्वर नगरपालिका महोत्तरीमा सरुवा भई मिति २०८०।१०।२१ मा रमाना लिएकोमा निजको रमानामा मिति २०८० पौष सम्मको तलब भुक्तानी भएको उल्लेख भएतापनि निजलाई माघ महिनाको २१ गते सम्म तलब भुक्तानी भएको देखिएको र माघ महिनाको तलब सरुवा भएको विद्यालबाट समेत भुक्तानी हुने भएकोले २१ दिन बराबरको रु० ३१,०९७।– सरुवा भएको विद्यालयबाट भुक्तानी नभएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,०९७ |

६५ **पाठ्य पुस्तक निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा सार्वजनिक निकायले २० लाख भन्दा कमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिक मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्रविधिक तथा आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने उल्लेख छ। साथै पालिकाले सो सम्बन्धि कुनै पनि नर्म्स नबानाई गो. भौ. नं. मिति ४७-**०८१**।३।२४ बाट स्थानीय पाठ्यपुस्तक निर्माणका लागि हरिचन्द्र लावतीलाई रु. ७,२०,०००।- भुक्तानी दिएको छ। नियमावली अनुसार प्रस्ताव माग गरेको देखिएन। साथै परामर्शदाताले गर्नुपर्ने कार्यको TOR समेत नबनाई सिधै खरिद गरेको देखियो। यसरी ऐन विपरित खरिद भएको कार्य नियम सम्मत देखिएन रु

| | |
|---|---|
| अनियमित भएको | ७,२०,००० |

६६ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.६६,७३,५७१।- तलब भत्ता भुक्तानी गरेको पाईयो । शसर्त अनुदानबाट शिक्षकको तलब भत्ता व्यवस्था भएकोमा समानीकरण अनुदानबाट खर्च लेखेको मनासिव देखिदैन।

| भौ नं मिति | अनुदान पाउने विद्यालय | रकम |
|---|---|---|
| ७४-०८१।३।३० | जलपादेवी आ. वि. लिम्बु भाषा शिक्षक | ४६१५२ |
| ३५६-०८०।९।२० | विभिन्न ७ वटा विद्यालयहरुलाई स्वयम सेवक शिक्षक तथा भाषा शिक्षक अनुदान | ७२१६१४ |
| ३६६-०८०।९।२३ | सरस्वती आ. वि. लुमाङ्गदिन शिक्षक सहयोग अनुदान | १३६५०० |
| ४१४-०८०।१०।२५ | सार्वजनिक मा. वि. बाल विकास शिक्षक अनुदान | ६०००० |
| ४९५-०८१।१।६ | लिम्बु भाषा कक्षा व्यवस्थापन | ४४६१४ |
| ५०५-०८१।१।१४ | विभिन्न ७ वटा विद्यालयहरुलाई स्वयम सेवक शिक्षक तथा भाषा शिक्षक अनुदान | ४९३५०० |
| ६०६-०८१।३।१० | विभिन्न ५ वटा विद्यालयहरुलाई स्वयम सेवक शिक्षक तथा भाषा शिक्षक अनुदान | ५४४००० |
| ६०६-०८१।३।१० | सरस्वती आ विद्यालयलाई शिक्षण सहयोग अनुदान | ९३११४ |
| ३-०८०।६।३० | ३ वटा मा. वि. लाई ११ र १२ संचालन अनुदान | २१९९९९ |
| ११-०८०।१०।२५ | ४ वटा मा. वि. लाई ११ र १२ संचालन अनुदान | ८२०००० |
| २७-०८१।१।१७ | १० वटा मा. वि. लाई ११ र १२ संचालन अनुदान | २१३१८६७ |
| १९-०८०।१२।१६ | सार्वजनिक मा. वि. लाई ११ र १२ संचालन अनुदान | १९६००० |
| ४५-०८१।३।१८ | ९ वटा मा. वि. लाई ११ र १२ संचालन अनुदान | १०२०००० |
| १८१-०८१।१।६ | दुर्गा मा. वि. शिक्षक अनुदान ११ र १२ पुँजीगत तर्फ | १४६२११ |
|  | जम्मा | ६६७३५७१ |

६७ **अतिरिक्त समय भत्ताः**

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को निमय ५५ र ५६ मा स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्टमा काम गर्ने कर्मचारीलाई अतिरिक्त समय र सार्वजनिक विदाको दिनमा काम गरे वापत सट्टा विदा दिने यदि सट्टा विदा नलिने कर्मचारीहरुलाई अतिरिक्त पारिश्रमिक दिन सकिने उल्लेख छ । साथै कार्यसंचालन निर्देशिका, २०७७ को बुदा नं. ७.१.४मा अतिरिक्त समयको भत्ता वितरण गर्दा अनिवार्य रुपम विद्युतीय हाजिरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौचरबाट रवि आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीलाई अतिरिक्त सेवा, विदा तथा सट्टा विदाको दिन काम गरेवापत रु.१५,२६,३८९।- भुक्तानी भएको देखिन्छ।अतिरिक्त समय काम गरेको गरी भत्ता भुक्तानी गर्दा स्वास्थ्यकर्मीहरुलाई सोझै भुक्तानी नगरी पालिकाले दिपक बर्देवा र भुपेन्द्र प्रसाद मण्डलको खातामा एकमुष्ट भुक्तानी गरेको र । भुपेन्द्र मण्डल र दिपक बर्देवाले अन्य व्यक्तिलाई भरपाईबाट वितरण गरेको प्रमाण पेश गरेको छ । पालिकाले विद्युतीय हाजिर वेगर ड्युटी तालिका, ओ.पी.डी. सेवा प्रवाहको विवरण, भर्ना भएका विरामी संख्या र अतिरिक्त समयमा कार्य गरेको पुस्ट्याई हुने पर्याप्त आधार र प्रमाण बेगर अतिरिक्त भत्ता भुक्तानी गर्नु मनासिव देखिदैन । गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उक्त बेहोरा उल्लेख भएको मा सुधार भएको देखिएन । विगतमा लागु गरिएको विद्युतीय हाजिर समेत हाल कार्यान्वयनमा भएको देखिएन । यसबाट पर्याप्त पुष्ट्याई वेगर उक्त अतिरिक्त भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएकोले सो को पुस्ट्याइ गर्ने प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | कर्मचारीको नाम | रकम |
|---|---|---|
| ११६।२०८०।०७।२२ | भुपेन्द्र प्रसाद मण्डल | ४६०८६९ |
| २६०।२०८०।०९।२४ | दिपक बर्देवा | ४७१८०५ |
| ३५९।२०८०।१२।१३ | दिपक बर्देवा | ५९३७१५ |
| | **जम्मा** | **१५२६३८९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,२६,३८९ |

६८ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) अनुसार सार्वजनिक निकायले २५ लाख सम्मको लागत अनुमान भएको औषधी खरिद गर्दा सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै नियमावलीको नियम १० अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढीको खरिद कार्य गर्न खरिद योजना तयार गरी सोहि अनुसारको खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले खरिद योजना तयार नगरेको र औषधी आपूर्ति पश्चातको परीक्षण (post delivery inspection report- PDI)पेश गरेको देखिएन । यसरी नियम विपरित हुने गरी रकम भुक्तानी गरेकोले आगामी दिनमा खरिद योजना तयार गरी सोहि अनुसार खरिद गरी खरिद कार्यलाई मितव्ययी र प्रतिष्पर्धी बनाउनुपर्दछ । साथै गुणस्तर स्पेशिफिकेशन परीक्षण हुनुपर्दछ।

| गो. भौ. नं. र मिति | विवरण | सप्लायर्सको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २४७-०८०।७।१ | औषधि खरिद स्वास्थ्य सांस्थाबाट | प्यासिफिक फर्मा | २४९४०८ |
| २८२-०८०।७।२२ | औषधि खरिद | अधिकारी मेडिकल हल | ६११४१२ |
| ३९५-०८०।१०।१४ | पशुतर्फ औषधि खरिद | गणतौंला भेट फार्मा | ९९१९५ |
| ४०६-०८१।३।२४ | पशुतर्फ औषधि खरिद | रेग्मी भेटनेरी औषधि | ९९५१३ |
| | जम्मा | | १०५९५२८ |

६९ **दीर्घरोगिलाई उपचार खर्चः**

मृगौला प्रत्यारोपण गराएका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ को बुदा नं. ४ मा मासिक रु. ५,०००।- उपलब्ध गराउने उल्लेख छ। पालिकाले कार्यविधि बनाई समान्य दीर्घरोगिलाई रु. ५०००।-, मध्यम दीर्घरोगिलाई रु. १००००।-, कडादीर्घरोगिलाई रु. २००००।- र दुर्घटनामा परी अंग भंग भएकालाई रु.२००००।- अनुदान वितरण गरेको छ। पालिकाले १४९ जना दीर्घरोगिलाई वर्षभरी रु. २६२००००।- अनुदान वितरण गरेको छ। पालिकाले आन्तरिक आय र राजस्व बाँडफाँडले खाम्नेगरी अनुदान वितरण गर्नु पर्दछ।

७० **कृषि तथा पशु तर्फः**

यस तर्फ देखिएका बेहोरा निम्न अनुसार छन्ः

७०.१ पालिकाले आ.व २०८०।८१ मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम अनुदान वितरण कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका वेहोरा देहायबमोजिम छन्

| भौ. नं. मिति | अनुदानको विवरण | रकम |
|---|---|---|
| ७-०८०।८।१३ | तरकारीको विउ खरिद तथा वितरण | ८७९०० |
| ४३-०८१।२।१ | तरकारीको विउ खरिद तथा वितरण | ९९९०० |
| ४६-०८१।३।१७ | तरकारीको विउ खरिद तथा वितरण | ३२२०० |
| ९-०८०।९।६ | प्लास्टिक टनेल खरिद तथा वितरण | ४९९८८ |
| २-०८०।८।१५ | उन्नत जातको घाँसको विउ वितरण निशुल्क ८३३ के जी | ७४९७० |
| ५७५-०८१।२।३० | कृषि प्राङ्गारिक मल खरिद तथा वितरण | ९१००० |
| ६८१-०८१।३।२० | बोरा सिउने मेसिन तथा प्रिन्टेड व्याग वितरण टोखा कृषि समुहलाई | १००००० |

**अनुदानको उपयोग**: सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्बन्धमा प्रतिवेदन पेश गर्नु पर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन यकिन गर्न सक्ने गरी अनुगमन मूल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संबन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

७०.२ **पशुपन्छी अनुदानः** पालिकाले आफ्नो क्षेत्रभित्र अनुगमन तथा पशुपंन्छीहरुको लगत संकन गरी लम्पी खोप कार्यक्रम संचालन गर्नुपर्नेमा सो नगरी लम्पी महामारीबाट पशुधनमा क्षति पुगेका १७ जना किसानहरुलाई रु. ३०५८८.२३ का दरले रु. २,५०,०००।- नगद अनुदान वितरण गरेको देखिन्छ। पालिकाले यस प्रकारका कार्यमा नियन्त्रण गर्दै पशुपन्छीमा रोग लाग्नु भन्दा पहिले नै लम्पी खोप कार्यक्रम संचालन गरी पशुधनको ठुलो क्षतिहुनबाट जोगाउनेतर्फ ध्यान दिनुपर्दछ।

७०.३ **कृषक प्रोत्साहन पुरस्कारः** पालिकाले कृषक प्रोत्साहन पुरस्कार कार्यविधि, २०८० तर्जुमा गरी ४० मुरी धान फलाउनेलाई रु. ५०,०००।-, ३५ मन आलु फलाउनेलाई रु. २५,०००।- र ४ फुट उचाई र २० फुट लम्बाई भएको मकैको थाङग्रो भएकालाई रु. ३०,०००।- प्रोत्साहन पुरस्कार वितरण गर्ने व्यवस्था गरेको छ। जस अनुसार ४० मुरी धान फलाउने १०२ जनालाई ५०,०००। का दरले रु. ५,१०,०००।-, ४ फुट उचाई र २० फुट लम्बाई भएको मकैको थाङग्रो फलाउने २२६ जना कृषकलाई रु. ३०,०००।- का दरले रु.६७,८०,०००।- र ३५ मन आलु फलाउने १५६ जनालाई रु. २५,०००।- का दरले रु. ३९,००,०००।- समेत कूल रु. १,५७,८०,०००।- पुरस्कार वितरण गरेको छ। पालिकाले लागत साझेदारीको आधारमा कृषि उत्पादनमा सहयोग पुर्याउने सामाग्री, उपकरणहरु, उन्नत जातका विउविजन तथा प्रारङ्गरिक मलहरुमा प्रोत्साहन वितरण गर्नुपर्ने र यस्तो उत्पादन प्रत्येक बर्ष बढे नबढेको अभिलेख राख्ने व्यवस्था नगर्दा उत्पादकत्व बृद्धि नहुने तर क्षेत्रफल बढी भएको कृषकले यस्तो पोत्साहन रकम सधै पाईराख्ने र कम क्षेत्रफल खेती गर्ने किसान यस प्रोत्साहन प्रणालीबाट लाभान्वित हुन नसक्ने अवस्था देखिन्छ । अत: प्रयाप्त सूचक र बैज्ञानिक आधार बेगर पुरस्कार स्वरुप नगद नै वितरण गर्दा पालिकालाई दीर्घकालिनरुपमा भार पर्ने देखिन्छ । यस कार्यमा पुनरविचार गर्नुपर्ने देखिन्छ।

७१ **किसान सूचीकरणः**

किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ बमोजिम प्रत्येक स्थानीय तहले किसान सूचीकरण गर्नुपर्ने साथै उक्त अभिलेख स्थानीय तहको वडा समिति मार्फत प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०८०।८१ मा पालिका भित्रका ९४१

घरधुरी सूचीकरण गरेवापत गो.भौ.नं. मिति ५३४-२०८१।०३।१९ बाट रु ९९,१००।- भुक्तानी गरेको देखिन्छ तर लेखापरीक्षणको अवधिसम्म पनि उक्त अभिलेख प्रमाणिकरण गरेको नदेखिएकोले वडा समिति निर्माण गरी अभिलेख प्रमाणिकरण गर्नु पर्दछ ।

७२ **प्रजनन् रुग्णताः**

सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धी मार्गदर्शन २०८०।८१ को क्रियाकलाप नं २.७.२२.१०५०४ मा प्रजनन् रुग्णता स्वास्थ्य सेवा कार्यक्रम प्रत्येक स्थानीय तहले मंसीर महिनाभित्र शिविर संचालन गरी नमुना संकलन गरीसक्नु पर्ने भनि उल्लेख छ । पालिकाले उक्त कार्यक्रमा विनियोजत बजेट रु ८५,०००।– रकमबाट तोकिएको अवधि भन्दा ५ महिना ढिलो गरी मिति २०८१। ०२।१ र २ मा उक्त कार्यक्रम संचालन गरेको देखिन्छ । साथै सेवा ग्राहिको विवरण HMIS रजिष्टर अभिलेखिकरण गरेको समेत पाईएन । यसबाट सेवा प्रवाहमा ढिलाई हुन गई तोकिएको आवधिक लक्ष्य पुरा भएको देखिएन अत: पालिकाले मार्गदर्शन बमोजिम समयमानै कार्य संचालन गरी कार्यक्रमको उद्धेश्य पूर्तीतर्फ ध्यान दिनु पर्दछ ।

७३ **सामुदायिक वनः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेश गरेको तथा वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत पालिकामा दाखिला गरेको देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ ।

७४ **नन्फाइलरः**

मुल्य अभिबृद्धि कर ऐन,२०५३ कोदफा१९(१) अनुसार करदाताले प्रत्येक कर अबधिको कर सोअबधि समाप्त भएको पच्चिस दिनभित्र बुझाउनुपर्ने उल्लेख छ । पालिकाले आर्थिक बर्ष २०८०।८१ मा सुमंगला सप्लायर्स लाई विभिन्न स्यानिटरि प्याड खरिद बापत पालिकाले भुक्तानी गरेको मूल्य अभिबृद्धि कर रकम उक्त कम्पनिले दाखिला गरेको नदेखिएकोले कर समायोजन पत्र माग गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौनं र मिति | आपुर्तिकर्ता | नन्फाइलर मिति | भ्याट नं | कर योग्य रकम | मू अ कर | ३ ०% कट्ट | बाँकी |
|---|---|---|---|---|---|---|---|
| ५८७९÷२०८१।३।२३ | सुमंगला सप्लायर्स | २०८०।T।२। | ६१७३६१३७२ | १०६१९१२ | १३८०४८ | ४१४१४ | ९६६३४ |

| प्रमाण पेश नगरेको | ९६,६३४ |
|---|---|

७५ **हाजिरी बेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने छ। पालिकाले रोजगार सहायक संजय काफ्ले जेठ र असार महिनाको पारिश्रमिक वापत रु ६८,७६५ ।- भुक्तानी गरेकोमा निजको जेठ र असार महिनाको हाजिरी खाता परीक्षण गर्दा कार्यालयमा हाजिर भएको नदेखिएकाले यसरी विना हाजिरी तलब भत्ता भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६८,७६५ |
|---|---|

७६ **जिन्सी दाखिलाः**

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **३३४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७७ **स्थानीय बजार अनुगमन समितिः**

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २८(१) मा उपभोक्ताको अधिकार संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा बजारको स्थलगत सुपरीवेक्षण तथा अनुगमन गर्नको लागि सम्बन्धित गाउँ पालिकाको कार्यपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गरी अनुगमन गर्नुपर्ने उल्लेख छ । पालिकाले बजार अनुगमन गरेको देखिएन ।पालिकाले समिति गठन गरी अनुगमन गर्नु पर्दछ ।

७८ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ७६ जनालाई औसत ९९ दिनले ७५२८ दिन रोजगारी उपलव्ध गराई रु ५०,२८,७०४।÷ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । केहि उदाहरणहरु निम्नानुसार छन् ।

| क्र.स. | आयोजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | कालिदह खानेपानी लाईन मर्मत | ६०१२०० |
| २ | टोल स्तरीय पदमार्ग निर्माण तथा मर्मत सुधार योजना | ६०१२०० |
| ३ | झँक्री पधेरो पदमार्ग बाल वि के जामुनबोटे फेन्दपमा सेवा पैदलमार्ग निर्माण | ५३४४०० |
| ४ | सरखम्ब लामा गाउ कुला मर्मत योजना | ५३४४०० |
| ५ | नयाँ थप युवारुप योजना | ४००८०० |
| ६ | मोटर बाटो मर्मत योजना | ५८९१७६ |
| ७ | आलु तरकारी उत्पादन तथा सडक ढलनाली सिंचाइ कुलो सरसफाई योजना | ५८९१७६ |
| ८ | आलु तथा प्याज उत्पादन कार्यक्रम | ५८९१७६ |
| ९ | मेवा खोला डाँडा कुलो सिंचाइ मर्मत योजना | ५८९१७६ |

७९ **कार्यविधि विपरित उपभोक्ता समितिवाट निर्माण कार्यः**

समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७७ (संशोधन समेत ) दफा ८(१) मा विशेष अनुदान रकम खर्च गर्दा अवलम्बन गर्नपर्ने कार्यविधि तोकिएको छ। त्यस्तै दफा ८(२) मा विशेष अनुदानका योजना कार्यक्रमहरु उपभोक्त समितिबाट गराउन नहुने तथा कार्यक्रम हेरफेर गर्न नहुने उल्लेख छ । पालिकाले उल्लेखित कार्यविधि विपरित यो वर्ष देहाय अनुसार दुई योजना विशेष अनुदानबाट सञ्चालित हुने गरी स्वीकृत भएको देखियो । उक्त योजना सञ्चालन सार्वजनिक खरिद ऐन नियम अनुसार प्रतिस्पर्धात्मक मूल्यमा ठेक्का बन्दोवस्त गरी गर्नुपर्नेमा कार्यविधि विपरित उपभोक्ता समिति मार्फत योजना कार्यान्वियन गरी रु.१,३०,७६,६२७।– खर्च गरेको देखियो । अनुदान सम्बन्धी कार्यविधिले तोकेको मपदण्डको पालना गरिनु पर्दछ ।अनुदान सम्बन्धि कार्यविधि विपरित उपभोक्ता समितिबाट योजना सञ्चालन गरी खर्च गरेको अनियमित देखिएको रु...

| सि. नं | बिशेष अनुदानका योजनाहरु | बजेट रकम | खर्च रकम रु. |
|---|---|---|---|
| १ | कुमालटार कुलो बाझगरा सिंचाई आयोजना | ५६००००० | ५५९३१०३ |
| २ | लेछेवा कुलो मुहान कुरुङ खोला सिंचाई आयोजना | ७५००००० | ७४८३५२४ |
| जम्मा | | | १, ३० , ७६ , ६२७।- |

| अनियमित भएको | १,३०,७६,६२७ |
|---|---|

८० **झोलुङ्गे पुल तर्फः**

यस तर्फ देखिएका बेहोरा निम्न अनुसार छन्ः

८०.१ **सामाग्रीमा ओभरहेड-** सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिदको लागत अनुमान गर्दा सोमा ओभरहेड समावेश गर्ने कुनै व्यवस्था छैन ।पालिकाले यो वर्ष झोलुङ्गे पुलका पार्टसहरु खरिदका लागि लागत अनुमान तयार गर्दा लागतमा थप १५ प्रतिशतका दरले ओभरहेड समावेश गरेको देखियो । सो लागत अनुमानमा ओभरहेड बाहेक रु.४१,२५,२२९।२५ मा १३ प्रतिशत मूल्य अभिबृद्धि कर रु.५,३६,२७९।८० समेत जम्मा रु.४६,६१,५०९।०५ हुनुपर्नेमा रु.६,९९,७१४।१२ ओभरहेड थप गरी रु.५३,६१,२२३।१२ को लागत अनुमान स्वीकृत गरी १५ दिनको शिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरी रु.४६,२९,१३३।०४ मा मिति २०८०।०९।१५ भित्र सामाग्री आपूर्ति गर्ने गरी २०८०।०४१० मा सम्झौता भएको देखियो ।उक्त आपूर्तकले १३.३८ प्रतिशतले घटिमा सम्झौता गरेको समेतलाई विश्लेषण गर्दा मूल्य अभिबृद्धिकर समेत रु.८,१८,३१४।०६ मा १३.३८ प्रतिशतले घटेको दर घटाउँदा रु.७,०८,८२४।- बढी लागत पर्न गएको छ। खरिदकार्यको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश नगर्ने व्यवस्था गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।खरिद कार्यको लागतमा ओभरहेड समेत समावेश गरी गलत लागत अनुमान तयार गरी ठेक्का सम्झौता गर्दा वढी व्यभार पारेको रु...

| अनियमित भएको | ७,०८,८२४ |
|---|---|

८०.२ **झोलुङ्गे पुल निर्माण** :देहाय अनुसारका झोलुङ्गे पुल निर्माण गर्न उपभोक्ता समितिसँग मिति २०८१।०३।२४ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०८०।०९।२० मा सम्झौता भएकोमा उक्त झोलुङ्गे पुलको लागि रु.४,६२,९१,३३।०४ पार्टसहरु खरिद गरिएको उक्त पार्टसहरु जडान नगरी मौज्दात राखेको पाईयो । समयमै पुल निर्माण सम्पन्न गरी नागरिकलाई सहज सेवाको सुनिश्चतता गरिनु पर्दछ ।

| सि. नं | योजनाको नाम | उपभोक्ता समिति | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्ने मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | हाङसारी थामथुम झोलोङ्गे पुल | हाङसारी थामथुम झलोङ्गे पुल निर्माण उपभोक्ता समिति | ३५६५१००.३२ | २०८०।०९। २० | २०८० ।०३। २४ | ० |
| २ | याक्से नरकटे झोलोङ्गे पुल | याक्से नरकटे झलोङ्गे पुल उपभोक्ता समिति | ३०६६५१५.७७ | २०८०।०९। २० | २०८० ।०३। २४ | ० |
| ३ | बालापा खान्द्रोङ झोलुङ्गेपुल | बालापा खान्द्रोङ झोलुङ्गेपुल उपभोक्ता समिति | ३७०६८४९.६३ | २०८०।०९। २० | २०८० ।०३। २४ | ० |

८१ **स्वीकृत नभएको योजना कार्यान्वयन :**

पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा स्वीकृत गरेको बार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित योजनाहरु स्वीकृत भएको देखिदैन। यद्यपि पालिकाले आसमोटे / खोन्द्रोङ झोलुङ्गे पुल निर्माण र सप्तमी / हिवारीडाँडा झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति समिति गठन गरी झोलुङ्गे पुल निर्माण कार्य गरी रु.४८,९८,६४१।- भुक्तानी गरेको देखियो । कार्यक्रम स्वीकृत नगरी योजना कार्यान्वयन गर्नु नियमसम्मत देखिएन । गाउँसभाबाट स्वीकृत भएका योजना मात्र कार्यान्वयन गरिनु पर्दछ ।

| गो. भौ . नं र मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | खर्च रकम |
|---|---|---|---|
| ८४- २०८१।०३।२४ | आसमोटे / खोन्द्रोङ झोलुङ्गे पुल निर्माण | आसमोटे / खोन्द्रोङ झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | २७१४५७१ |
| ८४- २०८१।०३।२४ | सप्तमी / हिवारीडाँडा झोलुङ्गे पुल निर्माण | सप्तमी / हिवारीडाँडा झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | २४८४०७० |
| जम्मा | | | ४८९८६४१ |

८२ **बास्तविक मूल्य भन्दा बढीको लागत अनुमान र भुक्तानी :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने तथा नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेछेवा कुलो मुहान कुरुङ खोला सिंचाई उपभोक्ता समितिलाई अन्तिम बिलको गो.भौ.नं ६९-२०८१।०३।२० बाट भुक्तानी गर्दा एच.डी.पि.ई पाईप NS standard based on PE 100 को २५२ मिटर पाइपको लागत अनुमान तथा सम्झौतामा प्रति के.जी रु. ३८२।८० का दरले ४१०३.३४ के.जी को जम्मा रु.१५,६७,८०८।१५ उल्लेख गरी सोही अनुसार नापजाँच र मूल्याङ्कन भएको देखियो । उक्त उपभोक्ता समितिले पेश गरेको विल भरपाई नमुना परीक्षण गर्दा धरान प्लास्टिकको विजक नं ००७० बाट जम्मा २५२ मिटर पाइपको जम्मा रु.१००८४९८।३९ को बिल पेश भएको छ ।लागत अनुमान तथा मूल्याङ्कन कै परिमाण अर्थात २५२ मिटर पाइप खरिद गरेको र उक्त पाईपको ढुवानी खर्च बापत रु.५५,३९७।५० समेत उक्त आइटमबाट जम्मा रु.१०,६३,८९५।८९ खर्च भएको देखियो। यसरी खरिद बिल भन्दा रु.५,०३,९१२।२९ को बढीको मूल्याङ्कन गरी भुक्तानी गरेको छ । वास्तबिक लागत भन्दा बढी मूल्य राखि जिल्ला दर रेट तयार भएको तथा लागत अनुमान तयार गर्दा बजार मूल्यलाई आधार नलिएको कारण उपभोक्ता समितिलाई घटीको बिल बिजक पेश गर्दा समेत बढी भुक्तानी भएको देखिन्छ। यसबाट बिल बमवजिम यथार्थपक मूल्याङ्कन तथा भुक्तानी नभएको र घटि रकममा खरिद गरेको पाइपको गुणस्तर समेत परीक्षण गरेको नदेखिएकाले उक्त भुक्तानीलाई रितपूर्वकको मान्न सकिने अवस्था रहेन । अत: बास्तविक लागत भन्दा बढी भुक्तानी भएको रकम रु.५,०३,९१२।२९ अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ५,०३,९१२ |

८३ **हेभी इक्विपमेण्टको प्रयोग तथा उपभोक्तासँग सम्झौता गरी निर्माण व्यावसायीबाट कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवा मामितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका,आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ।उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रम मुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ। उपभोक्ता समितिले हेभि इक्वीपमेन्टको प्रयोग गरेको तथा निर्माण व्यावसायी प्रयोग गरी निर्माण कार्य गरेको कार्यका केही उदाहरण देहाय वमोजिम रहेका छन।

| गो. भौ . / मिति | योजनाको नाम/ उपभोक्ता समिति | प्रगोग गरिएको निर्माण व्यावसायी | रकम रु. |
|---|---|---|---|
| 319-2081/03/18 | तिनतले कृषि सडक मर्मत उपभोक्ता समिति वडा नं ६ | बालार्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९७५०० |
| 283-2081/03/11 | मिक्लाजुङ दुर्दिम्बा सडक मर्मत उपभोक्ता समिति वडा नं ८ | शिव गणेश सन्तोष निर्माण प्रा.लि. | ७८०००० |
| 278-2081/03/10 | सडक मर्मत तथा व्यवस्थापन उपभोक्ता समिति मिक्लाजुङ-०४, रवि | सम्बन्ध कन्स्ट्रक्सन प्रा.लि. | ४८२६२५ |
| 254-2081/02/32 | कुखुरेटार दोभान मोटरबाटो मर्मत उपभोक्ता समिति वडा नं ७ | टिम बिल्डर्स प्रा.लि. | २१९३७५ |
| 232-2081/02/21 | वडा कार्यालयबाट कर्णाली मझुवा हुदै थापा भञ्याङ मोटरबाटो ट्रयाक खोल्ने र स्तरोन्नती वडा नं १ | गौडेनी निर्माण सेवा प्रा.लि. | ३६०७५० |
| 230-2081/02/21 | वडा कार्यालय देखि लुवाखोला, सेवा हुदै माङजाबुङ जाने बाटो स्तरोन्नति र सोलिङ उपभोक्ता समिति वडा नं १ | गौडेनी निर्माण सेवा प्रा.लि. | ३४१२५० |
| 202-2081/01/17 | याक्सा लप्सीबोटे अपुरो सडक उपभोक्ता समिति वडा नं ५ | गजुरमुखि निर्माण सेवा एण्ड ट्रेडर्स | २१९३७५ |
| 155-2080/12/16 | वडा नं १ भरिको मोटरबाटो सोरसार उपभोक्ता समिति कार्यक्रम | हलेसी महादेव कन्स्ट्रक्सन प्रा.लि. | २३६२०३ |
| 105-2080/11/16 | ७ नं वडा मुख्य बाटो मर्मत सम्भार उपभोक्ता समिति | शिव गणेश सन्तोष निर्माण प्रा.लि. | ४८२६२५ |
| 79-2080/10/09 | टोल स्तरिय मोटरबाटो मर्मत सुधार योजना उपभोक्ता समिति वडा नं २ | एल एम बि निर्माण सेवा प्रा.लि. | ३९०००० |
| ६६०१५ | १ देखी ९ मोटरबाटो मर्मत उपभोक्ता समिति | रेडमार्क कन्स्ट्रक्सन प्रा.लि. | ७६८४५६ |
| 142-2080/12/09 | बेमौसमी चर्षातको कारण अवरोध मर्मत उपभोक्ता समिति मिक्लाजुङ-०४ | सम्बन्ध कन्स्ट्रक्सन प्रा.लि. | १०१४८३० |
| 114-2080/11/21 | बेमौसमी चर्षातको कारण अवरोध मर्मत उपभोक्ता समिति मिक्लाजुङ-१ | गौडेनी निर्माण सेवा प्रा.लि. | ९००००० |

८४ **साना सिंचाइ योजना तर्फः**

नेपाल सरकार र स्वीस सरकार विकास सहयोग एसडीसी विच साझेदारी २०७७ श्रावण १ देखि २०८१ पौष १६ सम्म साना सिंचाइ दोस्रो चरणको कार्यान्वियन गर्ने गरी साझेदारी पत्रमा हस्तक्षर भएको देखियो । उक्त कार्यक्रमको प्रोग्राम डकुमेण्टको ७.२ मा डिटेल फाइनान्सियल प्लान उल्लेख छ । सम्झौतामा उल्लेखित फाइनान्सियल प्लान अनुसार लागत साझेदारी : क्रमश स्वीस सरकार विकास सहयोग एसडीसीले ३० प्रतिशत, संघीय सरकार २० प्रतिशत, प्रदेश सरकार २० प्रतिशत, स्थानीय तहको २० प्रतिशत र उपभोक्ताको १० प्रतिशत लागत साझेदारी रहने गरी आयोजना कार्यान्वियन गर्ने उल्लेख छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार उल्लेख छ :

८४.१ गाउँपालिकाले गत वर्षका क्रमागत ३ योजना समेत १३ योजना सञ्चालन गरी रु.५ करोड ६२ लाख ९९ हजार र गत विगतको दायित्व रु.४० लाख १५ हजार समेत साना सिंचाई तर्फ रु. ६ करोड ३ लाख १४ हजार खर्च गरेकोमा उपभोक्ता समिति व्यवस्थापन खर्च रु.१४ लाख ३५ हजार स्थानीय तह व्यवस्थापन खर्च रु.३ लाख ७७ हजार र टुल्स इक्यूपमेण्ट तथा वीमा वापतको खर्च रु.१६ लाख १४ हजार खर्च गरेको देखियो ।

८४.२ **स्रोतगत खर्च**: पालिकाले साँना सिचाई योजनाहरुको भुक्तानी गर्दा श्रोतगत खर्च अनुपात मिलाई खर्च गर्नुपर्दछ। जसअनुसार सम्वन्धित योजना संघ सरकारको श्रोतवाट ५०(वैदेशिक सहयोग समेत) प्रतिशत, प्रदेश सरकार २० प्रतिशत, सम्वन्धित स्थानीय तहवाट २० प्रतिशत र उपभोक्ता समिति समेतले १० प्रतिशत अंश व्यहोर्नुपर्ने देखिन्छ। क्रमागत तथा यस वर्ष सञ्चालित देहाय वमोजिमका १३

योजनामा रु.५ करोड ६२ लाख ९९ हजार भुक्तानी गर्दा स्थानीय श्रोतवाट व्यहोर्नुपर्ने २० प्रतिशत अंश भन्दा बढी देखिएको र संघीय सरकार तथा स्वीस विकास नियोग र प्रदेश सरकारबाट घटी साझेदारी देखियो । विगतमा गाउँपालिकाबाट घटी लागत साझेदारी भएको कारण यस वर्ष रु.८१ लाख ५१ हजार ६१ बढी लागत साझेदारी गरेको देखिएको छ। परियोजना बिकास सम्झौता अनुसार तहगत सरकारबीच साझेदारी हुनेगरी श्रोत मिलान गरी प्रदेश सरकार र स्वीस विकास नियोग तथा संघीय सरकारबाट सोधभर्ना प्राप्त गरेको प्रमाण पेश गर्नु पर्ने रु..

| सि. नं. | विवरण | अनुपात | हुनुपर्ने खर्च | भएको खर्च | बढी / घटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका तर्फ | २० प्रतिशत | १२५१०९०० | २०६६१९६८ | ८१५१०६८ | बढी लागत साझेदारी |
| २ | स्वीस विकास नियोग र संघीय सरकार | ५० प्रतिशत | ३१२७७२४८ | २६१८३५४९ | ५०९३६९९ | घटी लागत साझेदारी |
| ३ | प्रदेश सरकार | २० प्रतिशत | १२५१०९०० | ९४५३५३१ | ३०५७३६९ | घटी लागत साझेदारी |
| जम्मा | | | ५६२९९०४८ | ५६२९९०४८ | | |
| नोट : गत वर्षको दायित्व भुक्तानी भएको रु . ४ , ०१५ , २२८। – यस विवरणमा संलग्न छैन । | | | | | | |

| प्रमाण पेश नगरेको | ८१,५१,०६८ |
|---|---|

८४.३ **अग्रिम आयकर घटी कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ मा ५० लाख भन्दा बढीको उपभोक्ता समितलाई भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ। पालिकाले नावा थामथुम खोला दोभान जल उपभोक्ता समितिलाई जम्मा रु.९३९३८१३।- को मूल्याङ्कन गरी भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर रु.१४०९०७।- कट्टी गरी भुक्तानी गर्नुपर्नेमा रु.१३१८५६।- मात्रै कर कट्टी भएकाले रु.९०५१ घटी कर कट्टी गरेको सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु...

| असुल गर्नुपर्ने | ९,०५१ |
|---|---|

८४.४ **उपभोक्ता समितिलाई सीमाभन्दा बढीको कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ।तर पालिकाले देहायका चार योजनाको लागत अनुमान १ करोड भन्दा बढी लागत हुने योजनाहरु उपभोक्ता समितिसँग सम्झौता सम्झौता गरी रु.२ करोड ५२ लाख ३८ हजार २५६ भुक्तानी गरेको छ।सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरित हुने गरी सीमा भन्दा बढीको लागत अनुमानका ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| सि. नं | योजनाको नाम | बास्तविक हुनु पर्ने लागत अनुमान | पालिकाले बनाएको लागत अनुमान | जम्मा मूल्याङ्कन | बजेट खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नावा थामथुम खोला कोक्लेबुङ घुमाउने सिंचाई योजना | ११८५०००० | 9494499.12 | ९३९३८१३.७७ | ८५४५०४९ | क्रमागत |
| २ | लिवुवा थामथुमखोला गसर्दुम घुमाउने सिंचाई योजना | १२२५०००० | 9915376.21 | ९७९८११७.२७ | ८८१८३०५ | क्रमागत |
| ३ | पसले कुलो सिंचाई योजना | ११६५०००० | ९२९४६९३.४७ | ८७४९८९१.५३ | ७८७४९०२ | यस वर्ष |
| **जम्मा** | | | | | **२५२३८२५६** | |

८४.५ सार्वजनिक खरिद नियमावली, २०६४ ९७ (ख) मा एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ । सोहि उपनियमको १(क) मा उल्लेखित एक करोड रुपैयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समाबेश हुनेछ भन्ने उल्लेख छ। यस वर्ष कार्यालयले लागत अनुमान स्वीकृत गरेका योजनाको नमुना छनौट गरी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतसमावेश नगरी यस वर्ष पसले कुलो सिंचाई योजना सिँचाई योजनको वास्तविक रु.१,१६,५०,०००।- को लागत अनुमान हुनुपर्नेमा पालिकाले लागत अनुमान तयार गर्दा घटाएर रु.९२,९४,६९३।४७ कायम गरेको देखियो । उक्त योजनाको लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश गर्दा उपभोक्ताले निर्माण गर्न मिल्ने १ करोडको सीमा भन्दा बढी हुने देखिन्छ।यसरी उपभोक्तालाई सीमा भन्दा बढीकोनिर्माण कार्यको सम्झौता गरी यस वर्ष रु.८७,४९,८९१।५३ को मूल्याङ्कन गरी रु. ७८,७४,९०२।– भुक्तानी दिएको देखियो । उक्त सीमा भन्दा बढीको कार्य अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७८,७४,९०२ |

८४.६ **व्यवस्थापन खर्च** : सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ताबाट खरिद सबन्धमा उल्लेख भएकोमा सो मा ब्यवस्थापन खर्च दिईने ब्यवस्था छैन । यस पालिकाले संचालन गरेको small irrigation program (SIP) – phase II तर्फ निम्नानुसार योजनामा उपभोक्तालाई WUAS Management cost बापत Total Civil Cost को २% का दरले व्यवस्थापन खर्च भुक्तानी गरेको देखियो । सम्झौताको साथ पेश भएको कागजातमा अर्थ मन्त्रालय र नेपालस्थित स्वीट्जरल्याण्ड राजदुताबास बीच भएको MOU को बुँदा नं ९७ मा " 2% of the total construction cost is used as the management cost by the Water User Association. This was based on the schedule 1- use of contingency fund as per the Local Resource Mobilization Guidelines, 2069. WUAs can use this for travel cost of WUA members, WUA Stationery and communication, honorarium for Cos, Public hearing and audit costs. Project information based and so on" भनी उल्लेख गरेको आधारमा उक्त २% ब्यवस्थापन शुल्क खर्च गरेको कार्यालयले जनाएको छ । उक्त स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ हाल खारेज भईसकेको र सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्तालाई यसरी ब्यवस्थापन शुल्क दिने भन्ने व्यवस्था नभएकोले कार्यालयले गरेको उक्त व्यवस्था ऐन तथा नियमावलीसंग बाँझिएको देखिएको र निर्माण उपभोक्ताबाट कार्य गराउँदा उपभोक्ताको पनि जनसहभागिता परिचालन हुने र राज्यको कम स्रोत परिचालन बढी उपलब्धी हासिल गर्ने भन्ने सार्वजानिक खरिद ऐन तथा नियमावलीको मनसाय बमोजिम नदेखिएकोले यस्तो खर्च लेख्न मिल्ने देखिदैन। यस वर्ष उपभोक्ता समितिले प्रशासनिक खर्च वापत रु.१४ लाख ३५ हजार भुक्तानी गरेको रकमबाट ईन्धन, खाना, स्टेशनरी लगायतका शिर्षकमा खर्च गरेको देखियो। सम्झौतामा व्यवस्था गरी कानुनसम्मत नभएको खर्च भुक्तानी दिएको मनासिव देखिदैन।उपभोक्ता समितिलाई प्रशासनिक खर्च दिएको सम्बन्धमा पुनर्विचार गर्नुपर्दछ ।

८४.७ नेपाल सरकार र स्वीस सरकार विकासवीच भएको सम्झौताको प्रोग्राम डकुमेण्टको ७.२ मा डिटेल फाइनान्सियल प्लान उल्लेख भए बमोजिम गाउँपालिका र एस.आई.पी. आयोजना बिच भएको साझेदारी पत्र २०७७ अनुसार उपभोक्ता समितिलाई सिभिल वर्कको ३ प्रतिशत सामुहिक दुर्घटना बीमा र सुरक्षा समबन्धि खर्च गर्न सक्ने उल्लेख छ ।पालिकाले यस वर्ष १२ योजनाका जल उपभोक्ता संस्थाका सदस्यको वीमा तथा सुरक्षा उपकरण तथा मेशिन औजार खरिदमा रु.१६ लाख १४ हजार खर्च गरेको देखियो। खरिद गरिएका मेशिनरी टुल तथा औजार समाग्रीहरु उपभोक्ता समितिले आफ्नो जिन्सी आम्दानी जनाइ आगामी दिनमा योजनाको मर्मत सम्भारमा समेत उपयोग हुने व्यवस्थित गरिनु पर्दछ।

८५ **१५ शैय्या अस्पताल निर्माणः**

गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको अस्पताल निर्माणका लागि ठेक्का नं MRM/NCB/works-11/2077/78 मार्फत निर्माण व्यवसायी सीएम कृष्णलक्ष्मी जेभीसँग रु १२,२७,०२,०२८।८० (मूल्य अभिवृद्धी कर समेत) रहेकोमा

२०७८।११।१५ गाँउसभावाट प्रथम भेरिएसन स्वीकृत गरी शूरु सम्झौता रकमको ६१.६५ प्रतिशत अर्थात रु. ७,५४,२५,५१४।१६(मुअकर समेत) थप भै सम्झौता रकम रु.२२,३८,८४,१३४।६५(मूअकर समेत) पुगेको देखिन्छ।उक्त निर्माण कार्य २४ महिनामा सम्पन्न गर्नेगरी २०७८।१।८ मा सम्झौता भएको देखियो ।निर्माण कार्यको दोस्रो पटक म्याद थप गरी सम्पन्न गर्नुपर्ने अवधि मिति २०८२।१।१० सम्म थप भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन :

८५.१ **गुरुयोजना तथा डिजाईन** - स्वास्थ्य भवन पूर्बाधारको डिजाईन तथा निर्माण सम्बन्धी निर्देशिका २०७३ को परिच्छेद २ को दफा २.३.३ ग अनुसार कुनै स्वास्थ्य संस्था परिसरमा भबन निर्माण गर्दा सो भबन समग्र संरचनाको अभिन्न अंगको रुपमा रहने कुरालाई ध्यानमा राखी निर्माण गर्नुपर्ने, निर्माण पूर्व संस्थाको बृहत गुरुयोजना तयार गरी उक्त गुरुयोजनाको अबधारणासंग मेल खाने गरी उक्त भबनको ब्लकहरुलाई संस्थाको परिसरमा निर्माण गर्नुपर्ने व्यबस्था छ । यस गाउँपालिकाले स्वास्थ्य भवन पूर्बाधार निर्माण गर्दा गुरुयोजना तयार गरे पनि स्वीकृत गरेको छैन । साथै भवनको डिजाइन स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको नमूना डिजाईनहरु स्वास्थ्य सेवा प्रयोजनकोलागि आवस्यक पर्ने स्थान, योजना कार्यान्वियन गर्ने निकायले सो नमूना नक्सा प्रयोग गर्नु पूर्व निर्माण स्थलको विस्तृत सर्भे तथा बस्तुस्थितिको अध्ययन गर्नुपर्ने, अध्ययनको आधारमा नमूना नक्सालाई निर्माणस्थलको अवस्थासँग सामञ्जस्य हुने गरी व्यवस्थापन गर्नुपर्ने र सो गर्दा आवस्यक परे नक्साको मर्म तथा अबधारणामा सारभूत रुपमा परिवर्तन नहुने गरी परिमार्जन समेत गर्न सकिने उल्लेख छ । यस गाउँपालिकाले भवन निर्माण कार्यस्थलको अवस्थाको मूल्याङ्कन वेगर मन्त्रालयले उपलब्ध गराएकै प्रोटोटाईपको आधारमा अस्पताल भवन निर्माण गरेको देखिन्छ ।गाउँपालिकाको आन्तरिक आय,सेवाग्रहीको उपस्थिती लगायतलाई विश्लेषण गर्दा स्थानीय आवश्यकता भन्दा ज्यादै ठुलो र खर्चिलो संरचना निर्माण हुन गएको देखियो ।आगामी दिनमा यस्ता संरचना निर्माण गर्दा स्थानीय तहले स्वमूल्याङ्कन गरी उपयुक्त संरचना निर्माण गर्नुपर्दछ ।

८५.२ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८०।१।८ मा सम्पन्न गर्नुपर्नेमा दोस्रो पटक समेत २०८२।१।८ सम्म म्याद थप भएको देखिन्छ। निर्माण व्यवसायीले गत वर्ष सम्म रु.१३,०६,०७,२६८।८१ भुक्तानी भएकोमा यस वर्ष आठौँ र नवौँ रनिङ विलबापत रु.८,४४,३९३८।- समेत वर्षको अन्त्यसम्म रु.१३,९५,५१,२०६।९९ (मूअकर समेत)यो बर्षको अन्त्यसम्म निर्माण कार्यको करिव ६२.३३ प्रतिशत वित्तीय तथा ८५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। भौतिक तथा वित्तिय प्रगति मध्ये भेरिएसन भै थप भएको स्टोन मेशीनरी वाल र ग्यावियन वालको कार्य समावेश भएको छ भने भवन कार्यको ३ वटा ब्लकको स्ट्रक्चरको कार्य पुरा भई सवै ब्लकको फिनिसिङ्ग , सेनिटरि र इलेक्ट्रिफिकेशनको कार्य हुँदै गरेको देखियो। पालिकाले म्याद थप भएको अवधिमा निर्माण कार्य सम्पन्न गर्न प्राभावकारी अनुगमनका साथै आवश्यक बजेट व्यवस्थापनका लागि समन्वय गरी तोकिएको समयमा निर्माण सम्पन्न गरी पूर्ण क्षमतामा अस्पताल सञ्चालन गरिनु पर्दछ ।

८५.३ **बीमाको म्याद समाप्त तथा थप कार्यको बीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले सम्पुर्ण निर्माण कार्य, कामदार, उपकरण, र निर्माण कार्यको विमा गराउनुपर्ने ब्यवस्था छ। निम्न निर्माण कार्यमा भेरिएसनवाट रु. ७,५४,२५,५१४।१६ को कार्य थप भएको देखिन्छ। कार्यालयले थप भएको कार्यको ११५ प्रतिशतले हुने रु. ८,६७,३९,३४१।२८ बरावरको बीमा गराएको देखिएन। त्यस्तै बीमा वापत रु.२,५०,०००।– भुक्तानी भएकोमा बीमाको मान्य अवधि २०८१ मंसीर (२०२३।११।१८) मा नै म्याद समाप्त भएको देखियो । सम्झौताको शर्त अनुसार थप भएको कार्य र बीमा सम्बन्धी जी.सी .सी / एस.सी.सी मा तोकिएको सम्पूर्ण शर्तहरु पुरा भएको निर्माण अवधि तथा त्रुटी सच्याउने अवधिलाई समेत कभर गर्ने गरी वीमा पोलिसी कर विजक पेश गर्नुपर्ने रु …

| ठेक्का न | निर्माण व्यवसायी | विवरण | भेरिएसन रकम | विमा प्रतिशत | विमा गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| 11/2077/78 | सीएम कृष्णलक्ष्मी जेभी | १५ शैय्या अस्पताल | ७, ५४ , २५ , ५१४।१६ | ११५ | ८, ६७ , ३९ , ३४१।२८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

८५.४ **सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणको कार्य** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले भेरियशसन स्वीकृत नगरी Machine made Brick work in 1: 4 c/s Motar above ground floor मा कार्य शुरु सम्झौतामा उल्लेखित परिमाण भन्दा ७०.५४ घ.मि. को प्रति घ.मि.को रु.१५,०००।- ले जम्मा रु.११,९५,६५३।- देहाय अनुसार बढी परिमाणको भुक्तानी गरेको देखियो । बढी परिमाणको भेरिएशन स्वीकृत हुनुपर्ने अन्यथा असुल हुनु पर्ने रु...

| सि. नं | कार्य विवरण | समझौतामा उल्लेखित परिमाण | भुक्तानी परिमाण | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | Machine made Brick work in 1: 4 c/s Motar above ground floor | २६.०२ | ९६.५६ | ७०.५४ | १५००० | १०५८१०० |
| मूअकर | | | | | | १३७५५३ |
| जम्मा रकम | | | | | | ११९५६५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,९५,६५३ |

८५.५ **सम्झौताको अवधिमा पेश्की कट्टी नगरेको तथा पेश्की जोखिममा** : कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको कन्डिसन आफ कन्ट्रयाक्टको जीसीसी ५७.३ मा भुक्तानी ३० प्रतिशत नाघे पश्चात् रनिङ्ग विल भुक्तानीको २० देखि ४० प्रतिशत सम्मका दरले सम्झौता अवधिको ८० प्रतिशत समयभित्र पेश्की फर्सौट गरी सक्नुपर्ने उल्लेख छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३) मा पेश्की दिदाँ वाणिज्य बैङ्कको जमानत पेश गर्नुपर्ने र वैङ्क जमानत को मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्सौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले निर्माण व्यवसायी सीएम कृष्णलक्ष्मी जेभीलाई अग्रिम भुक्तानी स्वरुप रु.२,१७,००,०००।- प्रदान गरेकोमा गत वर्ष सम्म फर्स्यौट भै रु.२१,२५,००० वाँकी रहेको छ। निर्माण व्यवसायीले पेश्की जमानत वापत कृषि विकास वैङ्क लिमिटेडको APG0123/0135/5574/21 को २०८१।२।३० मा जमानतको म्याद समाप्त भएको देखियो। अत: पेश्की रु.२१,२५,००० जमानत वेगर पेश्की वाँकी रहेको देखिन्छ।जमानतको म्याद समाप्त भएको पेश्की असुल गरी संचितकोष दाखिला गर्नुपर्ने भनि गत वर्षको लेखपरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा पेश्की जमानतको म्याद २०८१।२।३० सम्म थप गरेको देखिए पनि असुल गरी संचितकोष दाखिला गरेको देखिएन ।सम्झौताको शर्त अनुसार पेश्की असुल फर्स्यौट गरिनुपर्दछ।

८५.६ **भेरिएसन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले अस्पताल भवन निर्माण गर्ने कार्यका लागि सम्झौता गरे पश्चात २०७८ असोज कार्तिकमा भएको अविरल बर्षाका कारण निर्माणाधिन अस्पताल स्थानमा पहिरो गई निर्माण स्थललाई सुरक्षित गर्न ग्याबियन वाल र रिटेनिङ वालको थप कार्य गर्न २०७८।११।१५ गाँउसभावाट प्रथम भेरिएसनवाट शूरु सम्झौता रकमको ६१.६५ प्रतिशत अर्थात रु. ७,५४,२५,५१४।१६(मूअकर समेत) थप भै सम्झौता रकम रु.२२,३८,८४,१३४।६५(मूअकर समेत) पुगेको देखिन्छ।उक्त भेरिएशन रकम रु.७,५४,२५,५१४।१६(मूअकर समेत) गत वर्ष नै भुक्तानी गरेको देखियो । पालिकाले भेरिएसन आदेश जारी गर्दा मिति २०७८।७।२ को भौगर्भिक अध्ययन अनुसार गरेको, निर्माणकार्यको डिजाइन परिवर्तन हुने तथा लागत अनुमानको २५ प्रतिशत भन्दा वढि व्ययभार थपिने उल्लेख भएको देखिएतापनि उक्त अध्ययन प्रतिवेदन भेरिएसनका साथ संलग्न गरेको छैन।पालिकाले निर्माणको परियोजना प्रतिवेदन तयार गर्दा निर्माण स्थलको भौगर्भिक अध्ययन प्रभावकारी नभएको कारण निर्माण कार्यमा ६१.६५ प्रतिशत लागत थप भैसकेको अवस्था देखिन्छ।पालिकाले भेरिएसन गरी लगाएको मेशीनरी वाल ६ मिटर चौडाईको रहेको, वालको स्लोप भर्टिकल रहेको देखिन्छ ।पहिरो रोक्ने कार्यको लागि सो साईजको वाल निर्माण गरेको औचित्यता समेत रहेको देखिदैन। पालिकाले निर्माण कार्यको पूर्वतयारी, पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण

लागत वृद्धि भएको देखिएकाले विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदातालाई समेतलाई थप जिम्मेवार र जवाफदेही वनाउनुपर्ने देखिन्छ।

८५.७ **म्याद थप :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ।पालिकाले तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यावसायीलाई दोस्रो पटक समेत गरी २०८२।०१।०८ सम्म म्याद थप गरेको छ ।उक्त निर्माण कार्यको २०८२।०१।०८ सम्म म्याद थप भएको देखिएतापनि लेखापरीक्षण अवधि २०८१ भाद्र २४ सम्म भौतिक प्रगति ८५ प्रतिशत मात्र भएकाले निर्माण कार्य सम्पन्न हुने विश्वसनीय आधार देखिएन।नियमानुसार निर्माण कार्य सम्पन्न गरिनु पर्दछ।

८५.८ **भवनको स्थलगत अनुगमनः** निर्माण कार्यस्थलको लेखापरीक्षण टोली र कार्यालयको व्यवस्थापन टोलीले मिति २०८१।०५।२३ गते स्थलगत अनुगमन गर्दा हाल निर्माण व्यवसायी साइटमा मोविलाइज भएतापनी निर्माण स्थलमा न्यून संख्यामा जनशक्ति रहेको देखियो। सम्झौता भएको अवधिमा निर्माण कार्य सम्पन्न नभई पटक - पटक म्याद थप हुँदा समेत कार्यतालिका बमोजिम कार्य नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गरी सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गरिनु पर्दछ ।





निर्माण स्थलको स्थलगत अवलोकनबाट भवनमा प्लास्टर लगायतका फिनिसिङको कार्य हुँदै गरेको देखियो।निर्माण व्यावसायीले कामदारलाई पूर्ण रुपमा परिचालन गरेको अवस्था छैन।जसले गर्दा निर्माण कार्यमा ढिलाइ भएको अवस्था छ ।त्यस्तै निर्मित संरचना पहिरोको जोखिममा रहेको कारण अनिबार्य बीमा गर्नुपर्ने तथा भवनको तलपट्टी वृक्षारोपण गरी भूक्षयबाट जोगाउनुपर्ने देखिन्छ।अत : अस्पताल जस्तो संवेदनशिल संरचना तोकिए बमोजिम समयमै निर्माण कार्य सम्पन्न हुनुपर्छ।

८६ **बिओक्यूमा साइट अफिस भाडा तथा मेशिनरी उपकरण :**

सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णय अनुसार निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्ग गर्न र सवारी साधन यन्त्र उपकरण लगायत ठेक्काको विल अफ क्वान्टिटीमा उक्त आइटमहरु राखेर निर्माण व्यवसायीलाई भुक्तानी नमिल्ने उल्लेख छ । पालिकाले यस वर्ष ठेक्का व्यवस्थापन गरेका देहायका ठेक्काहरुमा साइट अफिस भाडा , ल्याप्टप कम्प्यूटर लगायतका आइटमहरु समावेश गरी ठेक्का व्यवस्थापन गरेको देखियो । उक्त आइटमहरु ठेक्कामा राखेर भुक्तानी गर्न नमिल्ने देखिएकाले आगामी दिनमा समेत योजना भन्दा असम्बन्धित आइटमहरु समावेश गरी लागत अनुमान तयार गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।यस वर्ष ठेक्का व्यवस्थापन गर्दा साइट अफिस भाडा , ल्याप्टप कम्प्यूटर लगायतका आइटमहरु समावेश गरी ठेक्का व्यवस्थापन गरेको उदाहरण देहाय अनुसार छन् :

| क्र.सं | कार्यक्रमको नाम | मोबाइल/ल्यापटप/ अफिस भाडा | बिनियोजित रकम |
|---|---|---|---|
| १ | Ward No 6 Healthpost Construction Work | Product iPad Pro M2 (2022) 11" 128GB, WiFi only | १३२५०० |
| | (MRM/NCB/WORKS-01/080/081) | Supervision, Installation work, Testing and Commissioning and also provision and maintenance of labour camp as | १००००० |
| २ | Krishi Sadak Road Upgrading, Gabion and Causeway Construction Works | Supervision, Installation work, Testing and Commissioning and also provision and maintenance of labour camp as | ५०००० |
| | (MRM/NCB/WORKS-02/080/081) | Dell Inspiron 5420 2-in-1 i7 11th Gen/Nvidia MX350 2GB/16GB RAM/512GB SSD/14" FHD | १६३००० |
| ३ | Road Upgrading, Culvert Construction and River Training Work | Work Supervison, Installation work, Testing and Commisssioning and also provision and maintenance of labour camp | १००००० |
| | (MRM/NCB/WORKS-03/080/081) | Dell Inspiron 5420 2-in-1 i7 11th Gen/Nvidia | १४५००० |
| ४ | Krishi sadak road upgrading, gabion works, culvert construction and river training works | lWork Supervison, Installation work, Testing and Commisssioning and also provision and maintenance of labour camp | १००००० |
| | (MRM/NCB/WORKS-07/080/081) | Dell Inspiron 5420 2-in-1 i7 11th Gen/ | १४५००० |
| जम्मा | | | ९३५५०० |

८७ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्स्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्की लाई बेरुजू नमानिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहायका अनुसारका योजनामा निर्माण व्यावसायी तथा उपभोक्ता समितिलाई रु. ८१ लाख ४१ हजार ५०० पेस्की बाँकी देखिएको छ। बाँकी पेश्की सम्झौतामा तोकीको शर्त बमोजिम र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार असुल फर्स्यौट हुनुपर्ने रु..

| सि.नं. | पेश्की दिएको मिति | ठेक्का नं. | निर्माण कार्य तथ योजनाको नाम | निर्माण व्यवसायी | बाँकी पेश्की | बैक ग्यारेण्टीको म्याद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ६५२४६ | MRM/NCB/WORKS-21/077/078 | ६ न वडा कार्यालय भवन निर्माण | चागे निर्माण सेवा | ७०००० | ६६१८४ | छुट्टै दफामा उल्लेख गरिएको |
| २ | ६६१७६ | MRM/NCB/WORKS-07/080/081 | कृषि सडक निर्माण | अभिन्य ।रियान्स जे.भी. | ५२८५०० | ६६५६५ | छुट्टै दफामा उल्लेख गरिएको |
| ३ | ६६१८० | MRM/NCB/WORKS-20/077/078 | दुर्दिम्बा स्वास्थ्य चौकी भवन क्रमागत | ग्रीनफिल्ड कन्सन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०००००० | ६६२५४ | |
| ४ | ६६१९३ | MRM/NCB/WORKS-07/080/081 | कृषि सडक निर्माण | रियांस इन्फ्रास्ट्रक्चर एण्ड डेभलपर्स प्रा लि | १५८५००० | ६६५६५ | म्याद भित्रको |
| ५ | | MRM/NCB/WORKS-11/077/078 | १५ शैया अस्पताल | सि.एम. कृष्ण लक्ष्मी जे.भी. | २१२५००० | २०८१/०२/३० | छुट्टै दफामा उल्लेख गरिएको |
| उपभोक्ता समिति तर्फ | | | | | | | |
| ६ | ६६०४१ | | लिलिवा सिमलबोटे सिंचाई योजना | लिलिवा सिमलबोटे सिंचाई जल उपभोक्ता संस्था | १११२००० | - | लगती बेरुजु कायम भएको |
| ७ | ४३।२०८१।०३।३१ | महिला तथा वालविकास | कृष्ण दहाल | | ४३००० | | लगती बेरुजु कायम भएको |
| ८ | ४३।२०८१।०३।३१ | महिला तथा वालविकास | विमला न्यौपाने | | ४८००० | | लगती बेरुजु कायम भएको |
| | | | | कुल जम्मा | ८१४१५०० | | |

नोट : बाँकी पेश्की रु. ८१ लाख ४१ हजार ५०० मध्ये रु.५३,५३,५००।– चार वटा ठेक्कालाई छुट्टै दफामा उल्लेख गरिएको र कृषि सडक निर्माण निर्माण तर्फ रु.१५,८५,०००।- म्याद भित्रको पेश्कीलाई सैद्धान्तिक उल्लेख गरी लिलिवा सिमलबोटे सिंचाई योजनाको उपभोक्ता समितिलाई दिइएको पेश्की रु.११,१२,०००।- र केमचारी पेश्की रु.९१०००।- समेत रु. १२०३०००।- लाई लगती कायम गरिएको छ ।

| | |
|---|---|
| पेश्की | १२,०३,००० |

८८ **गत बर्षको दायित्व :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम चालु आर्थिक बर्षको बजेटले नखाम्ने गरी बढी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाको सभाबाट आर्थिक वर्ष २०७९।८० को चालू तथा पुँजिगत शीर्षकतर्फको भुक्तानी दिन बाँकीको विस्तृत विवरण नखुलाई एकमुस्ट बजेट व्यवस्था गरेकोमा मर्मत संभार, बैठक भत्ता, पदाधिकारी पारिश्रमिक, छपाई, विविध खर्च तथा योजनाहरु गरी ९७ योजना तथा कार्यक्रममा रु. २ करोड २० लाख २८ हजार ७४६ खर्च गरेको पाइयो । आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरेको

कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेको देखिन्छ । तसर्थ ठूला तथा बहुवर्षीय योजना तर्जुमा गर्ने तथा कार्यक्रम समयमै संचालन गरी आगामी वर्षको लागि दायित्व सिर्जना गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८९ **निजी नम्बर प्लेटमा रहेका सवारी साधनहरु :**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९ मा सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि सोही दफाको अनुसुची २ को खण्ड घ मा लेखिए बमोजिम सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्ने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरण अनुसार यस पालिकाबाट खरिद भएका देहाय अनुसारका मोटरसाईकल सेतो प्लेटमा रातो अक्षर र अङ्क नभएको पाईयो। पालिकाले तत्काल आफ्नो जिम्मेबारीमा रहेका सवारी साधन ऐनमा भएको व्यवस्था अनुसार सेतो प्लेटमा रातो अक्षर र अङ्क सहित सरकारी सवारी साधनको पहिचान खुल्ने गरी सवारी साधनको व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| सि. नं | विवरण |
|---|---|
| १ | देव मोटर्स प्रा. लि 190 cc HONDA XR बा ४७ प. ४०८४ |
| २ | Apache NTR मे ९ प ७५१८ |
| ३ | यामाहा XTZ प्र. १-०२०४२ प ३९०९ |

९० **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा, ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुल्ला रूपमा बोलपत्र आव्हान गरी गर्नु पर्नेछ र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन विना भेदभाव अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।पालिकाले यस वर्ष प्रतिस्पर्धा वेगर रु.६२ लाख ७० हजार मूल्यका कार्यालय सामाग्री,फर्निचचर तथा फर्निसिङ सामाग्री र कम्प्यूटर प्रिन्टर लगायतका सामाग्रीहरु खुल्ला रूपमा बोलपत्र आव्हान नगरी सोझै खरिद गरेको पाइयो।उक्त सोझै खरिद गरेका सामाग्रीहरु मध्ये रु.२३,८२,४२२।– मूल्यका सामाग्रीहरु पटक पटक गरी एउटै फर्मबाट १० लाख भन्दा बढी प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गरेको अनियमित देखिएको रु...

| सिंन | गोभौनं र मिति | खरिद पटक | खरिद विवरण | आपूर्तिकर्ताको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | २४३/ ५ / ६५ / ३९१ | ३ | कार्यालय सामग्रि | सि एस ई सेल्स एण्ड सप्लायर्स | 1288273 |
| २ | ५६- २०८१।०२।२४ | २ | कार्यालय सामग्रि | पूर्वाञ्चाल सप्लायर्स | १०९४१४९ |
| जम्मा | | | | | २३८२४२२ |

| अनियमित भएको | २३,४२,४२२ |
|---|---|

९१ **ढुवानी भाडा :**

आय कर ऐन, २०५८ को दफा ८८(५) मा बासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं७७-२०८१।०३।२४ बाट कुमलटार कुलो बाझगरा सिंचाई योजनाको अन्तिम विल भुक्तानी गर्दा गाडी भाडा वापत रु.६,८४,२४०।४५ को १० प्रतिशत कर रु. .६८,४२४।- कट्टा गर्नुपर्नेमा रु.५५,९१७।- मात्र कट्टी गरेको देखिएकाले घटी कर रु.१२,५०७।- कट्टा गरेको रकम दाखिला गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु...

| असुल गर्नुपर्ने | १२,५०७ |
|---|---|

९२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका

खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ३,६५,३४६ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । यसका उदाहरण देहाय अनुसार उल्लेख छन्ः

| सि. नं | खर्च विवरण | खर्च रकम |
|---|---|---|
| १ | मिरमिरे युवा क्लव कार्यालय व्यवस्थापन | ६५००० |
| २ | न्यू लाईफ गोस्फल सेवा कार्यालय व्यवस्थापन | ५०००० |
| ३ | किबी तथा फलफुल नर्सरी व्यवस्थापन तालिम | १००००० |
| ४ | सामुदायिक सभाहल व्यवस्थापन कार्य | १५०३४६ |
| जम्मा | | ३, ६५ , ३४६ |

९३ **पूँजिगत शीर्षकबाट तलव अनुदान :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नु पर्दछ। सोही नियमको उप दफा २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्नु हुँदैन भनि उल्लेख छ। पालिकाले पूँजीगत बजेट शिर्षकमा विनियोजन भएको बजेटबाट दुर्गा मा.बि शिक्षक तलव भत्ता अनुदान वापत रु.६,३३,५८१।– भुक्तानी दिएको छ।तोकिएको खर्च शीर्षक भन्दा फरक खर्च शीर्षकबाट गरिएको खर्च अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ६,३३,५८१ |

९४ **मूल्य अभिवृद्धि कर समायोजन :**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर देहायको आपूर्तिकर्तालाई भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.१,०५,८५६।- राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...

| गो. भौ . नं र मिति | आपूर्ति कर्ताको नाम | विजक न | मू.अ.कर दर्ता नम्बर | बिल रकम रु. | मू. अ . कर | ३०% रकम मू.अ.कर |
|---|---|---|---|---|---|---|
| ५६- २०८१।०२।२४ | आरम्भ कम्प्युटर प्रा. लि | २८५ | ६१०१८५७१७ | ३२७१३५ | ३७६३५ | ११२९१ |
| ३०४- २०८१।०३।१५ | भान्जाइनरप्राइजेज | | ३०२५७५५५६ | ३४२१६४ | ३९३६४ | ११८०९ |
| ५- २०८०।०९।२० | सि. एस . ई सेल्स एण्ड सप्लायर्स | ३३ | ६००१२९९७२ | ६६२००९ | ७२७१० | २१८१३ |
| ५- २०८०।०९।२० | पूर्वाञ्चल सप्लायर्स | ३ | ६२०७६०९७१ | ८४२७५४ | ९६९५४ | २९०८६ |
| जम्मा | | | | | | ७३९९९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,९९९ |

९५ **डीपीआर खर्च** -

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ। यसरी यस वर्ष पालिकाले २ वटा अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयन गरेको देखिए पनि विगत वर्षमा अध्ययन भएका १४ वटा प्रतिवेदन मध्ये २ वटा कार्यान्वयन भएको देखिएन।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक

जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वियन गर्नुपर्दछ ।

| क्र.सं. | परामर्शदाता | योजनाको नाम | भुक्तानी रकम | आ.व. | कार्यान्वियन भएको नभएको |
|---|---|---|---|---|---|
| १ | राप्ती मेचि ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. | रवि बजार देखि जरिबुटे बुद्दपार्क जाने बाटो डि पि आर | ११०००००० | २०७६/२०७७ | भएको |
| | | रवि बजार रिङरोड डि पि आर कार्यक्रम | | | |
| | | ४ नं वडा कार्यालयबाट कृषि हाट बजारसम्म जाने सडक डी पी आर | | | |
| | | रवि बजार देखि फुएतप्पा पशुहाट बजारसम्म सम्म मोटरबाटो डि पि आर | | | |
| | | हाटबजार देखि वडा कार्यालय सम्म जाने मो बा डी पी आर | | | |
| | | राम कुमार राईको घर देखि क्याम्पस सम्म जाने सडक डी पी आर | | | |
| | | उत्तरे वडा कार्यालय सेवा माङजाबुङ सडक डिपिआर कार्यक्रम | १७२०००० | २०७६/२०७७ | भएको |
| | | कन्याटार खान्द्रोङ तीनतले बाँझोगरा डिपिआर कार्यक्रम | | | |
| | | सराङडाँडा दोकानडाँडा लसुने मझुवा ओलने दशमी डि पि आर कार्यक्रम | | | |
| | | सोमबारे भदौरे नयाँखोला डि पि आर कार्यक्रम | | | |
| २ | रियल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. | दुर्दिम्बा स्वास्थ्य चौकी र प्रमुख प्रशासकीय अधिकृत क्वाटर डि पि आर कार्यक्रम | ४४२६२१ | २०७६/२०७७ | दुर्दिम्बा स्वास्थ्य चौकी सम्पन्न भएको , प्र.प्र.अ अधिकृत क्वाटरको लागि बजेट बिनियोजन भएको |
| ३ | आर्क हिमालय सर्भिस प्रा.लि. | मिक्लाजुङ कभर्डहल निर्माण डि पि आर | ६००००० | २०७७/२०७८ | नभएको |
| ४ | आर्क हिमालय सर्भिस प्रा.लि. | ३ नं स्वास्थ्य चौकी डि पि आर + 4 नं वडा कार्यालय डि पि आर | ९८५००० | २०७८/२०७९ | ३ नं कार्यान्वियन नभएको, |
| | | | | | ४ नं को लागि आ.व. 2081/2082 मा बजेट बिनियोजन भई बोलपत्र आह्वानको लागि तयारी भईसकेको |
| ५ | आर्क हिमालय सर्भिस प्रा.लि. | एकिकृत नमुना कृषि केन्द्र स्थापना | ६८०००० | २०७६/२०७७ | भएको |
| ६ | कि नोट कन्सल्ट एण्ड विल्डर्स प्रा.लि. | ६ नं स्वास्थ्य चौकी डि पि आर | २९८००० | २०८०/२०८१ | भएको |
| ७ | इष्ट ईन्जिनियरिङ्ग सोलुसन | कुरुङ खोला कल्भर्ट डिपिआर | १९७७५० | २०८०/२०८१ | भएको |

९६ **मोटरसाइकल खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले यस बर्ष विभिन्न आपूर्तिकर्ताबाट रु.१६,९९,६००।- मूल्यका मोटरसाइकल खरिद गरेकोमा प्रतिस्पर्धात्मक मूल्यमा

मित्तव्ययी तरिकाले खर्च नगरी तुलनात्मक रुपमा उच्च लागत भएका मोटरसाइकल प्रतिस्पर्धा वेगर बढी ब्ययभार पार्ने गरी सोझै खरिद गरेको देखियो ।सार्वजनिक कोषको उपयोग गर्दा जिम्मेबार र मितव्ययी ढङ्गले गरिनु पर्दछ।

| सि. नं | आपूर्तिकर्ता | खरिद बिबरण | रकम रु. |
|---|---|---|---|
| १ | देव मोटर्स प्रा. लि | 190 cc HONDA XR | ७६९९००. |
| २ | पाथीभारा अटो प्यालेस | FZS V3 | ४०४८००. |
| ३ | पाथीभारा अटो प्यालेस | FZS V3 | ५२४९०० |
| जम्मा | | | १६९९६००।०० |

**९७ जिन्सी आम्दानी तथा वितरण भरपाई :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने तथा नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने त्यस्तै नियम ९५ मा जिन्सी मालसामानको लगत बनाई आम्दानी जनाउनुपर्ने व्यवस्था छ।पालिकाले रु.१०,६७,९०४।- मूल्यका सामग्रीहरु वितरण गरेको तथा खर्च जनाएकोमा सोको अभिलेख राखेको देखिएन । अत: खर्च जनाएका सामाग्रीहरु सम्बन्धितले बुझेको तथा सम्बन्धित योजनामा खर्च जनाएको प्राविधिक नापजाँच सहितको नापी किताब तथा बितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| गो. भौ . नं र मिति | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| ३४-२०८०।०८।१५ | ५ नं वडा कार्यालयले बुद्ध ट्रेड एण्ड सप्लायर्स बाट ४ पिस इन्भर्टर खरिद गरेको | १००००० | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको |
| ९४-२०८०।१० | ३ नं वडा कार्यालयले आर . एस . कम्प्युटरबाट खरिद गरेका डेक्सटप १ थान , प्रिन्टर १ थान , मनिटर १ थान ४ पिस इन्भर्टर खरिद गरेको | ११०००० | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको |
| २२६-२०८१।२।११ | फ्रिज खरिद १ थान जाली खरिद ८ नं वडाका वडा सचिव केशब कुमार पंडितले खरिद गरेको | १००००० | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको |
| १६८-२०८१।१।०२ | प्रगतिशिल ट्रेडबाट विभिन्न साइजका पाइप खरिद | ३४९८५९ | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको तथा उक्त पाइप योजनामा जडान भएको नापि किताब पेश नभएको |
| २५६-२०८१।२।३२ | वडा नं ७ का वडा सचिव सिर्जना पोख्रेल ले मुनाल एग्रो सप्लायर्सबाट खरिद | ४९०५ | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको |
| २५६-२०८१।२।३२ | वडा नं ७ का वडा सचिव सिर्जना पोख्रेल ले लोटस कम्प्युटर सप्लायर्सबाट १ थान हाइब्रिड इन्भर्टर , २ थान ब्याट्री १ थान क्यानन प्रिन्टर खरिद गरेको | १०८००० | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको |
| ३३५-२०८१।३।२० | वडा नं ४ ले एस. एस . सप्लायर्स बाट ४ थान मिनिटिलर खरिद गरी | १६०००० | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको |
| ३७७-२०८१।३।२४ | वडा नं ४ वडा सचिव विमला न्यौपानेले खरिद गरी २५ थान प्लाष्टिक कुर्ची, क्यानन प्रिन्टर १ थान थर्मस वाल्टी लगायत | ८५१४० | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको |
| ४१२-२०८१।३।२४ | वडा नं ७ का वडा सचिव सिर्जना पोख्रेल ले सोलार इन्भटर खरिद १ थान | ५०००० | सार्वजनिक जिन्सी व्यवस्थापन प्रणालीमा आम्दानी जनाएको नदेखिएको |
| जम्मा | | १०६७९०४ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६७,९०४ |

९८ **विद्युत व्यवस्थापन खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं २७०-२०८१।०३।०५ बाट ८ नं वडा कार्यालय अन्तर्गत विद्युत व्यवस्थापन कार्य भएको जनाई रु.१,२०,०००।- खर्च जनाएको पाइयो । उक्त खर्चको लागत अनुमान प्राविधिक नापजाँच सहितको नापी किताब र विद्युत मर्मत कार्य विद्युत प्राधिकरणबाट नभएको पुष्टाई गर्ने कागजात संलग्न गरेको नदेखिएकाले प्राविधिक नापजाँच सहितको नापी किताब विद्युत प्राधिकरणबाट समेत यस्तो दोहोरो खर्च नगरेको प्रमाण पेश गर्नुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

९९ **वैदेशिक भ्रमणः**

यस गाउँपालिकाका उपाध्यक्ष श्री सन्त कुमार सेर्माले चीनको सांघाईमा सञ्चालित भएको १४ औँ अन्तर्राष्ट्रिय स्तरको रासायिनिक तथा अर्गानिक मल प्रदर्शनी तथा महोत्सवमा भाग लिने क्रममा मिति २०८०।११।२६ देखि २०८०।१२।०९ सम्म सहभागि हुन गएको र उक्त भ्रमण गर्दाको रु.२१७१३९।- दैनिक भ्रमण भत्ता लगायतको खर्च गाउँपालिकाले व्यहोर्ने गरी गाउँ कार्यपालिकाबाट मिति २०८०।१२।१४ मा निर्णय गरेको देखियो उक्त भ्रमण गर्नु अगाडी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृती लिएको देखिएन। पदाधिकारीहरुले वैदेशिक भ्रमण गर्दा अनिवार्य स्वीकृति लिएर मात्र भ्रमण गरिनु पर्दछ ।

१०० **म्याद थपः**

ठेक्का सम्झौतामा भेरिएशन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि ठेक्का सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले गरेको प्रभावको आधारमा दिनगन्तीका हिसाबले म्याद थप गर्नुपर्ने, ठेक्काको काम गरेको डेली डायरी राख्नुपर्ने व्यवस्था छ।खरिद सम्झौतामा निर्धारण भएको अवधीमा कार्यसम्पन्न नभई गत विगतदेखि शुरु भएका तथा यस वर्ष सम्झौता भएका विभिन्न ८ ठेक्का मध्ये ३ वटा ठेक्कामा म्याद थप भएको छ ।सो मध्ये २ वटामा ५१ देखि शत प्रतिशत र १ वटामा १०० प्रतिशत भन्दा बढी अवधि थप भएको छ ।खरिद सम्झौतामा म्यादथप गर्दा समयमा निर्माण कार्य सम्पन्न नभएका कारण अपेक्षित उपलब्धि प्राप्त नहुने, निर्माण कार्यको लागत बढ्ने तथा खरिद व्यवस्थापन कार्य लम्बिन जान्छ । थप भएको अवधीमा तोकिए बमोजिमको कार्य सम्पन्न गराउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| क्र सं | कार्यक्रमको नाम | जम्मा कायम सम्झौता संख्या | म्याद थप भएको सम्झौता संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | अवधि थप गर्नु नपर्ने | शुरु अवधिको ५०% सम्म थप | शुरु अवधिको ५१% देखि १०० % सम्म थप | शत प्रतिशतभन्दा बढी अवधि थप |
| १ | बिभिन्न ठेक्का सम्बन्धी विवरणहरु | ८ | ५ | ० | २ | १ |

१०१ **भेरिएशन :**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियमम ११८ मा भरियशन आदेश जारी गर्दा प्राविधिक पुष्टाइँसमेत पेस गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष सम्पन्न गरेका तथा सञ्चालित योजनाहरुमा अधिकांश योजनाहरुमा ०.७२ प्रतिशत देखि ६१.४७ प्रतिशतको भेरिएसन कार्यपालिकाबाट जारी गरी योजना सञ्चालन गरेको पाइयो। अधिकांश योजनाहरुमा भेरिएसन स्वीकृत गरीकार्य गराएको कारण लागत र समय बढ्न गएको छ।सबै जसो योजनाहरुमा भेरिएसन स्वीकृत गर्दा थप कार्य गर्नु परेको तथा परिमाण बढ्न गएको प्रमुख कारण जनाइ प्राविधिक पुष्टाइ वेगर कार्यपालिकाबाट स्वीकृत भएको देखियो।पालिकाले योजनाहरु कार्यान्वयन गर्दा थप व्यभार नपर्ने गरी लागत र समयलाई विचार गरीप्राविधिक पुष्टाइ हुने भरिएसन समयमै स्वीकृत गरी गुणस्तरिय ढंगले योजना सम्पन्न गरिनु पर्दछ ।यस वर्ष भेरिएसन स्वीकृत भई सम्पन्न भएका योजनाको उदाहरण देहाय अनुसार छन्।

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता मिति | काम समाप्त गर्नुपर्ने मिति | लागत अनुमान रकम | सम्झौता रकम | भेरिएसन रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| procurement of road upgrading, culvert construction and river training work<br>MRM/NCB/WORKS-03/080/081 | Avinya/Riyansh JV | 9/24/2080 | 3/24/2081 | 15499838.2 | 10527822.7 | 75415.8 | 0.72% |
| Krishi Sadak Road Upgrading, Gabion and Causeway Construction Works<br>MRM/NCB/WORKS-02/080/081 | Balaark Construction and Suppliers Pvt. Ltd. | 9/2/2080 | 1/30/2081 | 4561804.96 | 3408808.62 | 792914.83 | 23.26% |
| Construction of Primary Hospital (MRM/NCB/WORKS-11/077/078) | C.M./Krishna Laxmi JV | 1/8/2078 | 1/8/2080 | 180530702 | 122702029 | 75425514.2 | 61.47% |
| Construction of Durdimba Health Post (MRM/NCB/WORKS-20/077/078) | Januka Builders Pvt. Ltd. | 3/1/2078 | 9/1/2079 | 13360559.6 | 9991261 | 2750009.81 | 27.52% |

१०२ **दुरदिम्वा स्वास्थ्यचौकी भवन निर्मणः**

गाँउपालिकाले दुरदिम्वा स्वास्थ्यचौकी भवन निर्मणका लागि ठेक्का नं NRM/NCB/WORKS-20/2077/78 मार्फत निर्माण व्यवसायी श्री जानुका विल्डर्स प्राली सँग रु.९९,९१,२६१।- (मूल्य अभिवृद्धी कर समेत) मा १५ महिना भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।३।१ मा सम्झौता भएको देखियो।पालिकाले यो बर्ष अन्तिम बिल रु.४३,७५,८९४।– भुक्तानी भएको र भेरियशन समेत यो वर्षसम्म जम्मा रु.१,१८,०३,६५२।- भुक्तानी गरी कार्य स्वीकार गरेको देखिन्छ।यस सम्बन्धमा देखिएका वेहोरा देहाय अनुसार छन्ः

१०२.१ **भेरिएसन**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्यचौकी भवन निर्माण कार्य गर्दा पछाडी पट्टीको भागमा बर्षातको कारण पहिरो गई निर्मित संरचना जोखिममा पर्ने कारण जनाई जोखिम न्यूनीकरणको कारण जनाई रिटेनिङ वाल र नयाँ आइटमका फल्स सिलिङ तथा पाइप तथा सेनिटरी आइटमको थप कार्य गर्न कार्यपालिकाबाट निर्णय र सोही निर्णयलाई मिति २०८०।०९।२६ को गाउँसभावाट अनुमोदन गराई भेरिएसन वाट शूरु लागत अनुमानको २५.२८ र सम्झौता रकमको २४.८२ प्रतिशत अर्थात रु. २७,००,५०९।८१ (मुअकर समेत) थप भै सम्झौता रकम रु१,२७,४१,२७१।८१ (मुअकर समेत) पुगेको देखिन्छ। यस वर्ष अन्तिम बिल सम्म भेरिएसन समेत जम्मा रु.१,१८,०३,६५२। अर्थात शुरु सम्झौता भन्दा १८.१४ प्रतिशत बढी भुक्तानी गरेको छ। स्थानीय तहको नीति निर्माण र कार्यकारी उपर नियन्त्रण गर्ने गरिमामय सभाबाट भेरिएसन जस्ता नियमित प्रशासनिक निर्णयहरु गराउने प्रवृतिले वित्तीय अनुशासन र नियन्त्रण प्रणाली कमजोर हुने देखिन्छ। पर्याप्त अध्ययन बेगर निर्माण स्थल छनौट गर्ने, पूर्वानुमान गर्न सकिने बिषयहरु समेत समावेश गरी यथार्थ परक लागत अनुमान तयार नगरेको कारण लागत वृद्धि हुन गएको देखियो। नियमित प्रशासनिक निर्णयहरु समेत गाउँसभाबाट गराई भेरियशन स्वीकृत गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ।

१०२.२ **थप परिमाणको बढी दर :** पालिका र निर्माण व्यावसायी बिच भएको खरिद सम्झौताको जि.सि.सि ४५.१ मा सम्झौतामा उल्लेखित कुनै आइटममा सम्झौता रकमको २ प्रतिशत र सम्बन्धित परिमाण २५% बृद्धि भएमा शुरु १२५ प्रतिशतसम्म सम्झौताकै दरमा र सोभन्दा माथिको परिमाणमा दर विश्लेषण तथा निर्माण व्यावसायीसँग रेट नेगोसेसन गरी कार्य गराउन सकिने उल्लेख छ।पालिकाले १:६ को स्टोन मेशिनरी कार्यको शुरु परिमाणमा ७२.७२ र सम्झौता रकमको १७.७१ प्रतिशतले थप वृद्धि भएको देखियो ।पालिकाले उल्लेखित आइटमको १२५ प्रतिशत भन्दा अतिरिक्त परिमाणको दर विश्लेषण तथा निर्माण व्यावसायीसँग रेट नेगोसेसन गर्दा निर्माण सम्झौता

गर्दाको समयाअवधि भन्दा १ वर्ष पछाडीको लागत निर्धारण गर्दा शुरु लागत अनुमानमा स्टोन मेशिनरीको प्रति घ.मि. रु.९६४२।७५ उल्लेख भएकोमा निर्माण ब्यावसायीले उल्लेखित आइटममा प्रति घ.मि. रु.८०००।- मा २०.८३ प्रतिशत घटीमा कबोल गरेको तथा समग्र ठेक्का अंक २३.६ प्रतिशत घटीमा रहेको तथ्यलाई बिश्लेषण गर्दा लागत अनुमान स्वीकृत भएको तथा सम्झौता भएको १.५ बर्षको अवधिमा इन्धन तथा सिमेण्टको लागत समेत घटेको अवस्थामा शुरु लागत अनुमानको तुलनामा करिब ३५ प्रतिशतले लागत बृद्धि हुने देखिदैन।यसरी बढी दरमा कार्य गराएको कारण गाउँपालिकालाई १४५.१४ घ.मि. को लागत अनुमान भन्दा फरक दरले हुने प्रति घ.मि. रु३,३५७।२५ ले हुने मूल्य अभिवृद्धि कर समेतको जम्मा रु. रु.५,५०,६१६।- असुल गर्नु पर्ने रु...

| आइटम | लागत अनुमानमा उल्लेखित दर | शुरु कबोल गरेको दर | नयाँ कायम गरेको दर | लागत अनुमान भन्दा बढी हुने दर | नयाँ दरमा भुक्तानी परिमाण | बढी ब्ययभार पारेको रकम |
|---|---|---|---|---|---|---|
| | | | | | घ. मि . | |
| २.१.१.१.२.२ | ९६४२.७५ | ८००० | १३००० | ३३५७.२५ | १४५.१४ | ४८७२७१ |
| १:६ Stone masonary work | मूल्य अभिवृद्धि कर | | | | | ६३३४५ |
| | जम्मा रकम | | | | | ५५०६१६ |

| असुल गर्नुपर्ने | ५,५०,६१६ |
|---|---|

१०२.३ **फरक दरमा कार्य :** पालिका र निर्माण व्यावसायी बिच भएको खरिद सम्झौताको जि.सि.सि ४५.१ मा सम्झौतामा उल्लेखित कुनै आइटममा सम्झौता रकमको २ प्रतिशत र सम्बन्धित परिमाण २५% बृद्धि भएमा शुरु १२५ प्रतिशतसम्म सम्झौताकै दरमा र सोभन्दा माथिको परिमाणमा दर विश्लेषण तथा निर्माण व्यावसायीसँग रेट नेगोसेसन गरी कार्य गराउन सकिने उल्लेख छ।पालिकाले उल्लेखित कन्डिसन पुरा नभएको तथा उक्त आइटममा नयाँ दर कायम गर्नु पर्ने नदेखिएको अवस्थामा सम्झौताको आइटम नं.२.१.१.१.१.४ मा उल्लेख भएको Back Filing को कार्यमा १८२।३६ घ.मि कार्यको प्रति घ.मि. रु.५० का दरले हुने जम्मा रु.९,११८।- भुक्तानी हुनु पर्नेमा,९३.९१ घ.मि को प्रति घ.मि रु.५० का दरले रु.४,६९५।– र ८८.४५ घ.मि को प्रति घ.मि रु.१५० का दरले रु.१३,२६७।५० समेत जम्मा रु.१७,९६३।- भुक्तानी भएको देखिएकाले मु अ कर समेत बढी भुक्तानी भएको रु.९,९९५।- असुल गरिनु पर्ने रु.

| असुल गर्नुपर्ने | ९,९९५ |
|---|---|

१०२.४ **एज विल्ड नक्सा :** सम्झौताको जि.सी.सी ७१.२ मा उल्लेख भए बमोजिम निर्माण सम्पन्न पश्चात,निर्माण व्यावसायीले एज विल्ड नक्सा पेश गर्नु पर्ने र पेश नगरेमा रु.२५,०००।- भुक्तानी दिन नमिल्ने व्यवस्था छ ।पालिकाले गो.भौ. ३५०-२०८१।०२।०६ बाट जानुका विल्डर्स प्रा.लि. ले एज विल्ड नक्सा पेश नगर्दा समेत रु.२५,०००।- भुक्तानी रोक्का नराखेको तथा प्रभिजनलसमबाट एज विल्ड नक्सा बापत रु.१९,०००।- समेत भुक्तानी गरेको देखिएकाले रु.४४,०००।- सम्बन्धितबाट असुल गर्नु पर्ने रु...

| असुल गर्नुपर्ने | ४४,००० |
|---|---|

१०३ **वडा नं ६ स्वास्थ्य चौकी निर्माण :**

गाँउपालिकाले स्वास्थ्य चौकी निर्माण भवन निर्मणका लागि ठेक्का नं NRM/NCB/WORKS-1/2080/81 मार्फत निर्माण व्यवसायी श्री ग्रिनफिल्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग रु.१२३२९६२०।०५ (मूल्य अभिवृद्धी कर समेत) मा २०८२।०९।२० महिना भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।०९।२३ मा सम्झौता भएको देखियो।पालिकाले यो वर्ष प्रथम रनिङ बिल बापत रु.१६१२६४२ भुक्तानी गरेको छ।यस सम्बन्धमा भएका व्यहोरा देहाय अनुसार छन् ।

१०३.१ **बहुवर्षीय स्रोत सुनिश्चतता नगरी ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा कार्यालयले बहुबर्षीय दायित्व सिर्जना हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने भएमा अर्थमन्त्रालयबाट बजेट सुनिश्चित गरी स्वीकृत लिनुपर्ने

व्यवस्था छ।त्यस्तै समपुरक अनुदान कार्यविधि, (तेस्रो संशोधन समेत) २०७७ को दफा ४ मा दोहोरो नपर्ने गरी पौष मसान्तभित्र अनुसूची १ को ढाँचामा योजना माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय समपुरक कोषबाट दुरदिम्वा स्वास्थ्यचौकी निर्माण कार्यमा बाँकी रहेको बजेटबाट पूर्व स्वीकृति बेगर वडा नं ६ स्वास्थ्य चौकी निर्माण कार्यको ठेक्का सम्झौता गरी कार्यविधि ऐन तथा नियमावली र समपुरक अनुदान कार्यविधिको पालना नगरी पेश्की समेत रु.३६१२६४२ भुक्तानी गरेको देखियो।आर्थिक कार्यविधि ऐन तथा नियमावली र समपुरक अनुदान कार्यविधिको पालना गरिनु पर्दछ ।

१०३.२ **गाउँसभाले स्वीकृत नगरेको योजना:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा गाउसभाबाट पारित गरी योजना तथा कार्यक्रम सञ्चालन गर्न सकिने उल्लेख छ। त्यस्तै गाउँपालिकाको विनियोजन ऐन,२०८० मा गाउँसभाबाट स्वीकृत योजनमा मात्रै खर्च गर्न सकिने उल्लेख छ।पालिकाले गाउँसभाबाट स्वीकृत नगरेको वडा नं ६ स्वास्थ्य चौकी निर्माण कार्यको ठेक्का सम्झौता गरी रु.३६,१२,६४२।- खर्च जनाएको छ। स्वीकृत बजेट तथा कार्यक्रम विनाको खर्चलाई मनासिव मान्न सकिएन ।गाउँसभाबाट स्वीकृत भएका योजनाहरु मात्र सञ्चालन गरिनु पर्दछ ।

१०३.३ **प्रदेश समपुरक अनुदान साझेदारी** - कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को बुँदा नं ४(२)मा छनौट भएका आयोजनामा प्रदेशले बढिमा ६५ प्रतिशत लागत साझेदारी स्थानीय तहको उल्लेख हुने व्यवस्था छ। कृषि सडक स्तरोन्ती तर्फ जम्मा रु.१ करोड प्रदेश समपुरकबाट बजेट व्यवस्था भएकोमा योजनामा गाउँपालिकाले खर्च रकम रु.७६,१९,९७१।- को ३५ प्रतिशत रकम रु.२६,६६,९८९।- साझेदारी नगरी सत प्रतिशत नै प्रदेश तर्फको बजेटबाट खर्च गरेको देखिएकाले प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.....

| योजनाको विवरण | समपुरक अनुदान | यो बर्षको योजनाको कुल खर्च | ६५ प्रतिशत साझेदारीले हुने रकम | समपुरक अनुदानवाट फिर्ता | बढी खर्च गरेको |
|---|---|---|---|---|---|
| कृषि सडक स्तरोन्ती | १०००००० | ७६१९९७१ | ४९५२९८१ | २३८००२९ | २६६६९९० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,६६,९९० |

१०४ **गुणस्तर व्यवस्थापन :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (ङ) बमोजिम सम्झौता कार्यान्वियनको क्रममा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यहरूको विभिन्न स्वीकृत स्पेशिफिकेशनमा तोकिए बमोजिम खुला तथा सिलबन्दी गरी नमुना लिई सोको परीक्षण गराई गुणस्तर सम्बन्धमा आश्वस्त भए पश्चात् मात्र भुक्तानी गर्नुपर्दछ। पालिकाले अधिकांश निर्माण कार्यको गुणस्तर परीक्षण गराएको नपाइएको हुँदा निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा विश्वस्त हुन सकिएन । पालिकाले निर्माण कार्यको गुणस्तर व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

१०५ **कृषि सडक अन्तर्गत सडकमा कल्भर्ट, ग्याबियन लगायतका निर्माण कार्य 7/2080/81**

कृषि सडक अन्तर्गत सडकमा कल्भर्ट, ग्याबियन लगायतका निर्माण कार्य ठेक्का नं MRM/NCB/WORKS-7/2080/81 मार्फत निर्माण व्यवसायी श्री रियान्स इन्फ्रास्ट्रक्चर्स एण्ड डेभलपर्ससँग रु.१२२९४२६४.२७ (मूल्य अभिवृद्धी कर समेत) मा २०८२।०२।३० भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०८१।०२।२३ मा सम्झौता भएको छ।यस सम्बन्धमा देखिएका बेहोरा अनुसार छन् :

१०५.१ **निर्माण कार्यतालिकाः** उल्लेखित निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको बुँदा ३४.३ मा निर्माण व्यवसायीले हरेक ३० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.५०,००० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । उल्लेखित निर्माण व्यवसायीले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन। सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट रोक्का राख्नुपर्ने रु...

| प्रमाण पेश नगरेको | ५०,००० |
|---|---|

१०५.२ **फरक निर्माण ब्यावसायीलाई पेश्की :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३) मा पेश्की दिदा वाणिज्य बैङ्कको जमानत पेश गर्नु पर्ने र वैङ्क जमानत को मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ।पालिकाले ठेक्का नं MRM/NCB/WORKS-7/2080/81 को निर्माण व्यवसायी श्री रियान्स इन्फ्रास्ट्रक्चर्स एण्ड डेभलपर्ससँग सम्झौता गरी गो.भौ.नं २६-२०८१।०३।०६ बाट रु.५,२८,५००।- फरक निर्माण व्यावसायी अभिन्य / रियान्स जे.भीको खातमा भुक्तानी भएको देखियो। एउटै नाम गरेको जे.भी. सँगसमेत कार्यालयले अन्य काम गरेको कारण भुलबस भुक्तानी भएको पालिकाले जनाएको छ। फरक निर्माण ब्यावसायीलाई भुक्तानी भएको पेश्की रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु...

| असुल गर्नुपर्ने | ५,२८,५०० |
|---|---|

१०६ **ठेक्का बन्दोबस्त :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वियन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वियन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

| क्र.सं. | कार्यक्रमको नाम | ( रु . हजारमा ) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो चौमासिक | | चौथो त्रैमासिक | | आषाढ महिनाको मात्र | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | |
| | NCB/SQ | ६ | ४४१३५ | १ | ४६९१ | ३ | २६२६६ | - | ० | २ | १३१७८ | - | - | |

पालिकाले यस वर्ष रु.४ करोड ४१ लाख ३५ हजार सम्झौता रकम रहेका ६ वटा खरिद सम्झौता भएकोमा पहिलो त्रैमासिकमा १ ठेक्का, दोश्रोमा ३ ठेक्का र चौथोमा २ ठेक्का ठेक्काको सम्झौता भएको पाइयो । पहिलो त्रैमासिक भित्र सवै ठेक्का व्यबस्थापन हुन नसकेको कारण आर्थिक बर्षभित्र कार्य सम्पन्न हुन नसकेको देखिन्छ । समयमै ठेक्का बन्दोबस्त सम्बन्धी कार्य सम्पन्न गर्नुपर्दछ ।

१०७ **लागत अनुमान र दर रेट :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(५) मा लागत अनुमान तयार गर्दा दर रेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने र उपलब्ध नभए नजिकैको सरकारी कार्यालय वा सरकारी स्वमित्व भएको संस्थाले तोकेको दरभाउ वा उद्योग बाणिज्य संघले दिएको दरभाउका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित योजनाहरुको लागत अनुमान तयार गर्दा पाँचथर जिल्लाको दररेटमा फिदिम देखिको ढुवानी भाडा थप गरी लागत अनुमान तयार गरेको देखिन्छ।यस पालिकाले खरिद गरेका तथा उपभोक्ता समितिले पेश गरेका विलहरु परीक्षणगर्दा अधिकांश झापा र मोरङबाट खरिद तथा ढुवानी भएका विलहरु पेश भएको देखियो । मिक्लाजुङ्ग गाउँपालिकाको पहुँच समेत झापा र मोरङसँग रहेको देखिएकाले पालिकाले फिदिमको दररेटमा ढुवानी जोड्दा लागत ज्यादै महङ्गो पर्न गएको देखियो । खरिद कार्य झापा र मोरङबाट हुने तर ढुवानी फिदिमको दरले निर्धारण गर्दा योजनाको लागत बढ्न गइ पालिकालाई थप व्यभार पर्न गएको देखियो । यस पालिकाले दररेट निर्धारण गर्दा झपा तथा मोरङ जिल्लाको दररेटमा मिक्लाजुङ्ग गाउँपालिकासम्मको ढूवानी खर्च जोडेर लागत निर्धारण गरी सार्वजनिक निर्माण खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१०८ **कन्टिजेन्सी खर्च:**

पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । यो वर्ष कुल रु.१२ लाख ८० हजार कन्टिजेन्सी खर्च गरेकोमा कार्यालय सामाग्री खरिद, दैनिक भ्रमण भत्ता, इन्धन लगायतमा रु.६ लाख ११ हजार चालु कार्यक्रममा मात्र खर्च गरेको देखियो। उक्त खर्चगर्दा कन्टीजेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरेको देखिएन।कार्यविधि तयार गरी कार्यविधि बमोजिम कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ ।

१०९ **संघीय समपुरक अनुदानः**

समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन ) कार्यविधि, २०७७ को बुँदा ६ मा नेपाल सरकारले समितिले छनौट गरेको आयोजनामा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम अनुदान प्रदान गर्न सकिने उल्लेख छ। पालिकाले यो बर्ष संघिय समपुरक अनुदानवाट २ वटा योजनाको लागि रु.२ करोड बजेट प्राप्त गरेको मध्ये समपुरक अनुदानवाट रु. १ करोड ८२ लाख ५३ हजार ६२१ खर्च गरेको देखिन्छ ।सो खर्च भएको रकमबाट पालिकाले लागत साझेदारी व्यहोरेको देखिएन। यसरी लागत साझेदारी व्यहोर्नुपर्नेमा संघीय समपुरक अनुदानको श्रोतवाटमात्र खर्च लेखेको कार्यविधि सम्मत्त देखिएन। समपुरक अनुदानवाट मात्रै खर्च गरेकोले पालिका श्रोतवाट ५० प्रतिशत साझेदारी नगरी संघीय सरकार तर्फ बढी खर्च लेखेको दुर्दिम्वा स्वास्थ्य चौकी भवन निर्माण तर्फ रु. ६०,६५,३५४।- र कृषि सडक स्तरोन्नती तर्फ रु.५०,००,०००।- समेत जम्मा रु.१,१०,६५,३५४ को श्रोत मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु...

| योजनाको विवरण | समपुरक अनुदान | यो बर्षको योजनाको कुल खर्च | ५० प्रतिशत साझेदारीले हुने रकम | समपुरक अनुदानवाट फिर्ता | बढी खर्च गरेको |
|---|---|---|---|---|---|
| दुर्दिम्वा स्वास्थ्य चौकी भवन निर्माण | १०००००००० | ४३७५८९४ | २१८७९४७ | १७४६३७९ | ६०६५३५४ |
| कृषि सडक स्तरोन्नती | १०००००००० | १०६०३१२४ | ५०००००० | ० | ५०००००० |
| जम्मा | १,००,००,००० | १,४९,७९,०१८ | ७१,८७,९४७ | १७,४६,३७९ | १,१०,६५,३५४ |
| | | | | प्रमाण पेश नगरेको | १,१०,६५,३५४ |

११० **कृषि सडक स्तरोन्नती, ग्याबिन जालि तथा कज वे निर्माणः**

पालिकाले कृषि सडक स्रतरोन्नती, ग्याबिन जालि तथा कज वे निर्माणका लागि ठेक्का नं NRM/NCB/WORKS-2/2080/81 मार्फत निर्माण व्यवसायी श्री बालर्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लिसँग रु.३४०८८०८.६२ (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।०१। ३० भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।०९।०२ मा सम्झौता भएको देखियो।पालिकाले यो भेरियशन सहित प्रथम र दोस्रो तथा अन्तिम बिल समेतको रु.३९५२८४७.३९ भुक्तानी गरेको छ।यस सम्बन्धमा भएका देखिएका व्यहोरा अनुसार छन् :

११०.१ **भेरिएशन**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कुम्फु दोभानदेखि झाक्री झरनासम्मको कृषि सडक खण्डको शुरुमा ४ मिटरको चौडाईमा स्तरोन्नती गर्ने गरी लागत अनुमान स्वीकृत गरी सम्झौता भएकोमा मिति २०८०।१२।०६ मा गाउँपालिकाका अध्यक्षबाट २३.२६ प्रतिशतको भेरिएशन स्वीकृत गरी कार्य गरेको देखियो ।शुरु सम्झौता अनुसार १०५८० मिटरको सडक स्तरोन्नती गर्ने उल्लेख भएकोमा भेरिएशनबाट चौडाइ बढेको कारण जनाई ५९२० मिटर मात्रै कार्य गरेको देखिन्छ। शुरु सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न सकिने सडकको चौडाइ जस्ता विषयमा समेत भेरिएशन गरी रु.५,४४,०३८।- लागत बृद्धि गरेको उपयुक्त देखिएन। सम्झौता गरिसकेपछि सडकको डिजाइन अर्थात चौडाइ परिवर्तन गरी भेरिएशन स्वीकृत गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

११०.२ **बढी परिमाणको दर :** पालिका र निर्माण व्यावसायीबिच भएको खरिद सम्झौताको जी.सी.सी ४५.१ मा सम्झौतामा उल्लेखित कुनै आइटममा सम्झौता रकमको २ प्रतिशत र सम्बन्धित परिमाण २५% बृद्धि भएमा शुरु १२५ प्रतिशतसम्म सम्झौताकै दरमा र सोभन्दा

माथिको परिमाणमा दर विश्लेषण तथा निर्माण व्यावसायीसँग रेट नेगोसेसन गरी कार्य गराउन सकिने उल्लेख छ।पालिकाले All types of rock काट्ने कार्यको शुरु परिमाणमा २३१.५ र सम्झौता रकमको २.४१ प्रतिशतले थप वृद्धि भएको देखियो ।उक्त आइटमको पालिकाले स्वीकृत गरेको शुरु लागत अनुमानमा उल्लेखित आइटमको प्रति घ.मि. रु.११३.३१ रहेको मा निर्माण व्यावसायीले कबोल गरेको दर आइटमको प्रति घ.मि. रु.२५० रहेको देखियो । पालिकाको लागत अनुमान भन्दा बढी दर भएको उल्लेखित आइटमको दर घटाएको देखिएन ।थप भएको परिमाण समेत १२५ प्रतिशसम्म शुरु दरमै कार्य गराउन सकिने भए पनि थप परिमाणको समेत बढी दरले भुक्तानी दिएर थप व्ययभार पारेको उपयुक्त देखिएन । शुरु सम्झौताको १२५ प्रतिशत परिमाण भन्दा बढी ५७४ घ.मि को लागत अनुमान भन्दा बढी दर रु.१३६.६९ ले हुने १३ प्रतिशत मूल्य अभिवृद्धि कर समेत जम्मा रु.८८,६६०।- असुल गर्नु पर्ने रु...

| आइटम | लागत अनुमानमा उल्लेखित दर | कबोल दर | सम्झौताको परिमाण | थप कार्य समेतको परिमाण | १२५ प्रतिशत सम्मको परिमाण | १२५ प्रतिशत भन्दा बढीको परिमाण | बढी हुने रकम |
|---|---|---|---|---|---|---|---|
| All types of rock | ११३.३१ | २५० | २७७.५ | ९२० | ३४६ | ५७४ | ७८४६० |
| मूल्य अभिवृद्धि कर | | | | | | | १०२०० |
| जम्मा | | | | | | | ८८६६० |

| असुल गर्नुपर्ने | ८८,६६० |
|---|---|

११०.३ **एज विल्ड नक्सा :** सम्झौताको जि.सि.सी ७१.२ मा उल्लेख भएको एज विल्ड नक्सा पेश गर्नु पर्ने र पेश नगरेमा रु.१०,०००।- भुक्तानी दिन नमिल्ने व्यवस्था छ ।पालिकाले गो.भौ. ५७-२०८१।०३।०१२ बाट अन्तिम बिल भुक्तानी गर्दा बालर्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि ले एज विल्ड नक्सा पेश नगर्दा समेत रु.१०,०००।- भुक्तानी रोक्का नराखेको तथा प्रभोज्नल समबाट एज विल्ड नक्सा बापत रु.५,०००।- समेत भुक्तानी गरेको देखिएकाले रु.१५,०००।- सम्बन्धितबाट असुल गर्नु पर्ने रु...

| असुल गर्नुपर्ने | १५,००० |
|---|---|

१११ **६ नं वडा कार्यालय भवन निर्माणः**

पालिकाले ठेक्का नं NRM/NCB/WORKS-21/2077/78 को ६ नं वडा कार्यालय भवन निर्माण गर्न निर्माण व्यवसायी श्री चाँगे निर्माणसँग रु.८१,५३,९७७।२७ (मूल्य अभिवृद्धी कर समेत) मा १४ महिना भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।०३।२७ मा सम्झौता भएको देखियो।पालिकाले यस वर्षसम्म तेस्रो रनिङ समेतको रु.४१,१२,६६५।५८ भुक्तानी गरेको देखियो।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

१११.१ **सम्झौताको अवधिमा पेश्की कट्टी नगरेको :** कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको कन्डिसन आप कन्ट्रयाक्टको जीसीसी ५७.३ मा भुक्तानी ३० प्रतिशत नाघे पश्चात् रनिङ्ग विल भुक्तानीको २० देखि ४० प्रतिशत सम्मका दरले सम्झौता अवधिको ८० प्रतिशत समयभित्र पेश्की फर्स्यौट गरी सक्नुपर्ने उल्लेख छ। पालिकाले १४ महिना अर्थात २०७९।०५।२७ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।३।२७ मा सम्झौता गरेको देखियो। शुरु सम्झौताको समय व्यतित भएको १.५ वर्ष व्यतित भएको अवस्थामा समेत निर्माण व्यावसायीलाई दिएको रु.१,४०,०००।- पेश्की मध्ये कट्टी नभई रु.७,००,०००।- बाँकी देखिएको तथा नेपाल वैङ्क लिमिटेडको APG062840010 जमानतको म्याद समेत २०८१ असार १४ समाप्त भएको देखिएकाले ब्याज समेत हिसाब गरी असुल गर्नुपर्ने रु...

| असुल गर्नुपर्ने | ७,००,००० |
|---|---|

१११.२ **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ। त्यस्तै सम्झौताको सामान्य शर्त जि.सी.सी को ५१.१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले

कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य गराउनुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित निर्माण व्यावसायीलाई शुरु सम्झौता अवधिमा कार्य सम्पन्न हुन नसकेको कारण पटक पटक गरी मिति २०८०।१२।३० सम्म म्याद थप गरेकोमा सो अवधिमा समेत कार्य सम्पन्न गरेको देखिएन।निर्माण व्यवसायीको ढिलाईको कारणले कार्य सम्पन्न हुन नसकेको उक्त ठेक्काको सम्झौता रकम रु.७२,१५,९०९।-(मूअकर बाहेक) को १० प्रतिशतका दरले हुने रु.७,२१,५९०।- पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य सम्पन्न गर्नु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२१,५९० |

११२ **सडक स्तरोन्नती , कल्भर्ट निर्माणः**

पालिकाले MRM/NCB/WORKS-3/2080/81 को सडक स्तरोन्नती तथा कल्भर्ट निर्माण कार्य गर्न निर्माण व्यवसायी श्री अभिनय / रियान्स जे भी रु.१,०५,२७,८२२।७३ (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।०३।२४ भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।०९।२४ मा सम्झौता गरी यस वर्ष अन्तिम बिल सम्म रु.१,०६,०३,१२४।- (भेरिएसन समेत) भुक्तानी भएको छ।यस सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन:

११२.१ **साइट क्याम्प सञ्चालन खर्च :** सार्वजनिक लेखा समितिबाट २०६९।१।८ मा निर्माण कार्यको बिल अफ क्वान्टिटिमा सवारी साधनको भाडा, साईट अफिस भाडा जस्ता निर्माण कार्यसँग असम्वन्धित खर्च समावेश नगर्ने र लागत अनुमान वृद्धि नियन्त्रण गर्ने नीति बनाउने निर्देशन भएको छ। त्यस्तै कोशी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ मा अनावश्यक खर्चमा नियन्त्रण गर्ने उल्लेख छ। पालिकालले सो निर्देशन अनुकूल नहुने गरी यस योजनामा लेबर क्याम्प तथा साइट अफिस सञ्चालन खर्च बापत गो.भौ. ४०-२०८१।०३।२४ बाट अन्तिम बिल भुक्तानी गर्दा रु.१,००,००० भुक्तानी दिएको देखियो ।उक्त साइट अफिस पालिका नजिकै योजना स्थलमा आवश्यकता समेत नहुने देखिन्छ। योजनाको विल अफ क्वान्टिको पी.एस आइटम अन्तर्गत समावेश गरी लेबर क्याम्प तथा साइट अफिस सञ्चालन खर्च वापत भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

११२.२ **एज विल्ड नक्सा** : सम्झौताको जि.सी.सी ७१.२ मा उल्लेख भएको एज विल्ड नक्सा पेश गर्नु पर्ने र पेश नगरेमा रु.५०,०००।- भुक्तानी दिन नमिल्ने व्यवस्था छ ।पालिकाले गो.भौ. ४०-२०८१।०३।२४ बाट अन्तिम बिल भुक्तानी गर्दा श्री अभिनय / रियान्स जे भी एज विल्ड नक्सा पेश नगर्दा समेत रु.५०,०००।- भुक्तानी रोक्का नराखेको तथा प्रभोजनल समबाट एज विल्ड नक्सा बापत रु.२,०००।- समेत भुक्तानी गरेको देखिएकाले रु.५२,०००।- सम्बन्धितबाट असुल गर्नु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,००० |

११३ **बढी भुक्तानीः**

किसान सूचिकरण कार्यक्रम कार्यन्वयन विधि,२०७७ दफा को २० मा सहजकर्ताले प्रत्येक किसानको वयक्तिक विवरण तथा कृषि तथ्याङ्क संकलन गरी सूचना प्रणालिमा प्रविष्ट गरेवापत प्रति घरधुरी रु ७५ का दरले खर्च पाउने उल्लेख छ। पालिकाले गो.भौ.नं. मिति ५३४-२०८१।०३।१९ बाट निम्नानुसारका सहजकर्तालाइ नर्म्स भन्दा बढी भुक्तानी गरेको पाइयो । नर्म्सको पालना नहुनु यसको कारण हो । यसबाट कार्यालयलाई बढी व्ययभार परेको देखिन्छ । यसरी बढी भुक्तानी रकम सम्वन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| सिन | सहजकर्ताको नाम | सूचिकर सङ्ख्या | भुक्तानी दर | हुनुपर्ने दर | बढी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | हरि प्रसाद फियाक | ५४९ | १०० | ७५ | २५ | १३७२५ |
| २ | जितेन्द्र राई | १२८ | १०० | ७५ | २५ | ३२०० |
| ३ | विशाल लिम्वु | १२८ | १०० | ७५ | २५ | ३२०० |
| ४ | विशाल लिम्वु | ११९ | १०० | ७५ | २५ | २९७५ |
| ५ | जानुका गुरुङ | १७ | १०० | ७५ | २५ | ४२५ |
| | जम्मा | | | | | २३५२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,५२५ |

११४ **पोशाक भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ दफा (३९) १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले पोशाक भत्ता वितरण गर्दा दोहोरो नहुनेगरी एक बर्ष कार्य गरेपश्चात चैत्र महिनामा वितरणगर्नु पर्दछ। पालिकाले राजिनामा दिइ अन्यत्र गाउँपालिकामा गएका देहाय बमोजिको कर्मचारीलाई महिना नपुगि पोसाक भत्ता वितरण गरेको पाइयो। यसरी बढी भुक्तानी रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| सिन | कर्मचारीको नाम | राजिनामा मिति | गएको पालिका | रकम |
|---|---|---|---|---|
| १ | गोविन्द महतो | २०८०।१२।२५ | मिकुवाखोला गाउँपालिका | १०००० |
| | जम्मा | | | १०,००० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रु **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

११५ **हाट बजारः**

पालिकाले आर्थिक वर्ष २०८०।८१ को मिक्लाजुङ गाउँपालिकाको ८ स्थानमा हाटबजार तथा पटके सवारी साधन करको राजस्व अनुमान रु. ४,४२,४७७।८८(मू अ कर बाहेक) तयार गरी पहिलोपटक मिति २०८०।३।२७ मा सूचना प्रकाशन गरेकोमा यस सम्बन्धि देखिएका बेहोराहरु निम्न अनुसार छनः

११५.१ पहिलो पटक सूचना प्रकाशन गर्दा कुनै पनि बढाबढ दरभाउपत्र दर्ता नभएकोले राजस्व अनुमान घटाई रु. ३,९८,२३० (भ्याट बाहेक) तयार गरी दोस्रो पटक मिति २०८०।४।१२ गते सूचना प्रकाशन गरेको भनि १ मात्र बढाबढ दरभाउपत्र दर्ता भएको आङदेम्बे ट्रेडर्स मिक्लाजुङ वडा नं. २ ले मु. अ. कर बाहेक रु. ४,००,०००.०० मा कवोल गरेको देखिन्छ। तर दोस्रो पटक समाचारपत्रमा सूचना प्रकाशन नगरी पालिकाको नोटिस बोर्डमा मात्र टाँस गरेको छ। जसले गर्दा प्रतिस्पर्धा सीमित भएको देखिन्छ।

११५.२ पालिकाले कवोल अंकको ५० प्रतिशत रु. २,२६,००० (मु अ कर समेत) पालिकाको राजस्व खातामा जम्मा गराई मिति २०८०।५।१ आर्थिक वर्ष २०८०।८१ को हाटबजार तथा सवारी पटके कर संकलनको लागि सम्झौता भएकोमा सम्झौताको बुदा नं ३ मा कबोल अंकको बाँकी ५० प्रतिशतको २०८० फागुन मसान्त भित्र बुझाउनु पर्ने उल्लेख छ। तर बाँकी रकम समयमा नबुझाई मिति २०८१।५। २४ मा रु. १,२६,०००।०० (मु अु कर समेत) मात्र बुझाएको देखिन्छ। तसर्थ पालिकाले नपुग रु. १,००,०००। को १० प्रतिशत रु १०००० व्याज समेत रु ११००००।- असुल गर्नुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१०,००० |

११५.३ पालिकाले सम्झौता गर्दा सम्झौताको बुँदा नं ३ मा कबोल अंकको ५० प्रतिशत बराबरको मिति २०८१ श्रावण मसान्तसम्म म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ। तर पालिकाले कार्य सम्पादन जमानत बेगर नै सम्झौता गरेकोले सम्झौता बमोजिम उठन बाँकी राजस्व जोखिममा परेको छ। पालिकाले सम्झौता बमोजिम उठन बाँकी राजस्व यथाशिघ्र दाखिला गराउने पहल गर्नुपर्ने देखिन्छ।

११५.४ उक्त कबोलकर्ताले कवोल अंकको १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु. ५२००० र १.५ प्रतिशतले हुने रु. ६,०००। समेत रु. ५८,०००। पालिकाको नाममा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गर्नु पर्नेमा नभएकोले मूल्य अभिबृद्धि कर र अग्रिम आयकर जम्मा गर्नुपर्ने रु .

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,००० |

११६ **निकासी करः**

पालिकाले जडिबुटी, जीवजन्तु र स्थानीय उत्पादनको निकासी कर संकलनको लागि रु ७९६४६० को अनुमान तयार गरी प्रथम पटक मिति २०८०।३।२७ मा सूचना प्रकाशन गरेकोमा कुनैपनि बढाबढ दरभाउपत्र पेश हुन नआएकोले दोस्रो पटक रु. ७,०७,९६४।६१ तेसो पटक रु. ५,३०,९७३।४६ र चौथो पटक रु. ४,४२,४७७।८८(मु अ कर बहेक) को संशोधित राजस्व अनुमान तयार गरी मिति २०८०।५।५ मा सूचना प्रकाशन गरेकोमा एक मात्र बढाबढ दरभाउपत्र पेश हुन आएको देखिन्छ । बढाबढ दरभाउपत्र ठेक्काको मु अ कर सहित फाक्तालुङ निर्माण सेवा दमक २ झापाले रु. ५,०१,१३०।- मा कबोल गरेको छ। उक्त निर्माण सेवाले गरेको कबोलको एकमुष्ट रकम बुझएकोले मु. अ. कर बाहेक रु. ४,४३,४७७।८८ को १० प्रतिशतले छुट दिएको छ। सूचना प्रकाशन गर्दा पालिकाले सूचना प्रकाशनमा कवोल अंक एकमुष्ट रुपमा बुझाउँदा १० प्रतिशत छुट हुने विषय प्रकाशन गरेको देखिदैन। साथै विद्यमन अन्य कानुनमा समेत राजश्व छुट दिन मिल्ने व्यवस्था रहेको देखिदैन । तर्सथ छुट दिएको १० प्रतिशत बापतको रकम रु ४४,३४६।८८ असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,३४६ |

११७ **नदीजन्य पदार्थ तथा प्राकृतिक श्रोत :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माट जन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराई ठेक्का व्यवस्थापन गरेको देखिएन। पालिका भित्रका उपभोक्ताले समिति ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको प्रयोग गरेकोमा ले व्यक्ति तथा निर्माण व्यवसायीबाट खरिद गरेको विल तथा भरपाई पेस गरेकोले उक्त स्रोत निःशुल्क प्रयोग भएको अवस्था देखिन्छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुमा प्रदेश कानुन बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।

११८ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप वेहोराहरु देहाय अनुसार छंन् ।

११८.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन,२०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७७, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान

बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु १०,४१,४१,८५१.४१/- बजेट प्राप्त भएकोमा यस पालिकाले रु.१०,४०,८६,८१२।– निकासा गरेको देखियो । सो निकासा रकम मध्ये बैकमा रहेको मौज्दात रु ५५,०३९.४१ बैकबाट फिर्ता गरी पालिकाले बेरुजु खातामा दाखिला गरिसकेको आर्थिक विवरण लेखापरीक्षणमा पेश भएको छ। भत्ता वितरण गर्दा कानुनमा व्यवस्था भए बमोजिम दुई त्रैमासिकमा Reverse Feed / Forward Feed को प्रयोग गरेको छ भने दुई त्रैमासिकमा कोलेनिको EFT मार्फत पठाएको देखियो।

११८.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ तथा विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तीय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तीय संस्था छनौट गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले वडा नं ६ र ७ को लागि कृषि विकास बैक साथै वडा नं ३ र ४ को लागि गुरास फाइनान्स साथै वडा नं १ र २ हिमालन बैकसंग र वडा नं ७ र ८ को सप्तकोशी विकास बैक संग सम्झौता गरी लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी गरेको पाइयो ।

११८.३ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र लाभग्राहीको परिचयपत्र नवीकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई निवेदन दिएपछिको महिनापछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन ।

११९ **लगत कट्टाको अभिलेखः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको वेहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मूल अभिलेख खाता र आर्थिक वर्ष २०८०।८१ को लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन। मूल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मिक्लाजुङ गाउँपालिका, पाँचथर , मिक्लाजुङ गाउँपालिका , पाँचथर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुमन यङ्या | २०७९-१२-२२ | २०८१-७-६ |
| कार्यालय प्रमुख | सन्तोष श्रेष्ठ | २०८१-७-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनोज देउजा | २०७९-१२-२१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,८२५,७५२ | २७,४०८,८१६ | ३०,१७०,५२८ | ० | ० | १,२०३,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६२,६०८,०९६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३९९,७१० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६२,२०८,३८६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४९२४०८६३.५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९५६२७७८७.५ | चालु खर्च | ४५८६०७६९०.७ |
| प्रदेश सरकारबाट अनुदान | २७३०३९५६ | पूँजीगत खर्च | १५५२४५४८३.५५ |
| राजश्व बाँडफाँट | ८५०३७५९९.५ | वित्तीय/अन्य व्यवस्था | २३५२१६६७.२८ |
| आन्तरिक आय | ६३६१४८२.८५ | | |
| अन्य आय | ३९०५१०.० | | |
| कुल आय | ६१४७२१३३५.८५ | कुल खर्च | ६३७३७४८४१.५३ |
| बाँकी मौज्दात | | २६५८७३५७.८२ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।